






तस्बिर : महेश प्रधान

# आयो होली

• सुव्रत आचार्य


देश संविधानसभाको चुनावमा रंगिएको छ। यसैबेला प्रेम, उल्लास, एकता र सद्भावको पर्व फागू अर्थात् होलीले सबैलाई विभिन्न रंगले रंग्याउँदै छ। आज होलीको उत्साह राजधानी तथा पहाडी जिल्लाहरूमा जाग्नेछ। आज दिनभरि अबिर, केशरी आदि रंगमा रंगिएका मानिसहरू जताततै देखिनेछन् भने रंग घोलिएको पानी छ्यापाछ्याप गर्दै भागदौड गरिरहेका युवायुवतीहरूको रमाइलोले सबैमा 'फेस्टिभ मुड' जगाउने पक्का छ। भोलि मधेसमा यसैगरी होली पर्व मनाइँदैछ।

'होली हो', 'ह्याप्पी होली' भन्दै एक-अर्काको गालामा अबिर दलेपछि अंकमाल गरेर शुभकामना दिने, मिठाई तथा परिकार खाँदै, नाच्दै र गाउँदै रमाउने होली पर्व मनाउने शैलीमा धेरै परिवर्तन आइसकेको छ। विशेष गरी सहरी परिवेशमा होलीमा विकृतिले प्रवेश पाएको गुनासो सर्वत्र छ। रंगको साटो मोबिल, केमिकल आदि प्रयोग गर्ने, होली मनाउने बहानामा झैझगडा गर्नेजस्ता विकृति सहरहरूमा पाइन्छ। सञ्चारकर्मी तथा साहित्यकार धीरेन्द्र प्रेमर्षि यसलाई होलीजस्तो उत्साहजनक पर्वको घृणित पक्ष मान्छन्। धनुषाका प्रेमर्षिले मिथिलाको होली सम्झँदै भने- 'मिथिलामा वसन्तपञ्चमीदेखि फागू गाउन थालिन्छ। साँझ परेपछि सबै भेला भएर 'होरी' गाइन्छ, तर बाह्रवर्षे माओवादी जनयुद्धले साँझ भेला हुने कार्य रोकियो। त्यो अवधिका एक पुस्ता उक्त सांस्कृतिक परम्पराबाट वञ्चित रहे। अहिले फेरि मिथिलामा 'होरी' छाएको छ।' 'रंग पनि शुद्ध पाइँदैन। जसले गर्दा छालामा रोग लाग्ने सम्भावना हुन्छ,'- होलीको नाममा छाएको विकृतिका बारेमा संस्कृतिविद् तथा साहित्यकार डा. रामदयाल राकेशले भने। उनले पनि मधेसको होलीलाई यसरी सम्झिए- 'संवत् अर्थात गाउँभरिका कुडा बटुलेर फगुवाको दिन बिहानै आगो लगाइन्छ र बाजागाजासहितको टोलीले घर र चोकमा गै एक-अर्कामा शुभकामना दिँदै रंग लगाएर होली मनाइन्छ।'

**महत्त्व होलीको**

फागुपर्वले धार्मिक एवं सांस्कृतिक महत्त्व बोकेको छ। हिन्दूग्रन्थका अनुसार प्राचीनकालमा राक्षसका राजा हिरण्यकश्यपले आफ्ना छोरा प्रल्हाद्को भगवान् विष्णुप्रतिको भक्ति मन नपरेर उनलाई मार्न आफ्नी बहिनी होलिकालाई अह्राए। आगोले नपोल्ने वरदान पाएकी होलिका आफ्नो काखमा प्रल्हादलाई राखेर आगोको मुस्लोबीच बसेकी थिइन्। भगवान्का अनन्य

बाँकी पृष्ठ १५ मा



# समानताको पर्व फागु

श्यामसुन्दर शशि

जनकपुर–

*'नकबेसरी कागा ले भागा.....हो हो सैया अभागा ना जागा*
*नकबेसरी कागा ले भागा..........'*

फागुको ज्वरो जसरी मैथिलको मनमस्तिष्कमा चढ्दै जान्छ, मैथिल युवायुवतीको रोमाञ्च बढ्दै जान्छ। धार्मिक फागु गीतबाट सुरु भएको फागुको हुडदंग अब उत्कर्षमा पुग्न थालेको छ। वसन्त पञ्चमीदेखि सुरु भएको मिथिलाको फागुको प्रारम्भमा शिव, पार्वती, ग्राम देउता आदिको बन्दना गरिन्छ। त्यस पछि 'भेज' गीतको क्रम सुरु हुन्छ र जब फागुको सुरुर उत्सर्गमा पुग्छ अनि सुरु हुन्छ–ननभेज गीत संगीतको क्रम। पन्ध्र दिने मध्यमा परिक्रमा जब कचनपुर (महोतरी) मा आइपुग्छ अनि फागु गीत ननभेज भएर घन्कन थाल्छन्। फागुको अन्तिम सातादेखि यो क्रम सुरु भैसकेको छ। खासमा युवायुवतीहरू अब स्लील रूपमा प्रस्तुत हुन थालेका छन्। यो गीतले यही संकेत गरेको छ। फागुको महिना भाङ खाएर मस्त निदाएका पति (सैंया) लाई सम्बोधन गर्दै पत्नीले भन्छिन्- 'मेरो नाकको नकबेसरी कागले लिएर भाग्यो तर मेरा श्रीमान् उठ्नुभएन।'

कागजस्तो चरा पनि फागुमा युवतीसँग ठट्टा गर्न चुक्दैन। काग प्रतीक हुन सक्छ युवतीको देवर वा भिनाजुको प्रेमी र मित्रको, जो फागुको मौका छोपी आफ्नी भाउजू वा सालीसँग रंग-रंग गरिरहेछ, तर उसको पति मस्त निद्रामा छ। फागुको अवसरमा मिथिलामा गाइने गीतहरूमध्ये यो गीतलाई नन भेज भन्न सकिँदैन।

बाँकी पृष्ठ १५ मा



साप्ताहिक




सेक्सी नायिका



# बुरा नमानो होली है

*संविधानसभा उद्योगमा अहिले केही नयाँ चलचित्र चर्चामा छन्। चलचित्रले बजार पनि पिटेका छन्। तिनैमध्ये सुपरचर्चामा रहेका केही चलचित्रका सम्बन्धमा केही जानकारी :*

## किन रोइस् मङ्गले आफ्नो ढङ्गले

यो वर्ष ब्लकबस्टर चलचित्र 'किन रोइस् मंगले आफ्नै ढङ्गले' देशभर एकसाथ प्रदर्शन हुँदैछ। चैत २८ गतेपछि रिलिज हुने भनिएको यो चलचित्रमा एकजना व्यापारी एवं गीतकारले देशको शासन आफ्नो हातमा लिएपछि भोल्नुपरेका असफलताहरूलाई कथाको रूप दिइएको छ। यो चलचित्रमा पछाडि कपाल बाँधेका उनकै छोराले उनको सहयोगीको भूमिका निर्वाह गरेका छन्। चलचित्रमा श्रीलंकाबाट दुई वर्षअघि नेपाल प्रवेश गरेका एक डाक्टर, हेटौंडाका मुसा तथा राजधानीका एक जुवाडेले किन्नरको भूमिका निर्वाह गरेका छन्।

## नाम बडे दर्शन छोटे (भोजपुरी)

एक दशक लगाएर तयार पारिएको मारधाडले भरिपूर्ण चलचित्र 'नाम बडे दर्शन छोटे' काठमाडौं क्षेत्र नम्बर १० मा चलिरहेको छ। एक्सन नायक प्रचण्डको प्रमुख भूमिका रहेको यो चलचित्र हेर्न महान् जनतालाई अनुरोध गरिएको छ। यदि दर्शकले चलचित्र हेर्न आनाकानी गरे मुक्का-घुस्सा हानेर भए पनि देखाउने योजना चलचित्र निर्माताहरूको छ। चलचित्रमा सानु श्रेष्ठ, जगत गौचन तथा राजन केसीले खलनायकको भूमिका निर्वाह गरेका छन्। यो चलचित्र अत्यधिक द्वन्द्वका कारण बढी मनोरञ्जक हुने समीक्षकहरू बताउँछन्। यो चलचित्रका नायकले युद्ध पृष्ठभूमिमा आधारित चलचित्र म हिङ हुँ मा पनि अभिनय गरिसकेका छन्।

## छोरीको माया

महान् सामाजिक चलचित्र 'छोरीको माया' ८४ वर्षीय निर्देशकको पछिल्लो चलचित्र हो। यो चलचित्र सुनसरी क्षेत्र नम्बर ५ मा विशेष प्रदर्शन भैरहेको छ भने चलचित्रको विरोधमा प्रदर्शनसमेत भैरहेको छ। यसअघि दुईवटा असफल चलचित्रमा अभिनय गरिसकेका उपेन्द्र यादव खलनायकको भूमिकामा देखिने यो चलचित्रमा उनले नायिकाको चीरहरण गर्ने प्रयास गरे पनि नायिकालाई बचाउने जिम्मा दर्शकमै छोडिएको छ।

## चाहना सत्ता सुन्दरीको

नेपाली कथानक चलचित्र चाहना सत्ता सुन्दरीको भविष्य केन्द्रित चलचित्र हो। यसमा भविष्यमा शक्तिशाली पदमा पुग्ने लालसाका साथ १४ वर्षदेखि संघर्ष गरिरहेका एक जना अधबैंसेको कथा समेटिएको छ। हिटलरी जुँगा, नेपाली टोपी तथा भोजपुरी शैलीमा नायकले सत्ताको चाहमा देखाउने खेल र आतुरता नै यो चलचित्रको मुख्य विषय हो। काठमाडौं क्षेत्र नम्बर २ मा विशेष प्रदर्शन भैरहेको यो चलचित्रमा नायकको सत्ता नामकी प्रेयसी भेट्ने आकांक्षा पनि झल्कन्छ। चलचित्रका नायकमा केटाकेटीपन झल्किए पनि उनले अर्को चलचित्र हिङ बाँधेको टालोमा पनि केन्द्रीय भूमिका निर्वाह गरिसकेका छन्।

# होली व्यंग

## हाम्रो जोडी अमर रहोस्

महान् पारिवारिक चलचित्र 'हाम्रो जोडी अमर रहोस्' राजनीतिलाई कसरी पारिवारिक जागिर बनाउने भन्ने विषयमा केन्द्रित छ। यो चलचित्रमा अनेकौं जोडी कलाकारको रोमान्चक अभिनय हेर्न पाइन्छ। डा. बाबुराम भट्टराई र श्रीमती हिसिला यमी, अमृत बोहरा र श्रीमती अष्टलक्ष्मी शाक्य, शेरबहादुर देउवा र श्रीमती डा. आरजु देउवा, भरतमोहन अधिकारी र श्रीमती अधिकारी आदिले अभिनय गरेको यो चलचित्रका कलाकारमध्ये अधिकारी र देउवा पछिल्ला खेलाडी हुन् भने यिनीहरूमध्ये कतिपयले समानुपातिक र प्रत्यक्ष अनि कतिपयले प्रत्यक्ष भूमिकामा अभिनय गरेका छन्। यो चलचित्र सफल भए उनीहरूका भल्टाङभुल्टुङहरूलाई मनोनीत गरेर भए पनि संविधानसभामा पुऱ्याएर उनीहरूका छोराछोरीको अधिकार रक्षा गर्नुपर्छ भन्ने धारणा चलचित्र समीक्षकहरूको छ।

## वल्ला घरका नरे पल्ला घर सरे

२०४६ को जनआन्दोलनपछि लगातार सफल हुँदै आएका वयोवृद्ध कलाकार गिरिजाप्रसाद कोइरालाद्वारा अभिनीत यो चलचित्र उनले अभिनय गर्दै आएको चलचित्रभन्दा भिन्न छ। यो चलचित्रमा उनी प्रत्यक्ष भूमिकामा देखा पर्दैनन्, यद्यपि उनी यसपटक शतप्रतिशत सफल हुने पक्का छ। प्रत्यक्ष भूमिकाबाट समानुपातिक भूमिकामा सरेका यी वयोवृद्ध कलाकारका लागि यो चलचित्र अन्तिम हुन सक्छ।

## हम नही छोडेंगे

चलचित्र हम नही छोडेंगेलाई एक्सन, कमेडी, दलबदल, रिसराग, जातीय घृणा, बदला, स्वार्थ आदि विषयमा केन्द्रित एक्सन प्याक मुभी मान्न सकिन्छ। विदेशी निर्देशकहरूद्वारा निर्देशित भनिएको यो चलचित्र तराईका थुप्रै हलमा एकसाथ चलिरहेको छ भने यसले चलचित्र 'म हिङ हु' लाई पूरै विस्थापित गरेको बताइन्छ। यो चलचित्रले अरू दुई चलचित्र हिङ बाँधेको टालो तथा जी कम्पनी प्रा. लि. (गिरिजा कम्पनी प्राइभेट लिमिटेड) लाई कति असर गर्ने हो, हेर्न बाँकी नै छ। यद्यपि यो चलचित्रका कलाकारहरू चलचित्रमा आफ्नो भूमिकालाई लिएर आपसमै मारकाट पनि गरिरहेका छन्। हम नही छोडेंगेका कलाकारहरूलाई सत्ता, शक्ति र पैसाका लागि जे पनि गर्न तयार रहेको देखाउने प्रयास भए पनि कलाकारहरूले आफ्नो चलचित्रलाई सामाजिक एवं पारिवारिक चलचित्र बताएका छन्।

## अन्त्यमा दुई चलचित्र

देशभर एकसाथ एक-अर्काका प्रतिस्पर्धीका रूपमा प्रदर्शनमा आएका दुई चलचित्र म हिङ हुँ र हिँङ बाँधेको टालो अहिले चर्चामा छन्। मारघाडले भरिपूर्ण म हिङ हुँ र सामाजिक-पारिवारिक कथामा तयार हिङ बाँधेको टालोमध्ये कसले बढी दर्शक बटुल्ने हुन्, हेर्न बाँकी नै छ। यद्यपि यी दुई चलचित्रको आपसी भिडन्तमा जी (गिरिजा) कम्पनी प्राइभेट लिमिटेडका चलचित्रलाई केही ठाउँमा फाइदा पुग्ने निश्चितजस्तै बताइन्छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

शुत्रबाट सजग रहनुहोला। स्वास्थ्य गडबड रहन सक्छ।समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। खर्च एवं विवाद बढ्नेछ भने आइतबार, सोमबार तथा मंगलबार व्यवसाय बढ्ने, यात्रा हुने एवं मान-सम्मान मिल्ने योग छ। पराक्रम पनि बढ्नेछ। काममा सफलता हासिल हुनेछ।

### वृष

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता हासिल हुनेछ भने मन प्रसन्न रहनेछ। मान-सम्मान मिल्ने तथा आम्दानी बढ्ने योग छ। अरूले विश्वास गर्नेछन्। यात्रा हुनसक्छ। आफन्तहरूबाट सहयोग पाउनुहोला। शत्रुबाट सजग रहनुपर्ने बेला छ। स्वास्थ्यमा ध्यान दिनुहोला।

### मिथुन

आफन्तहरूको उचित सहयोग मिल्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा हुनसक्छ। व्यवसायमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बुधबार तथा बिहीबार शत्रु, रोग एवं चिन्ताले सताउन सक्छ। काम गर्दा गोपनीयता अपनाउनुहोला।

### कर्कट

पराक्रम बढ्नेछ भने काममा सफलता मिल्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता हात लाग्नेछ। आफन्तहरूको सहयोगमा सुधार आए पनि शत्रुले बाधा खडा गर्ने प्रयास गर्नेछन्। गलत विचारले सताउनेछ। विवादतिर अघि नबढ्नु नै उचित हुन्छ। अरूको काममा समय बित्न सक्छ, यद्यपि जस पाउन मुस्किल पर्ला।

### सिंह

समय बलियो छ। बोली प्रभावशाली हुनेछ भने पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूको मन जित्न सकिनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ। यात्रा हुनसक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### कन्या

मान-सम्मान बढ्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। सभा-सम्मेलनमा सहभागिता जनाउन पाइनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। धन आर्जन गर्ने अवसर मिल्नेछ। यात्रा हुनसक्छ। आफन्तहरूको सहयोग जुट्नेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपर्ला।

### तुला

खर्च एवं विवाद बढ्न सक्छ। काममा अवरोध आउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। आइतबारदेखि मान-सम्मान पाइने योग छ। पराक्रम बढ्नेछ भने अधुरा कामहरू पूरा हुँदै जानेछन्। नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता देखिन्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ भने बोलीको प्रभाव बढ्नेछ।

### वृश्चिक

ग्रह-गोचर राम्रा छन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति, बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। आफन्तहरूको सहयोगमा सुधार आउनेछ। अध्ययनमा सफलता हासिल होला। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्।

### धनु

मान-सम्मान मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग जुट्नेछ। अध्ययन तथा व्यवसायमा सफलता हासिल हुनेछ। भेटघाटमा रमाउन पाइएलाजस्तो छ। धन आर्जन हुनसक्छ। बुधबार तथा बिहीबार खर्च एवं विवादले सताउन सक्छ।

### मकर

उदासीनता एवं नैराश्यता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। स्वास्थ्य गडबड रहन सक्छ। कुरा काट्नेहरू सक्रिय रहने भए पनि शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ। मन प्रसन्न रहनेछ। मान-सम्मान मिल्नेछ। व्यवसायमा सुधार आउनेछ। शत्रु पराजित हुनेछन्।

### कुम्भ

स्वास्थ्य गडबड रहन सक्छ। मन दुविधाग्रस्त हुनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। रिसको वेग बढ्नेछ। व्यवसायमा उतारचढाव आउन सक्छ। सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ भने काममा सुधार आउनेछ। प्रसन्नता बढ्नुका साथै मान-सम्मान प्राप्त हुने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।काम गर्दा संयम अपनाउनुहोला।

### मीन

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। सुरुमा मन प्रसन्न होला। काममा सफलता मिल्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। खर्च एवं विवादले सताउनुका साथै भूटा आरोप पनि लाग्नसक्छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

## यो साताको पञ्चाङ्ग

चैत ८ गते : पहाडी क्षेत्रमा फागु, विश्व निद्रा दिवस, विश्व जातीय उत्पीडनविरुद्धको संघर्ष दिवस, ९ गते : तराई क्षेत्रमा फागु, विश्व पानी दिवस, १० गते : विश्व मौसम दिवस, ११ गते विश्व क्षयरोग दिवस, १४ गते : विश्व रंगमञ्च दिवस ।

## साता संक्षेप

**चैत १ गते शुक्रबार**

• नेपाली कांग्रेसद्वारा घोषणापत्र जारी, शक्तिशाली प्रधानमन्त्रीसहित संघीय राज्यव्यवस्थाको सिफारिस, परराष्ट्र, मुद्रानीति तथा सुरक्षाकेन्द्रको मातहतमा ।

• सुनसरी क्षेत्र नम्बर ५ मा कांग्रेस उम्मेदवार सुजाता कोइराला तथा विद्रोही तरुण दलका ताबिल अन्सारी समर्थकबीच झडप, ६ जना घाइते ।

**चैत २ गते शनिबार**

• पर्वतको सल्यान गाउँमा विवाहको भोज खाएका दुई सय गाउँले बिरामी, खानामा विषादी मिसिएको चिकित्सकको आशंका ।

• जनमोर्चा नेपालको घोषणापत्र जारी, माओवादीजस्तै कार्यकारी राष्ट्रपति हुने प्रस्ताव ।

• निर्वाचन आयोगको दबाबपछि दोस्रो चरणको सुरक्षा व्यवस्था लागू, नेपालका १ सय ५० क्षेत्रमा आपत्कालीन सुरक्षा व्यवस्था ।

**चैत ३ गते आइतबार**

• संयुक्त रूपमा मधेस आन्दोलन गरिरहेका तीनवटा मधेसवादी दलबीच संविधानसभा निर्वाचनमा तालमेल गर्ने सहमति, ७५ क्षेत्रमा तालमेल हुने ।

• निर्वाचन आयोगद्वारा नेपाल टेलिभिजन तथा रेडियो नेपालमा निःशुल्क रूपमा चुनावी प्रचार गर्ने व्यवस्था, साना दललाई पनि उत्तिकै महत्त्व दिने ।

• नेपाली कांग्रेसले पेस गरेको समानुपातिक सूची सार्वजनिक ।

• लोडसेडिङकै कारण नेपाल टेलिकमका ६० वटा बेस स्टेसन राख्न नसकिएको जानकारी ।

• कोरिया जान चाहनेहरूले परीक्षाको फर्म भरे, पहिलो दिनमै १२ हजार ५ सय परीक्षार्थी ।

**चैत ४ गते सोमबार**

• एसएलसी परीक्षा प्रारम्भ, ३ लाख ७९ हजार ३ सय ७७ विद्यार्थी सामेल ।

• मधेसी जनाधिकार फोरमको घोषणापत्र सार्वजनिक ।

• देशका विभिन्न स्थानमा माओवादी हस्तक्षेप जारी, कांग्रेस तथा एमालेद्वारा आफ्नो व्यवहार सच्याउन माओवादीका शीर्ष नेतालाई आग्रह ।

**चैत ५ गते मंगलबार**

• भारतको पञ्जावमा काम गरी फर्किएका तीन नेपालीको नेपाल-भारत सीमामा हत्या, कमाएको सबै रकम लुटिएको भारतीय प्रहरीको खुलासा ।

• निर्वाचन आयोगद्वारा दलहरूको बन्दसूची सार्वजनिक, ५४ दललाई मान्यता ।

• नेपाल आयल निगमको घाटाको नयाँ रेकर्ड, मासिक झन्डै १ अर्ब घाटा ।

**चैत ६ गते बुधबार**

• सर्वोच्च अदालतद्वारा राष्ट्रबैंकका निलम्बित गभर्नर विजयनाथ भट्टराईले भ्रष्टाचारको कसुर गरेको ठहर, ३३ लाख जरिमाना ।

• डडेलधुरामा बस दुर्घटना, ५ को मृत्यु, ३० भन्दा बढी घाइते ।

• तिब्बतमा भएको हिंसाका कारण नेपाल-चीन सिमामा कडाइ, व्यवसायीहरू मारमा ।

• नेपाल सद्भावना पार्टीको घोषणापत्र सार्वजनिक ।

# निर्वाचन-प्रक्रियामा अन्मिनको भूमिका

**इयान मार्टिन**

संविधानसभाको निर्वाचन अब सही बाटोमा आइसकेको छ । समयमै निर्वाचन गर्ने परिस्थिति सिर्जना गर्न स्वीकारयोग्य राजनैतिक सम्झौतामा पुग्न प्रयास गर्ने काममा सम्बद्ध सबैको म पुनः एकपटक सराहना गर्छु । हालसालैको कठिन परिस्थितिमा पनि अन्मिन निर्वाचन-प्रक्रियालाई सहयोग पुर्‍याउने आफ्नो कार्यादेशमा केन्द्रित रह्यो । अब म अन्मिनका दृष्टिमा अबका सातामा समाधान गरिनुपर्ने चुनौती के-के हुन्, स्वतन्त्र एवम् निष्पक्ष निर्वाचनको परिस्थिति निर्माणमा सहयोग पुर्‍याउन अन्मिनले के गरेको छ र चुनाव सम्पन्न गराउन निर्वाचन आयोगलाई के-कस्तो सहयोग पुर्‍याइएको छ भन्ने विषयमा केही बताउन चाहन्छु ।

अबचाहिँ सबै राजनैतिक दलले मुलुकको जुनसुकै भागमा प्रचारप्रसार गर्न पाउने र नेपाली जनताले कुनै डर-धाक-धम्कीबिना मतदान गर्न पाउने परिस्थितिमा निर्वाचन हुन सकोस् भनेर ध्यान केन्द्रित गरिनुपर्छ । अझै पनि असन्तुष्ट रहेकाहरूसँग वार्ताका लागि निरन्तर प्रयास हुनुपर्छ, तर आफ्ना असन्तुष्टिका कारण हिंसात्मक क्रियाकलाप गर्ने वा निर्वाचन-प्रक्रियालाई बिथोल्न खोज्ने कुनै पनि समूहप्रति अन्तर्राष्ट्रिय समुदायको कुनै सहानुभूति रहने छैन ।

अन्मिनले शान्ति-प्रक्रियालाई सहयोग गर्न अनुरोध गरिएबमोजिमका कामलाई कार्यान्वयन गरिरहनेछ । साथै अन्मिनले विश्वसनीय निर्वाचनको परिस्थिति निर्माण एवम् निर्वाचनको चरणबाट संविधान निर्माणको चरणमा सहज रूपान्तरणका लागि आफ्ना गतिविधि र क्रियाकलापलाई केन्द्रित गरेको छ ।

हतियार अनुगमनको क्षेत्रमा, शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूको दर्ता र प्रमाणीकरणको काम सकेपछि अन्मिनले संयुक्त अनुगमन समन्वय समितिसमेतका माध्यमबाट निर्वाचनका अवधिमा तोकिएको स्थानमा रहने एवं हतियार अनुगमन गर्दै विस्तृत शान्ति-सम्झौता एवं हतियार अनुगमन सम्झौताको पूर्ण सम्मान गर्ने विषयमा नेपाली सेना र माओवादी सेनासँग छलफल गरिरहेको छ । हामी माओवादी सेनाको नेतृत्वसँग शिविर क्षेत्रमा अनुगमनको सुदृढीकरणका बारेमा पनि छलफल गरिरहेका छौं । नेपाली सेनासँग पनि सम्झौता अन्तर्गत अनुमति दिइएका गतिविधि सञ्चालन गर्न निर्धारित कार्यविधिको अनुसरण गर्ने विषयमा छलफल गरिरहेका छौँ । यी प्रतिबद्धताको कठोर पालना अनुगमन संयन्त्रको इमान्दारिता जोगाउन तथा त्यसले प्रोत्साहित गर्ने राजनैतिक विश्वासको सम्बर्धन गर्नु पनि महत्त्वपूर्ण छ । यससँगै प्रमाणीकरणपछि नाबालकसहित शिविरमा बस्न योग्य नठहरिएकाहरूको यथाशीघ्र सम्मानपूर्वक बिदाइका लागि हामी सरकार र माओवादी सेनाको सहकार्यको प्रतिक्षामा छौं ।

> ‘युद्धविराम आचारसंहिता र विस्तृत शान्ति-सम्झौताको अनुगमनमा सहायता पुर्‍याउन राष्ट्रिय तथा क्षेत्रीय दुवै तहमा अन्मिनले काम गरिरहेको छ । स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि परिस्थिति निर्माण गर्न सबै राजनैतिकर्मीको असल तथा भरोसापूर्ण प्रयत्नको आवश्यकता पर्छ । सबै महत्वपूर्ण पक्षहरूको सहकार्य रहेन भने कानुन कार्यान्वयनका प्रयासले मात्र यस्तो परिस्थिति निर्माण गर्न सकिँदैन ।’

मङ्सिरको चुनाव स्थगित भएपछि अन्मिनको निर्वाचनसम्बन्धी सल्लाहकारको भूमिका न्यून भएको हो । हाल अन्मिनले आफ्ना निर्वाचन सल्लाहकार कर्मचारीहरूलाई पुनः पूर्ण रूपमा परिचालित गरी निर्वाचन आयोगको कार्यादेशका सबै क्षेत्रमा आयोगसित निकट सहकार्य गरिरहेको छ । अहिले हाम्रा निर्वाचन सल्लाहकारहरू देशभर परिचालित छन् ।

युद्धविराम आचारसंहिता र विस्तृत शान्ति-सम्झौताको अनुगमनमा सहायता पुर्‍याउन राष्ट्रिय तथा क्षेत्रीय दुवै तहमा अन्मिनले काम गरिरहेको छ । स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि परिस्थिति निर्माण गर्न सबै राजनैतिकर्मीको असल तथा भरोसापूर्ण प्रयत्नको आवश्यकता पर्छ । सबै महत्त्वपूर्ण पक्षहरूको सहकार्य रहेन भने कानुन कार्यान्वयनका प्रयासले मात्र यस्तो परिस्थिति निर्माण गर्न सकिँदैन । अन्मिनका क्षेत्रीय कार्यालयहरू तथा घुम्ती टोलीमार्फत उनीहरूको देशव्यापी उपस्थितिका कारण सफल निर्वाचनका चुनौतीहरू के-के हुन् र त्यो सफलता हासिल गर्न के गर्नुपर्छ भन्ने कुरा हामीले अझ स्पष्टसँग बुझेका छौं । नेपालस्थित मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले समानान्तर रूपमा मुलुकभरको अवस्थाको अनुगमन गर्ने र त्यसको विषयमा जानकारी प्रदान गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यो भूमिका निर्वाचन-प्रक्रियाका लागि बढ्दो र प्रत्यक्ष रूपमा सान्दर्भिक छ । हामी सम्बन्धित सबैलाई हाम्रा निष्कर्ष, मूल्याङ्कन र सुझावहरूका बारेमा जानकारी दिँदै जानेछौं ।

निर्वाचन सुरक्षा यो प्रक्रियाको महत्त्वपूर्ण अंश हो भन्ने कुरामा निर्वाचन आयोगले बारम्बार जोड दिइरहेको छ । नेपालको चौथो भ्रमण गरेको राष्ट्रसंघीय निर्वाचन विशेषज्ञ टोलीले पनि यो कुरामा जोड दिएको छ । राजनैतिकर्मीहरूले कानुनी तवरबाट पक्राउ परेका व्यक्तिहरूलाई आवश्यक कारबाही पूरा हुनुभन्दा पहिले नै रिहाइको माग गर्नु हुँदैन । सुरक्षाका लागि आवश्यक राजनैतिक सहकार्यभित्र यो कुरा पनि पर्छ ।

निर्वाचनलाई एउटा सफल प्रजातान्त्रिक अभ्यास बनाउन सबै लोकतान्त्रिक शक्तिहरूले मिलेर काम गर्न अत्यावश्यक छ । यसका लागि अल्पकालिक राजनैतिक स्वार्थहरूबाट मुक्त भएर साझा हितका लागि काम गर्दै स्वच्छ व्यवहारका सिद्धान्त र सबैलाई समान राजनैतिक स्थान चाहिन्छ भन्ने कुराप्रति आदरभाव आवश्यक पर्छ । मुलुकका विभिन्न भागबाट आचारसंहिताको उल्लङ्घन भएका समाचारहरू दिनहुँ आइरहेका छन् । यस्ता कुरा नियन्त्रण नगरिए त्यसबाट निर्वाचन एवम् मतदाताको स्वतन्त्रतामा नै असर पर्ने निश्चित छ । त्यसैले हिंसा, धाक-धम्की एवम् अर्काको कार्यक्रममा अवरोध खडा गर्नेजस्ता कामलाई यथासम्भव छिटो नियन्त्रण गर्न आवश्यक छ । यसका साथै मतदानका क्रममा, त्यसअघि र पछि पनि अप्रजातान्त्रिक व्यवहारलाई रोक्न आवश्यक कदम पहिले नै चालिनुपर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू नेपालमा यसअघि कहिल्यै



नभएको तरिका यो निर्वाचनलाई अवलोकन गर्नेछन् ।

नेपाल अहिले आफ्नो लोकतान्त्रिक रूपान्तरणका क्रममा २०६२/६३ को जनआन्दोलनमा नेपाली जनताले व्यक्त गरेको चाहनाको ऐतिहासिक प्राप्तिको एकदम नजिक छ । स्वतन्त्र र निष्पक्ष निर्वाचनका माध्यमबाट निर्वाचित समावेशी संविधानसभाले यो विविधतापूर्ण मुलुकको भविष्य निर्धारण गर्नेछ र शान्ति एवं विकासका चुनौतीहरूलाई सम्बोधन गर्न सरकारलाई आवश्यक वैधता पनि प्रदान गर्नेछ । यो प्रक्रियामा सहयोग पुर्‍याउन अन्मिन र समग्र संयुक्त राष्ट्रसंघले अनुरोध गरिएबमोजिमका आवश्यक भूमिका निरन्तर निर्वाह गर्नेछन् ।

*नेपालका लागि राष्ट्रसंघीय मिसनका प्रमुख मार्टिनद्वारा गत साता काठमाडौंमा पत्रकारहरूका सामु दिइएको मन्तव्य ।*

सम्पादकीय

# प्रेम र सद्भावको प्रतिक

आज र भोलि नेपालमा होली अर्थात् फागुपर्व मनाइँदैछ। रंग र अबिरको पर्व होलीलाई शास्त्रीय मान्यताअनुसार वसन्त आगमनको प्रतीक पनि मानिन्छ। होली पर्वसँगै चिसोले कठाङ्ग्रिएका बोट–बिरुवाले पनि नयाँ पालुवा हाल्छन्। वसन्तले मानिसको जीवनमा नयाँ उमंग सञ्चार गर्छ। यस्तो महत्त्वपूर्ण ऋतु प्रारम्भ भएको खुसीमा मानिसहरू पनि सबै किसिमका दुःख, कष्ट, वादविवाद बिर्सेर मित्रतालाई अझ दरिलो बनाउन प्रेम र सद्भावको प्रतीकका रूपमा होली मनाउँछन्। झट्ट हेर्दा होलीमा रंग र अबिर खेलिए पनि त्यसको अर्थ मानिसको जीवनमा खुसीका रंगहरूले प्रवेश पाऊन् र ती रंगहरू गाढा भएर मानिसलाई जीवनपर्यन्त साथ दिऊन् भन्ने नै हो।

यो वर्ष हामीकहाँ होली पर्व संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा परेको छ। संविधानसभा निर्वाचनका लागि अहिले अनेकौं राजनैतिक दल तथा तिनका कार्यकर्ताहरू मतदाता (जनता)को घरदैलोसम्म पुगिरहेका छन्। उनीहरू आफ्नो राजनैतिक आस्थाका लागि जनतासँग मत मागिरहेका छन्। यस्तो बेला विभिन्न राजनैतिक दलहरूबीच एक–अर्काप्रति वैमनश्यता र तुष हुनु स्वाभाविक हो। हाम्रा राजनैतिक दलहरूमा व्याप्त यस्तो वैमनश्यतालाई होली पर्वले कम गर्ने छ भन्ने आशा अहिले गर्न सकिन्छ। मित्र मित्र नै हुन्छ, शत्रुलाई पनि मित्र बनाउने, सबैप्रति सद्भाव जनाउँदै प्रेम र स्नेह बाँड्ने पर्वका रूपमा रहेको होली पर्वले हामी नेपालीलाई एक–अर्काप्रति विश्वास र प्रेम गर्न सिकाउने मात्र नभै विश्वशान्तिका लागि पनि अपिल गर्ने छ भन्ने आशा हामी सबैले गरौं।

होलीका अवसरमा प्रेम र सद्भावलाई आजभोलि उच्छृंखलता र अराजकताले ओझेलमा पार्दै गएको छ। यो बेला मानिसहरू अरूलाई होच्याउन र आफू पानीमाथिको ओभानो हुने प्रयास गर्छन्। यस्तो प्रयास होलीका बेला मात्र नभै जहिले पनि निन्दनीय हुन्छ, तसर्थ होली पर्वको पावन अवसरमा हामीले सबैसँग समानता र सम्मानको भावले व्यवहार गर्ने प्रण गर्नुपर्छ। त्यसो हुन सक्यो भने मात्रै होली पर्वको सार्थकता प्रमाणित हुनेछ। मुख्य कुरा बन्धुत्वको भावनाले प्रश्रय पाउनुपर्छ। मानिसले मानिसलाई घृणा होइन प्रेम गर्नुपर्छ, दुराभाव होइन, सद्भाव बाँड्न सक्नुपर्छ। यही नै होलीको मुख्य सन्देश हो। यो सन्देशलाई पछ्याउँदै हामी पनि यो वर्षको होलीमा नेपाल र नेपालीको कल्याण गर्ने संविधानसभा निर्वाचनमा कुनै पनि किसिमको अराजक गतिविधि नहोस् भन्ने कामना गरौं। सबैलाई होलीको प्रेमपूर्ण शुभकामना।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

चिठीपत्र

## संस्कृतिमा विकृति

मित्रता, समझदारी र सद्भावको प्रतीकका रूपमा फागु संस्कृतिको सुरुवात भएको पाइन्छ, तर उपत्यकालगायत देशका प्रमुख सहरहरूमा फागुलाई संस्कृतिभन्दा पनि विकृतिका रूपमा अपनाउने गरेको पाइन्छ। अझ काठमाडौं उपत्यकाभित्र त शिवरात्रिदेखि नै बाटो तथा गल्लीमा हिंड्ने युवति तथा केही बटुवालाई समेत घरको छत तथा बाटाको छेउछाउमा बस्ने धेरै किशोर तथा युवाहरूले फोहर पानी भरेका प्लास्टिक तथा बेलुनका लोला हानेर हैरान पार्न थालेका छन्। स्कुल, कलेज तथा विशेष ठाउँमा हिँडेका धेरै युवतीले यसको मार खेप्नुपरेको छ, जसका कारण उनीहरू अति जरुरी कामबाहेक घरबाट बाहिर निस्कन छाडेका छन्। किशोरी तथा युवतीहरूलाई यसले गर्दा तनाव नै उत्पन्न हुने गरेको छ। यही विकृतिको परिणामस्वरूप कतिपय स्थानमा ठूला दुर्घटना पनि हुने गरेका छन्। यसलाई संस्कृतिमा विकृति नभनेर के भन्ने ?

त्यसैले विद्यार्थी संगठनहरू, नागरिक समाज, अभिभावक, वुद्धिजीवी र शिक्षकले आफ्ना छोराछोरी, विद्यार्थी तथा साथीहरूलाई यसबाट सजग गराउनु प्रमुख दायित्व हो। आफ्ना सन्तान र विद्यार्थीले गरेका कामको जस-अपजस अविभावक र शिक्षकमा आइपर्छ। त्यसैले आफ्ना सन्तान तथा विद्यार्थीको अपजसको भागी बन्नुभन्दा यथासमयमै आवश्यक कदम चाल्नु विद्यालय परिवार र अविभावकको प्रमुख दायित्व हो। साथै सञ्चारमाध्यमबाट पनि यस्ता गलत कार्यलाई निरुत्साहित गर्न उपयोगी कार्यक्रम प्रकाशन तथा प्रशारण गर्नुपर्ने देखिन्छ। त्यस्तै अचाक्ली नै गर्नेलाई सामाजिक अपराधको दायराभित्र ल्याएर सामाजिक बहिष्कार किन नगर्ने ? कानुनी कारबाही किन नगर्ने ?

हामी सबै यस्ता विकृतिबाट पर हटेर फागुको वास्तविक आदर्श समझदारी, मित्रता कायम राख्न शान्तिपूर्वक फागु खेलौं।

**–सन्देश शर्मा, वनस्थली काठमाडौं**

## आवश्यकता र प्रोत्साहन

व्यक्तिको व्यवहारलाई कुनै लक्ष्य वा प्रोत्साहनतर्फ प्रेरित गर्ने तत्त्वलाई इच्छा, आकांक्षा, आवश्यकता, अन्तरइच्छा आदि थुप्रै शब्द प्रयोग गरिएको पाइन्छ। यी शब्दहरूको भाव एउटै भए पनि अभिप्राय बेग्लाबेग्लै छन्। अन्तरइच्छा भनेको व्यक्तिको त्यो आन्तरिक शक्ति हो जसले व्यक्तिलाई निश्चित कार्य गर्न लगाउँछ। त्यस आवस्थामा व्यक्ति छटपटाइरहेको हुन्छ, अथवा केही कुरा पाउन लालायित हुन्छ। कुनै कार्य गर्न लगाउने प्रेरणा व्यक्तिको आन्तरिक शक्ति अन्तरइच्छा हो। जुन कुरा व्यक्तिले पाउन चाहन्छ वा जुन कुरा उसको हृदयले मात्र गरेको छ त्यो आवश्यकता हो। जस्तै- प्यास लागेको व्यक्तिलाई प्यास उसको अन्तरइच्छा हो भने प्यास मेट्न चाहिने पानी उसको आवश्यकता हो। यस अवस्थामा प्यास अन्तरइच्छा र पानी आवश्यकता मानिन्छ।

अन्तरइच्छाबिना मानिस कुनै पनि काम गर्न र अघि बढ्न सक्दैन। अन्तरइच्छा नै व्यक्तिलाई कुनै कार्य गर्नतर्फ अग्रसर गराउने तत्त्व हो। यसरी आफूलाई अग्रसर गराउने काममा जुन व्यक्तिले आफूले खोजेको कुरा भेटछ तब उसको अन्तरइच्छा पूर्ति हुन थाल्छ र जसले अन्तरइच्छालाई घटाउँदै लान्छ। त्यसैलाई प्रोत्साहन भनिन्छ। प्रोत्साहन त्यो लक्ष्य हो जसबाट व्यक्तिको व्यवहार निर्देशित हुन्छ। प्रोत्साहनले नै व्यक्तिको व्यवहारलाई प्रेरित गर्छ।

**–मीरा श्रेष्ठ**

## दुर्गन्ध र सरसफाइ

एक उच्च पदस्थ अधिकारीको घरको सामुन्ने अगाडि फोहरको ढल (नाली) फुटेर यस्तो दुर्गन्ध फैलिरहेको थियो कि सडकमा हिंड्ने सबैले नाक थुनेर हिड्नुपर्थ्यो। त्यसैले ती अधिकारीले आफैं त्यो नाली सफा गर्न थाले। जसलाई देखेर वरिपरिका छिमेकीहरू उनलाई इज्जत दिंदै भन्न थाले- अरे तपाईं आफैं यो सब गरिरहनुभएको छ ? यो काम त कुचिकारको हो- तपाईंको हातमा फोहोर लाग्छ नगर्नुहोस्। अधिकारीले भने 'मेरो हात यति धेरै निरीह छैन कि फोहोर मैला आदिले यसलाई बिगार्न सकोस्। यो साबुन-पानीले धुँदा एक मिनेटमै सफा भैहाल्छ।' आखिर कुरा साँचो थियो।

यहाँका कतिपय अविवेकी मानिसहरू दुर्गन्ध, फोहर आदि सफाइको काम केवल कुचिकारले मात्र गर्नुपर्छ भन्ने विचार राख्छन्। मानौं कुचिकारको हात कुनै माटोद्वारा बनेको होस्। जब कि जन्म लिएका सबै मानिस कुचिकारसमान नै हुन्छन्। सफाइ गर्ने व्यक्ति कुनै कारणवश काममा आउँदैन र तपाईं आफैं सफाइ गर्ने काममा मन दिनुहुन्न भने त्यसबाट तपाईंको स्तर धेरै तल झर्छ अनि तपाईंका सामु यही विकल्प रहन्छ कि फोहरको दुर्गन्ध सुँघेर बसिरहनुहोस् किनकि तपाईं आफ्नो घरलाई उठाएर अन्य कुनै स्थानमा लान सक्नुहुन्न।

नगरका आधा बस्तीमा मानिसहरू दुर्गन्ध बढाउँछन् त्यसको जिम्मेवार प्रायः सबै नागरिक हुनुपर्छ। त्यस्तै प्रकारले फोहर सबैले गर्ने र सफा गर्ने कामचाहिँ केही व्यक्तिले मात्र गर्ने ? सफाइ गर्नु फोहरी कुरा हुन सक्दैन। आमाले शिशुको र नर्सले बिरामीको सरसफाइ गर्दैनन् ? हामी पनि आफैं आफ्नो शरीरको सफाइ गर्दैनौं र ? त्यसैले हामी झूटो शान तथा ढोंगी परम्परालाई त्यागेर आवश्यकताअनुसार थोरै मात्र भए पनि सरसफाइ गर्ने हिम्मत जुटायौं भने सुखका लागि कतै दौडिरहनु पर्दैन।

**–रामहरि बञ्जारा**

## तीतो सत्य

- साँचो मित्र अन्त्यसम्म मित्र नै रहन्छ।
- धनसम्पत्तिभन्दा सुनामको मूल्य बढी हुन्छ।
- अहंकारी वचनले सत्य नाश गराउँछ।

**देवेन्द्र कठायत**

- आफू सबै कुरामा निपुण छु भन्नु भन्दा आफ्ना त्रुटिहरू केलाउनु राम्रो हुन्छ।
- मानिसलाई रूपको सुन्दरतामा होइन, मनको सुन्दरतामा प्रशंसा गर्नुपर्छ।
- विनालक्ष्यको काम दोहोऱ्याई-तेहेऱ्याई गर्दा पनि पूरा हुँदैन।

**खडकमणि थामी**

- मानिसको जिन्दगी यथार्थमा सम्झौताहरूको एउटा श्रृंखला हो, जहाँ हरक्षण सम्झौता हुन्छ।
- मित्रको आवरणमा लुकेका शत्रुहरू परम शत्रुहरूभन्दा पनि घातक र खतरनाक हुन्छन्।
- मानिसका जति धेरै शत्रु र आलोचक हुन्छन् ऊ त्यति नै सफल भएको रहेछ भन्ने बुझ्नुपर्छ।
- असन्तोष नै प्रगतिको लक्षण हो।

**आकाशचन्द्र न्यौपाने**

- मायालु बोलीका पछाडि लाग्ने छुरा हुन्छ।
- आफ्नो व्यवहारले मात्र शत्रुको जन्म हुँदैन।
- दुःखीका कोही आफ्ना हुँदैनन्।
- मानिसको परिचय मुखले होइन, व्यवहारले दिन्छ।
- असल मानिसले सबैलाई समान देख्छ।
- सज्जनलाई बाँच्न गाह्रो हुन्छ।
- भनेका सबै कुरा सत्य हुँदैनन्।

**– सत्यदेवी बराल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## नीति नियम

विद्या चार प्रकार छन्– आन्विक्षिकी (सूक्ष्म तत्त्वको अन्वेषण गर्ने दर्शन विद्या), त्रयी (वेद विद्या), वार्ता (जिविका सिकाउने अर्थ विद्या) र दण्डनीति (राज्यमा दण्ड व्यवस्थासम्बन्धी शासन विद्या)। विद्या तीन प्रकारको छ– त्रयी, वार्ता, तथा दण्डनीति, आन्विक्षिकी त त्रयीभित्रै पर्छ। वृहस्पति आचार्यको मत मान्नेहरूका अनुसार विद्या केवल दुई प्रकारका छन्– वार्ता तथा दण्डनीति। त्रयी त यो संसारका बाठा तथा चतुर व्यक्तिहरूका हातमा केवल आडम्बर मात्र हो। राज्य व्यवस्था शान्तिपूर्वक चल्नासाथ अरू सम्पूर्ण विद्याको व्यवहारमा सिद्धि प्राप्त हुन्छ– त्यसैले 'दण्डनीति नै एक मात्र पूर्ण विद्या हो।' विद्या चार प्रकारका छन्। ती चारवटाबाटै धर्म–अधर्म तथा अर्थ– अनर्थको ज्ञान हुन सक्छ। विद्याबाटै उत्पत्ति र नाशको बोध हुन्छ। यी चारको ज्ञानबिना यो लोक तथा परलोकमा उन्नति गर्न सकिंदैन।

०००

दण्ड व्यवस्थाबाटै अन्वेषण, त्रयी एवं वार्ता विद्याको सम्मृद्धि हुन्छ। यो व्यवस्थालाई नै दण्डनीति भन्छन्। यही दण्ड नीतिले नै अप्राप्त धनको प्राप्ति, प्राप्त धनको रक्षा एवं रक्षित धनको वृद्धि गराउँछ। दण्डनीतिमा नै समस्त संसार यात्रा आश्रित छ।

-कौटिल्यको अर्थशास्त्र

अनुवाद : रामहरि बञ्जारा

सहर चर्चा

## मोमिला र कुशल पुरस्कृत



गत वर्ष वेलायतमा स्थापना भएको धनकुटा प्रतिभा पुरस्कार प्रतिष्ठान बेलायत च्याप्टरको गत १२ मार्च २००८ का दिन सर्नकिल्फमा बसेको बैठकले मोमिला र कुशल श्रेष्ठलाई पुरस्कृत गर्ने निर्णय गरेको छ। प्रत्येक वर्ष साहित्य, संगीत र खेलकुदको क्षेत्रमा राम्रो योगदान दिई धनकुटा जिल्लाको प्रतिष्ठा बढाउन कार्य गर्ने स्रष्टालाई सम्मान गर्ने उद्देश्यले स्थापना भएको यो संस्थाले जन्म वा कर्मले धनकुटासँग साइनो भएका स्रष्टाहरूलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यको थालनी गरेको हो। यस वर्षका लागि धनकुटा च्याप्टरले सिफारिस गरेका नामहरूका सम्बन्धमा अमेरिका, जर्मनी, हङकङ, मलेसिया, कतार, कोसोभोमा रहेका धनकुटेलीहरूबीच आपसी छलफल गरी साहित्य विधामा मोमिला जोशी तथा खेलकुद क्षेत्रबाट सार्क स्वर्ण पदक विजेता कुशल श्रेष्ठलाई पुरस्कृत गर्ने निर्णय भएको कुरा अध्यक्ष क्याप्टेन ज्ञान लिम्बूले बताए। यसैगरी यस वर्ष संगीतका वरिष्ठ स्रष्टा नविनकिशोर राईलाई तथा धरानकी एक गायिकालाई पनि पुरस्कृत गर्ने निर्णय भएको छ।

युवा साहित्यकार मोमिला जोशी विगत १ दशकअघिदेखि साहित्य क्षेत्रमा लागिपरेकी स्रष्टा हुन्। उनको 'ईश्वरको अदालतमा आउट साइडरको बयान' नामक पुस्तक प्रकाशित छ। उनी अनलाइन साहित्यमा पनि त्यत्तिकै सक्रिय छिन्। मोमिलाले नेपाली कलासाहित्य डटकम पनि सञ्चालन गर्दै आएकी छन्। युवा खेलाडी कुशल श्रेष्ठले दसौं सितेरियो कराँते खेलमा वर्णपदक प्राप्त गरेका थिए।

**–विश्वास दीप तिगेला, केन्टबाट**

साइबर गर्ल

## कलामा भिजेकी सेभिना



तौलिहवा कपिलवस्तुबाट तीन वर्षअघि राजधानी छिरेकी सेविना अर्याल सानो पर्दामा जमेकी छिन्। 'सिरुमा रानी' नाटकमा अभिनय गरेपछि उनको अभिनययात्रा सुरु भएको हो। अहिले उनी आफूलाई चलचित्रको संसारमा स्थापित गराउने धुनमा छिन्। उनले केही एड तथा म्युजिक भिडियोहरूमा अभिनय गरिसकेकी छिन्।

उनले चलचित्र 'विरोध' मा अभिनय गरेकी छिन्। लौ माऱ्यो, गुरुमन्त्र, मदनबहादुर हरिबहादुर, एक सय एक आदि टेलिसिरियलहरूमा पनि उनको अभिनय देख्न पाइन्छ। सेभिनाको नृत्यको सबैले प्रशंसा गर्छन्। उनी हरेक खालको नृत्यमा अब्बल मानिन्छिन्। पद्मकन्या कलेजमा स्नातक तेस्रो वर्षमा अध्ययनरत अर्यालले कला क्षेत्रसँगै अध्ययनलाई पनि एकसाथ डोऱ्याएकी छिन्। कलाक्षेत्रमा लाग्न शैक्षिक योग्यताले पनि त्यत्तिकै मद्दत गर्छ, -सेभिना भन्दै थिइन्।

पत्रपत्रिका पढ्न तथा टेलिभिजनमा नयाँ-नयाँ सिरियल हेर्न मन पराउने ५ फिट ३ इन्च अग्ली सेभिनालाई अरूको कुरा काट्ने मानिस पटक्कै मन पर्दैनन्।

मुसुमुसु हाँसिरहने बानीले उनलाई कहिलेकाहीं बेफाइदा पनि भएको छ। सकारात्मक सोचाइले नै मानिसलाई निर्दिष्ट उद्देश्यसम्म पुऱ्याउँछ भन्ने उनको मान्यता छ। सेभिनालाई विवाहका बारेमा सोच्ने फुर्सद छैन। थोरै उँदै उनले भनिन्- 'समय आएपछि सोचौंला नि।'

## मुखाले

अँध्यारोमा बसेर संविधानसभा भाँड्ने षड्यन्त्र भैरहेको छ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

अहिलेसम्म निर्वाचन आयोगले कुनै पनि दातासँग नगद सहयोग लिएको छैन।

**भोजराज पोखरेल**
**प्रमुख निर्वाचन आयुक्त**

सातदलीय एकताको खाँचो अझै १० वर्षसम्म छ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

कांग्रेस र एमाले राजा राख्न चाहन्छन् भन्ने कुरा उनीहरूको घोषणापत्रबाटै थाहा पाइन्छ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

नयाँ-नयाँ सर्तका कारण नयाँ संविधान सर्तैसर्तको बन्ने भएको छ।

**पद्मरत्न तुलाधर**
**स्वतन्त्र बामपन्थी नेता**

निर्वाचनमा सेना परिचालन गर्न सकिन्छ।

**सुशील कोइराला, नेता, नेपाली कांग्रेस**

अनाडीहरूलाई संविधान बनाउने मौका दिनु हुँदैन।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

गिरिजाप्रसाद कोइरालापछि को छ र ? मै हुँ भावी प्रधानमन्त्री।

**शेरबहादुर देउवा**
**नेता, नेपाली कांग्रेस**

नेताहरूले पार्टी छाड्ने र फर्किने गर्नु हुन्छ भने मैले श्रीमती छोड्न र सँगै बस्न मिल्दैन ?

**भुवन केसी, कलाकार**

# कांग्रेसका दुई महामन्त्रीसहित पौने दुई सयको भाग्य फैसला हुने

तराईका सशस्त्र समूहहरू तथा भाग्यनाथ गुप्ताले नेतृत्व गरेको मधेसी जनअधिकार फोरमले सक्रिय प्रतिकार गर्ने घोषणा गरे पनि प्राचीन मिथिलाको राजधानी जनकपुर निर्वाचनमय बनेको छ। धनुषा जिल्लाको सदरमुकाम जनकपुरसहित जिल्लाका सात निर्वाचनक्षेत्रका लागि विभिन्न राजनैतिक दल र स्वतन्त्र गरी कुल १ सय ७६ उम्मेदवार मैदानमा छन्।

सरकारको नेतृत्व गर्ने नेपाली कांग्रेसका दुई महामन्त्री विमलेन्द्र निधि तथा डाक्टर रामवरण यादवसहित नेपाल कम्युनिस्ट पार्टी संयुक्तका महासचिव गणेश साह, एमाले केन्द्रीय सदस्यद्वय रामचन्द्र झा एवं रघुवीर महासेठ, वैकल्पिक सदस्य रत्नेश्वर गोइत तथा पञ्चायतकालमा शेरे धनुषा भनिने हेमबहादुर मल्ल, पूर्वमन्त्रीहरू लीला कोइराला, आनन्द प्रसाद ढुंगानासहित नेपाली राजनीतिका चर्चित पात्रहरू संविधानसभा निर्वाचनमा धनुषा जिल्लाबाट आफ्नो भाग्य निर्धारण गर्ने अभियानमा जुटेका छन्।

पहिले ५ निर्वाचनक्षेत्र रहेको यो जिल्लामा अहिले निर्वाचनक्षेत्रको संख्या ७ पुगेको छ। ती क्षेत्रमा नेपाली कांग्रेस, एमाले, माओवादी, नेकपा संयुक्त, तराई-मधेस लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम, सदभावना पार्टी, नेपाल सद्भावना पार्टी आनन्दीदेवी, जनमोर्चा नेपाल, दलित जनजाति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल, मुस्कान सेना, नेपाल राष्ट्रिय विकास पार्टी, लोककल्याणकारिणी जनता पार्टी, राष्ट्रिय जनशक्ति पार्टीसहित दर्जनौं स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका छन्। धनुषामा २ लाख ४६ हजार १सय ५० पुरुष र २ लाख १७ हजार २ सय २५ महिला गरी कुल ४ लाख ६३ हजार २ सय २५ मतदाता छन्।

६६ हजार ५ सय ४० मतदाता रहेको धनुषा क्षेत्र नम्बर १ मा १८ गाविस छन्। यस क्षेत्रबाट एमालेका रामचन्द्र झा, कांग्रेसका स्मृतिनारायण चौधरी, माओवादीका जीवन भनिने योगकुमार बरबरिया यादव, संयुक्त जनमोर्चाका पल्टु यादव, फोरमका गजाधर यादव, तराई-मधेस लोकतान्त्रिक पार्टीका कृष्णवीर यादव सदभावनाका हरेराम यादवसहितका नेताहरूले उम्मेदवारी दिएका छन्। नेपाली कांग्रेस तथा एमालेको राम्रो जनाधार रहेको यस क्षेत्रमा एमाले, कांग्रेस तथा माओवादीका उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिएको छ। यादव जातिको बाहुल्यता रहेको यस क्षेत्रका अधिकांश यादव एमाले र कांग्रेससँग सम्बन्धित छन्। माओवादीले यादवलाई उम्मेदवार बनाएका कारण जातीय समीकरणका हिसाबले समेत माओवादीलाई फाइदा हुने विश्वास व्यक्त गरिन्छ।

मण्डल र यादवको बाहुल्यता रहेको धनुषा क्षेत्र नम्बर २ मा १८ गाविस र ६१ हजार १ सय ६५ मतदाता छन्। कांग्रेस र एमालेको राम्रो पकड रहेको यस क्षेत्रमा कांग्रेसबाट रामकृष्ण यादव,एमालेबाट रत्नेश्वर गोइत, माओवादीबाट रामचन्द्र मण्डल, तराई-मधेस लोकतान्त्रिक पार्टीका परमेश्वर साह, फोरमबाट पवन कुमार झा, सद्भावनाका रमणप्रसाद सिंहसहितका उम्मेदवार मैदानमा छन्। संगठनका हिसाबले क्रमशः कांग्रेस, एमाले र माओवादीको पकड राम्रो रहे पनि कांग्रेस र एमाले दुवैका उम्मेदवार यादव भएकाले यहाँ माओवादी उम्मेदवार मण्डलको अवस्था बढी मजबुत देखिएको छ।

मुसलमान र ब्राह्मण निर्णायक मतदाता रहेको क्षेत्र नम्बर ३ का १७ गाविसमा ६४ हजार १ सय २३ मतदाता छन्। यही क्षेत्रबाट कांग्रेस महामन्त्री विमलेन्द्र निधिको भाग्यको फैसला हुँदैछ। यस क्षेत्रबाट सत्ताधारी दलहरूले कमजोर उम्मेदवार मैदानमा उतारेका छन्। एमालेबाट शिक्षक हरिदेव मण्डल, माओवादीबाट सोभित यादव, फोरमबाट उमेश झा, तराई मधेस लोकतान्त्रिक पार्टीबाट अमरेशनारायण झा, सदभावनाबाट सतीश कुमार लालदास र दलित जनजाति पार्टीबाट रामचन्द्र मण्डलसहितका उम्मेदवार मैदानमा छन्। माओवादीबाट विद्रोहीका रूपमा साधुशरण यादवले उम्मेदवारी दिएपछि पार्टी संकटमा फसेको छ। कांग्रेस महामन्त्री निधिका लागि यो क्षेत्र सुरक्षित मानिए पनि एमाले उम्मेदवार मण्डलको स्वच्छ छवि एवं गणतन्त्रवादी धारका कारण उनको पक्षमा पनि राम्रै मतदान हुने आशा व्यक्त गरिएको छ।

जिल्लाको एक मात्र नगर क्षेत्र धनुषा क्षेत्र नम्बर ४ (जनकपुर इलाका) व्यापारी बहुल क्षेत्र हो। यो क्षेत्रमा पर्ने जनकपुर नगरपालिकाको १६ वडा र ५ गाविस गरी कुल ७५ हजार ६ सय १२ मतदाता छन्। यस क्षेत्रमा व्यापारीहरूको भोटलाई निर्णायक मानिन्छ। यसका अतिरिक्त पहाडी, मारवाडी र कवारी अर्थात् मुसलमानको समीकरणले यहाँको निर्वाचन परिणामलाई प्रभावित गर्दै आएको छ। गत संसदीय निर्वाचनमा

## संविधान सभाको चुनावी गणित

राप्रपाका कृष्णप्रताप मल्लले कांग्रेसका वरिष्ठ नेता विमलेन्द्र निधिलाई यही समीकरणका कारण हराउन सकेका थिए। स्वभावतः यस वर्ष पनि विभिन्न दलले व्यापारीहरूको मतलाई क्यास गर्न व्यापारीहरूलाई प्राथमिकताका साथ उम्मेदवार बनाएका छन्। नेपालीभाषीहरूको समेत उल्लेख्य उपस्थिति रहेको नगर क्षेत्रबाट नेपाली कांग्रेसले लीला कोइरालालाई उम्मेदवार बनाएको छ भने एमालेले व्यापारी समुदायका रघुवीर महासेठलाई उम्मेदवार बनाएको छ। नेकपा संयुक्तका महासचिव गणेश साह पनि यसै क्षेत्रबाट उम्मेदवार बनेका छन्। माओवादीले जिल्ला इन्चार्ज रोशन जनकपुरीलाई उम्मेदवार बनाएको छ। यसका अतिरिक्त तराई-मधेस लोकतान्त्रिक पार्टीले पूर्वमेयर वृषेशचन्द्र लाल र फोरमले युवा व्यवसायी संजय साह तथा सद्भावनाले रामदयाल साहलाई उम्मेदवार बनाएको छ। यस क्षेत्रका सांसद कृष्णप्रताप मल्लले राप्रपाबाट उम्मेदवारी दिएका छन्।

१५ गाविस रहेको धनुषा क्षेत्र नम्बर ५ यादव बहुल क्षेत्र हो। ६१ हजार १ सय ४० मतदाता रहेको यस क्षेत्रबाट कांग्रेस महामन्त्री रामवरण यादवले उम्मेदवारी दिएका छन्। यहाँ एमालेले रामरतन यादव तथा माओवादीले संग्राम भनिने महादेव यादवजस्ता अपेक्षित रूपले कमजोर कार्यकर्तालाई उम्मेदवार बनाएको छ। यसका अतिरिक्त सद्भावनाले मधेस रक्षावाहिनीका जिल्ला सयोजक मनोज मुक्ति तथा फोरमले शेषनारायण यादवलाई उम्मेदवार बनाएको छ। तराई-मधेस लोकतान्त्रिक पार्टीले इन्जिनियर श्रीकृष्ण यादवलाई उम्मेदवार बनाएका कारण डा. यादवको सिंहासन हल्लिएको छ। ५१ को निर्वाचनमा डा.यादवको हारको प्रमुख कारण इन्जिनियर यादव नै थिए। पहिलेदेखि नै कम्युनिस्टहरूको राम्रो संगठन रहेको तारापटी, सिरसिया, अन्दुपटी, कटरैत आदि गाउँ पनि यसै क्षेत्रमा परेकाले एमाले र माओवादीका उम्मेदवारले पनि राम्रो मत ल्याउने र परिणामलाई समेत प्रभावित गर्न सक्ने देखिन्छ।


पुरानो क्षेत्र नम्बर १ र २ को कम्युनिस्ट इलाकाका रूपमा चिनिएको वर्तमान क्षेत्र नम्बर ६ मा १५ गाविस छन्। यहाँ ७० हजार ५ सय २९ मतदाता छन्। यस क्षेत्रमा एमालेका वर्तमान सांसद योगनारायण यादव, माओवादी तर्फबाट सहिद रामवृक्ष यादवकी पत्नी रामकुमारी देवी तथा कांग्रेसबाट प्रेमकिशोरप्रसाद साहले उम्मेदवारी दिएका छन्। यसका साथै तराई-मधेस लोकतान्त्रिक पार्टीले धर्मनाथ यादव, सद्भावनाले संजयकुमार सिंह तथा फोरमले सुरेन्द्रकुमार मण्डललाई उम्मेदवार बनाएको छ। संयुक्त जनमोर्चाका पल्टु यादवले क्षेत्र नम्बर १ का अतिरिक्त यस क्षेत्रबाट पनि उम्मेदवारी दिएका छन्। यहाँ मूल प्रतिस्पर्धा एमालेका योगनारायण यादव तथा माओवादीकी रामकुमारी यादवबीच हुने देखिन्छ। यद्यपि यादवहरूको मत विभाजन भए व्यापारीहरूको राम्रै पकड रहेको यस क्षेत्रमा व्यापारीवर्गका कांग्रेस उम्मेदवार प्रेम साहले पनि जित्न सक्छन्।

धनुषाको उत्तरी भेगमा पर्ने क्षेत्र नम्बर सात कोइरी तथा नेपालीभाषीहरूको उल्लेख्य जनसंख्या भएको क्षेत्र हो। १३ गाविस रहेको यो क्षेत्रको कुल मतदाता संख्या ६४ हजार १ सय १६ छ। यो क्षेत्रबाट कांग्रेसले आनन्दप्रसाद ढुंगानालाई उम्मेदवार बनाएको छ भने एमालेले युवा नेता तथा जिल्लासचिव शत्रुघ्न महतोलाई उम्मेदवार बनाएको छ। राप्रपा नेपालका तर्फबाट कुनै जमानामा शेरे धनुषा भनिने हेमबहादुर मल्ल, तराई-मधेस लोकतान्त्रिक पार्टीबाट टेकबहादुर लामा, माओवादीबाट जागेश्वर महतो, फोरमका तर्फबाट चन्देश्वर महतो उम्मेदवार बनाइएका छन्। पारम्परिक नेपालीभाषी मतदाताहरू एमालेसँग सम्बद्ध रहेको तथा हेमबहादुर मल्लसमेत मैदानमा भएकाले यस क्षेत्रमा एमालेका महतो, कांग्रेसका ढुंगाना तथा मल्लबीच त्रिकोणीय प्रतिस्पर्धा हुने देखिन्छ।

मधेसवादी आन्दोलनका कारण यस क्षेत्रबाट उम्मेदवार बनेका गैरमधेसीहरूका विरुद्ध मतदाताहरूमा आक्रोश देखिएको छ भने मधेसी मोर्चा र सरकारबीचको आठबुँदे सम्झौतालाई पनि केही मधेसी बुद्धिजीवीले स्वीकार गरेका छैनन्, साथै तमलोपा र फोरमले गैरमधेसी शरदसिंह भण्डारी र टेकबहादुर लामालाई उम्मेदवार बनाएका तथा मधेसी मोर्चाका तीनवटै घटकले अलग-अलग उम्मेदवारी दिएका कारण आममतदाता यी मधेसी दलहरूप्रति आक्रोशित देखिन्छन्। यस्तो अवस्थामा मूल प्रवाहका राजनैतिक दलहरूले राम्रो प्रदर्शन गर्ने दाबी राजनैतिक विश्लेषकहरूको छ।

-श्यामसुन्दर शशि











# दोलखामा चुनावी चहलपहल

**राजेन्द्र मानन्धर**

दोलखा-राजधानी काठमाडौंबाट १ सय ३३ किलोमिटर पूर्वमा पर्ने दोलखामा दुई निर्वाचनक्षेत्र छन्। १ नगरपालिका र ५१ गाउँ विकास समिति रहेको दोलखामा संविधानसभा निर्वाचनका लागि १३ दलका ३३ जनाले उम्मेदवारी दिएका छन्।

कुल १ लाख ६५ हजार ९ सय २८ जना मतदाता रहेको यो हिमाली जिल्लाको क्षेत्र नम्बर १ मा ८३ हजार ६६१ र २ मा ६२ हजार २६७ जना मतदाता छन्। २०४८ को आमनिर्वाचनमा दुवै क्षेत्रमा एमालेले विजय हासिल गरेको थियो भने ०५१ को मध्यावधिमा क्षेत्र नम्बर १ काङ्ग्रेस र २ मा एमालेले विजय प्राप्त गरेका थिए। त्यसैगरी ०५६ को निर्वाचनमा दुवै क्षेत्रमा एमालेको पकड रह्यो। त्यसैगरी ०४९ को स्थानीय निकाय निर्वाचनमा काङ्ग्रेस र ०५४ को स्थानीय निर्वाचनमा एमालेले जिल्ला विकास समिति बनाएको थियो।

भन्डै आठ वर्षपछि जनताले फेरि मतदान गर्ने मौका पाएका छन्। यो निर्वाचनमा पहिलो पटक नेकपा माओवादी पनि सामेल भएको छ। निर्वाचनक्षेत्र नम्बर १ मा नेपाली काङ्ग्रेस केन्द्रीय सदस्य भीमबहादुर तामाङ उम्मेदवार बनेका छन्। उनी ०५१ सालमा यही निर्वाचनक्षेत्रबाट प्रतिनिधिसभा सदस्य भै न्याय तथा कनुन मन्त्री बनेका थिए। यो क्षेत्रमा एमाले वैकल्पिक केन्द्रीय सदस्य पशुपति चौलागाईं उम्मेदवार भएका छन्। यसअघि ०५६ को निर्वाचनमा उनी यही क्षेत्रबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए। नेकपा माओवादीले यो निर्वाचनक्षेत्रमा देवी खड्कालाई उठाएको छ। हाल तीनै जना उम्मेदवार अन्तरिम विधायक हुन्।

यो क्षेत्रबाट राष्ट्रिय प्रजातन्त्र पार्टीले छवाङली शेर्पिनीलाई उम्मेदवार बनाएको छ भने नेकपा मालेले वैकुण्ठप्रसाद भण्डारी, नेमकिपाले मीना शिवाकोटी, जनमोर्चाले चन्द्रबहादुर थामीलाई उम्मेदवार बनाएको छ। यो क्षेत्रमा छ दल र तीन स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्।

नेपाली काङ्ग्रेस फागुन २६ देखि चुनावी प्रचारमा गाउँ पसेको छ। एमालेले २२ गतेदेखि गाउँ अभियान थालेको छ भने माओवादीले पहिलो चरणको कार्यक्रम सकेको छ। दक्षिणी गाउँ नाम्दुबाट गाउँ अभियान थालेको काङ्ग्रेसले गाउँगाउँमा भेटघाट, घरदैलो र आमसभाको कार्यक्रम बनाएको छ। उत्तरको गौरीशङ्कर गाविसबाट गाउँ अभियान थालेको एमालले ३० ठाउँमा गाउँ जनसभाको कार्यक्रम राखेको छ। दोस्रो चरणमा माओवादीले चैत २ गते चरीकोटमा आमसभा गरेपछि पुनः गाउँको कार्यक्रम लिएर जाने जनाएको छ।

दोलखा क्षेत्र नम्बर २ मा नेपाली काङ्ग्रेसका ताराबहादुर कोइराला उम्मेदवार भएका छन् भने एमालेबाट आनन्दप्रसाद पोखरेल छन्। माओवादीले हेम श्रेष्ठलाई उम्मेदवार बनाएको छ। ०५६ मा काङ्ग्रेसका कोइराला यो क्षेत्रका उम्मेदवार थिए भने एमालेका पोखरेल यो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। यो क्षेत्रमा राप्रपाले डम्बरप्रसाद उप्रेती, मालेले सन्तोष राउत, नेमकिपाले कृष्णप्रसाद शिवाकोटी, जनमोर्चा नेपालले चन्द्रबहादुर थामी, नेकपा एकीकृतले आङछिरिङ शेर्पा तथा जनशक्ति पार्टीको दोर्जे लामालाई चुनावी मैदानमा उतारेको छ। यो क्षेत्रमा अन्य तीन दल र पाँच स्वतन्त्र उम्मेदवार चुनावमा उत्रिएका छन्।

८८ मतदानस्थल र १ सय ९५ मतदान केन्द्र रहेको दुवै क्षेत्रमा मतदाता शिक्षा कार्यक्रमअन्तर्गत १ सय ६ जना शिक्षक र मासिकाहरू परिचालित छन्। सहजकर्ताका लागि ६६ जना गाविस सचिव र नगरका वडासचिवहरू परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। सुरक्षाका लागि ४ सय ४६ जना म्यादी प्रहरीलाई भर्ना लिएको छ भने शसत्र प्रहरीले थप ४५ जना म्यादी प्रहरी भर्नाको तयारी गरिरहेको छ।

# मध्यपश्चिममा कांग्रेस र एमाले नै अगाडि



## संविधान सभाको चुनावी गणित

**स्थानीय संवाददाताहरूको सहयोगमा नेपालगन्जबाट जे. पाण्डे**

**नेपालगन्ज-** मध्यपश्चिममा माओवादी जनयुद्ध सुरु भएलगत्तै राजनैतिक मुद्दा बनेको संविधानसभा निर्वाचनका लागि यति बेला सम्पूर्ण राजनैतिक दल जोडतोडले चुनावी अभियानमा लागेका छन्। अहिलेसम्मको चुनावी अवस्था र वातावरणको विश्लेषण गर्दा मध्यपश्चिममा कांग्रेस तथा एमालेको पकड कायमै रहने अनुमान गरिन्छ। माओवादीले आफ्नो प्रभाव क्षेत्र भन्ने रोल्पामा समेत कांग्रेस र एमाले चुनावी अभियानका क्रममा अग्रपंक्तिमा छन्। राप्तीका पाँच जिल्लाका १३ निर्वाचनक्षेत्रमा राजनैतिक दलहरू चुनावलाई गति दिँदै मतदाताको घरदैलोमा पुग्न थालेका छन्।

यी गतिविधि गाउँमा भन्दा पनि बढी बजारकेन्द्रित भएको देखिन्छ। चुनावका दिन नजिकिँदै जाँदा कुन निर्वाचनक्षेत्रमा कुन पार्टीका उम्मेदवारले जित्ने भन्ने चर्चा पनि उत्कर्षमा पुग्न थालेको छ। राप्तीका पाँचै जिल्लामा एमाले, कांग्रेस तथा माओवादीबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। संगठन र विगतको स्थानीय तथा संसदीय निर्वाचनमा प्राप्त मतका आधारमा राप्ती अञ्चललाई वामपन्थी दलहरूको बाहुल्यता रहेको क्षेत्रका रूपमा चिन्नेहरू धेरै छन्। पार्टीका घोषणापत्र, नीति, पार्टीले विगतमा गरेका काम र नेता तथा कार्यकर्ताहरूको चरित्रसँग जोडर कसले जित्ने वा हार्ने भन्ने अनुमान अहिले चोक-चोकमा हुन थालेको दाङबाट हाम्रा प्रतिनिधि सुदर्शन रिजालले बताएका छन्

रोल्पाको १ नम्बर क्षेत्रमा एमालेका पृथ्वी रोका, माओवादीकी जयपुरी घर्ती र कांग्रेसका माधव आचार्यसहित १४ जना उम्मेदवार चुनावी मैदानमा छन्। सबै उम्मेदवार चुनावका लागि मतदाताको घरघरमा पुगिरहेका छन्। यो अभियानमा एमाले र माओवादीका उम्मेदवार सक्रिय देखिएका छन्।

उनीहरूको खटाइ र पार्टीको प्रभाव एवं संगठनात्मक स्थितिलाई हेर्दा १ नम्बर क्षेत्रमा एमालेका उम्मेदवार रोका र माओवादी उम्मेदवार घर्तीबीच नै प्रतिस्पर्धा हुने अनुमान धेरैको छ। यस्तै २ नम्बर क्षेत्रमा एमालेबाट शान्तकुमार वली, कांग्रेसकी भीमकुमारी बुढा र माओवादी अध्यक्ष प्रचण्ड चुनावी मैदानमा छन्। एमालेले २ नम्बर क्षेत्रलाई आफ्नो पकड क्षेत्र दावी गर्दै प्रचार अभियानलाई तीव्र पारेको छ।

हाम्रा रोल्पा प्रतिनिधि काशिराम डागीका अनुसार प्रचण्डलाई चुनाव जिताउन पाल्पाबाट उम्मेदवार बनेका रोल्पा जिल्ला सेक्रेटरी दीपेन्द्र पुन (सिजल) रोल्पा जिल्लाको प्रचार अभियानमा सक्रिय छन्। यहाँ पनि एमाले र माओवादीबीच प्रतिस्पर्धा हुने अनुमान धेरैको छ। संगठनका हिसाबले कमजोर भए पनि मास पार्टी र वामपन्थीका बीचमा मत बाँडिने भएकाले आफूहरूलाई फाइदा पुग्ने दाबी कांग्रेसको छ।

रुकुममा भने दुवै क्षेत्रमा त्रिकोणात्मक प्रतिस्पर्धा हुने अनुमान धेरैले गरेका छन्। १ नम्बर क्षेत्रमा कांग्रेसका केशरमान रोका, एमालेकी देवी ओली तथा माओवादीकी जुनकुमारी रोका(प्रभा) प्रतिस्पर्धामा छन्। यस्तै २ नम्बर क्षेत्रमा कांग्रेसबाट प्रेमप्रकाश वली, एमालेबाट शेरबहादुर के.सी. र माओवादीबाट जनार्दन शर्मा प्रतिस्पर्धामा छन्। सबै दलले आफ्ना उम्मेदवार जिल्लामा लोकप्रिय भएकाले जित्ने दावी गरिरहेका छन्। टिकट नपाएका गोपालजी जंग शाह समूहका नेता कार्यकर्ता असन्तुष्ट भएकाले कांग्रेस कमजोर भएको तर्क अघि सारिए पनि प्रतिस्पर्धा तीन दलबीच नै हुने अनुमान धेरैको छ।

सल्यानमा माओवादीभन्दा कांग्रेस र एमालेबीच नै मुख्य प्रतिस्पर्धा हुने अनुमान धेरैको छ। सल्यान १ बाट एमालेका प्रकाश ज्वाला, कांग्रेसका ध्रुव पुरी तथा माओवादीका टेकबहादुर बस्नेत प्रतिस्पर्धामा छन्। पूर्व जिविस सभापति तथा विस्थापित भई दाङ बस्दै आएका कांग्रेसका उम्मेदवार पुरीलाई आफ्नै कार्यकर्तासमेतले पहिलेका तमसुक च्यातेर मात्र गाउँमा मत माग्न जानुपर्छ भनेर सल्लाह दिइरहेका छन्। यस्तै २ नम्बर क्षेत्रमा एमालेका उदय बोहरा, कांग्रेसका डिल्ली रेग्मी तथा माओवादीका उमाकान्त शर्माबीच प्रतिस्पर्धा हुँदैछ। यहाँ पनि एमाले र कांग्रेसबीच प्रतिस्पर्धा हुने अनुमान धेरैको छ। अनुमान जे गरिए पनि माओवादी, एमाले र कांग्रेस तीनै दलले आफ्नो दल अगाडि रहेको दावी गरिरहेका छन्।

प्युठानमा कांग्रेस, एमाले र माओवादीसँगै राष्ट्रिय जनमोर्चा पनि चुनावी प्रतिस्पर्धामा छ। प्यूठानको १ नम्बर क्षेत्रमा एमालेका धनबहादुर रायमाझी, कांग्रेसका दिवाकर गौतम तथा राष्ट्रिय जनमोर्चाका हरि आचार्य प्रतिस्पर्धामा छन्। माओवादीका नारायण अधिकारीको नाम पनि प्रतिस्पर्धीको सूचीमा आउने गरेको छ। २ नम्बर क्षेत्रमा एमालेका रमेशप्रसाद राजभण्डारी, कांग्रेसका मुक्तिप्रसाद शर्मा, राष्ट्रिय जनमोर्चाका बम बहादुर खत्रीबीच प्रतिस्पर्धा हुने देखिन्छ। माओवादीका दीपक केसी, एकीकृतका पीतबहादुर एम.सी. तथा राप्रपाका खेमराज पण्डितको नाम पनि चर्चामा छ। अन्य जिल्लाको तुलनामा जनमोर्चा नेपाल, नेकपा माले, नेकपा (एकिकृत) आदि दलका केन्द्रीय स्तरका नेताहरू बढी भएकाले वामपन्थी मत बाँडिने र त्यसको फाइदा आफूहरूलाई पुग्ने दाबी कांग्रेसको छ। यद्यपि प्रचार अभियानमा भने वामपन्थीहरू नै अगाडि देखिएका छन्।

दाङमा पनि कांग्रेस, एमाले र माओवादीका बीच नै प्रतिस्पर्धा हुने देखिन्छ। संगठनात्मक हिसाबले सबै निर्वाचनक्षेत्रमा आफू अगाडि रहेको दावी एमालेको छ भने एमाले, माओवादी तथा राष्ट्रिय जनमोर्चा बीच मत बाँडिदाको फाइदा आफूलाई पुग्ने दाबी कांग्रेसको छ। माओवादीले पनि सबै निर्वाचनक्षेत्रमा आफ्नो संगठन बलियो भएको दाबी गर्दै प्रचार अभियान तीव्र पारेको छ।

दाङको १ नम्बर क्षेत्रमा एमालेका रेवतिरमण शर्मा, कांग्रेसका खुमवहादुर खड्का तथा माओवादीका इन्द्रजित थारूबीच प्रतिस्पर्धा छ। २ नम्बर क्षेत्रमा एमालेका नरुलाल चौधरी, कांग्रेसका कृष्ण किशोर घिमिरे तथा माओवादीकी दामा शर्मा प्रतिस्पर्धामा छन् भने ३ नम्बर क्षेत्रमा एमालेका छविलाल वली, कांग्रेसकी अनिता देवकोटा र माओवादीका कृष्णबहादुर महरा प्रतिस्पर्धामा छन्। ४ नम्बर क्षेत्रमा एमालेका युवराज ज्ञवाली, कांग्रेसका डिल्ली चौधरी तथा माओवादीका शिवराज गौतम प्रतिस्पर्धामा छन्। जनमोर्चा नेपालका केन्द्रीय सदस्य भरत दाहाल तथा राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य एवं जिल्ला अध्यक्ष भरत भण्डारी पनि यही क्षेत्रबाट उम्मेदवार बनेका छन्। ५ नम्बर क्षेत्रमा कांग्रेसका दीपक गिरी, एमालेकी गीता शर्मा तथा माओवादीकी शुष्मा शर्मा प्रतिस्पर्धामा छन्।

राप्तीका आधाभन्दा बढी क्षेत्रमा कांग्रेस र एमाले तथा रोल्पा र रुकुममा एमाले, माओवादी र कांग्रेसबीच त्रिकोणात्मक प्रतिस्पर्धा हुने देखिन्छ। यहाँ मतमा वामपन्थी अगाडि आउने देखिए पनि स्थानीय तहमा चुनावी तालमेल हुन नसके त्यसको प्रत्यक्ष फाइदा कांग्रेसलाई हुने प्रस्ट छ। त्यसबाहेक विगतमा राप्रपाले उल्लेख्य मत पाए पनि संविधानसभा निर्वाचनमा राप्रपाले त्यो इतिहास राख्न सक्ने देखिँदैन।

राप्तीका अन्य जिल्लामा प्रचारका हिसाबले एमाले र माओवादी अगाडि देखिए पनि दाङमा कांग्रेसले पनि प्रचार अभियानलाई तीव्र पारेको छ। दाङका दुईवटा निर्वाचनक्षेत्रमा कांग्रेसका बागी उम्मेदवार तथा एक निर्वाचनक्षेत्रमा एमालेका बागी उम्मेदवारका कारण दुवै पार्टीमा केही अन्तरकलह देखिएको छ।

संविधानसभाको निर्वाचनलाई अधिकार सुनिश्चित गर्ने ऐतिहासिक अवसरको संज्ञा दिने सचेत वर्ग भनिनेहरूले यसलाई अवसरका रूपमा उपयोग गर्न खोजेको देखिएको छैन्। तथापि निर्वाचन नजिकिँदै जाँदा स्थितिमा सुधार आउने आशा गर्न सकिन्छ। दलहरूले पनि पछाडि पारिएका उत्पीडित वर्गको अधिकार सुनिश्चित गर्ने भन्दा विकासका एजेन्डामा आश्वासन बाड्ने काम गरिरहेको देखिन्छ।

बाँकेमा ११ दलका चार महिलासहित करिब ५ दर्जन उम्मेदवार चुनावी मैदानमा छन्। काँग्रेस, एमाले, माओवादी, राप्रपा, नेमकिपा, मधेसी जनअधिकार फोरम, जनशक्ति पार्टी र जनमोर्चाले चारै क्षेत्रमा उम्मेदवारी दिएका छन्। कांग्रेस कार्यवाहक सभापति सुशील कोइराला क्षेत्र नम्बर ३ बाट प्रतिस्पर्धामा छन्। क्षेत्र नम्बर ३ बाट विजयी कैलाशनाथ कसौधनलाई क्षेत्र नम्बर २ बाट उठाएको छ। एमाले केन्द्रीय सदस्य गोविन्द कोइरालाले क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दर्ता गराएका छन्।

एमाले नेता कोइरालाको उम्मेदवारीप्रति कैयौं कार्यकर्ता असन्तुष्ट देखिएका छन्। असन्तुष्टहरूले दलबहादुर सुनारलाई उम्मेदबारी दिनु पर्ने माग गरेका थिए। एमालेले दलित र बिपन्न वर्गलाई उपेक्षा गरेको भन्दै कार्यकर्ता रुष्ट देखिएका हुन। एमाले स्रोतका अनुसार, सुनारलाई पार्टी महासचिवलगायतका वरिष्ठ नेताहरूले टेलिफोन गरी चुनावको मुखमा विवादमा नअल्झिन सम्झाएका थिए। त्यस्तै, पार्टी सचिव देवराज भार क्षेत्र नम्बर १ बाट उम्मेदवार भएका छन्।

माओवादीले अन्तरिम विधायिकामा पठाएका तीन सांसद तिलक परियार, परमानन्द बर्मा तथा पूर्णा सुवेदीलाई क्रमशः १, ३ र ४ नम्बर क्षेत्रबाट उम्मेदवार बनाएको छ। जनमोर्चाका जिल्ला अध्यक्ष गणेश खनाल क्षेत्र नम्बर ३ बाट उम्मेदवार भएका छन् भने सद्भावना गुप्ता समूहका राजेश बर्माले क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दिएका छन्।

बाँकेका ४ निर्वाचनक्षेत्रमध्ये १ मा ६७ हजार ९ सय ८६, क्षेत्र नम्बर २ मा ५९ हजार ९ सय ५४, क्षेत्र न ३ मा ५९ हजार २ सय ५५ तथा ४ मा ६६ हजार ९ सय ९७ मतदाता छन्। ०५६ सालको निर्वाचनमा तीन क्षेत्र रहेको बाँकेमा तीनै क्षेत्र कांग्रेसले जितेको थियो।

माओवादी कार्यकर्ताको हत्याको अभियोगमा नेपालगन्ज कारागारमा बन्दी रहेका फोरमका नेता हीरालाल लुनियाँले फ्याक्समार्फत क्षेत्र नम्बर ४ बाट उम्मेदवारी मनोनयन दर्ता गराएका छन्। राजावादी राप्रपाले क्षेत्र नम्बर १ मा सुरेन्द्र थापा, २ मा बाबु खाँ, ३ मा दीपेन्द्रबहादुर सिंह र ४ मा दीपकबहादुर सिंहलाई उम्मेदवार बनाएको छ।

कांग्रेसका पूर्वमेयर विजय गुप्ताले तराई-मधेसी लोकतान्त्रिक पार्टीबाट उम्मेदवारी दिएका छन्। पार्टी एकीकरणपूर्व उनी प्रजातान्त्रिक कांग्रेसका केन्द्रीय सदस्य थिए। उनले कांग्रेस कार्यवाहक सभापति सुशील कोइराला उम्मेदवार रहेको क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दिएका हुन।

नेपालगन्ज मेडिकल कलेज कोहलपुर शिक्षण अस्पतालका निर्देशक डा. जितेन्द्र महासेठले तराई-मधेस लोकतान्त्रिक पार्टीको बाँके क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिई पुनः फिर्ता लिएका छन्। माओवादी निकट स्वास्थ्यकर्मी संगठनको नजिक रहेका महासेठ अन्तरिम विधायिका-संसदमा मनोनीत नभएपछि असन्तुष्ट बनेका थिए। घाइते माओवादीको उपचारमा संलग्न भएको र चन्दा दिएको आरोपमा संकटकालमा सेनाले चरम यातना दिएपछि उनी माओवादीसँग नजिकिएका थिए।

यसबीच सुर्खेतमा पनि राजनैतिक दलहरू आ-आफ्नो उम्मेदवारसहित मतदाताको घरदैलोमा पुग्न थालेका छन्। विगतको संसदीय निर्वाचनमा सुर्खेतका तीनवटै निर्वाचनक्षेत्रमा वर्चस्व कायम गर्दै आएको नेपाली कांग्रेसले संविधानसभा सदस्यका लागि हुने निर्वाचनमा दुईवटा क्षेत्रमा पुरानै अनुहारलाई चुनावी मैदानमा उतारेको छ भने १ नम्बर क्षेत्रमा नयाँ अनुहारलाई अघि सारेको छ।

संसदीय निर्वाचन क्षेत्र नम्बर १ बाट लगातार तीन पटक जितेर राष्ट्रिय राजनीतिमा पहिचान बनाएका पूर्णबहादुर खड्का संविधानसभा सदस्यको निर्वाचनमा समानुपातिक सूचीमा गएपछि कांग्रेसले क्षेत्रीय सभापति लालबहादुर घलेलाई उम्मेदवार बनाएको छ।

कांग्रेसले नयाँ अनुहारलाई चुनावी मैदानमा उतारे पनि नेकपा एमालेले भने विगतको संसदीय निर्वाचनमा दुई पटक पराजित उम्मेदवार ऋषि प्रसाद शर्मालाई तेस्रो पटक उम्मेदवार बनाएको छ भने नेकपा माओवादीले पूर्व गाविसअध्यक्ष खड्कबहादुर घर्तीलाई प्रतिस्पर्धामा उतारेको छ।

यता मध्यपश्चिम क्षेत्रकै महत्त्वपूर्ण क्षेत्रका रूपमा परिचित क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगरसमेत रहेको निर्वाचनक्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट संसदीय निर्वाचन जितेर राज्यव्यवस्था समितिको सभापतिसमेत भैसकेका युवा विधायक हृदयराम थानीलाई अघि सारेको छ भने नेकपा एमालेले एक पटक मन्त्री बनेर चर्चा पाएका यामलाल कँडेललाई उम्मेदवार बनाएको छ। माओवादीले निर्वाचनक्षेत्र नम्बर २ का लागि दलित समुदायको प्रतिनिधित्व गर्ने सीता विकलाई चुनावी मैदानमा उतारेको छ।

सुर्खेत निर्वाचनक्षेत्र नम्बर ३ मा कांग्रेसले तीन पटक निर्वाचित भएर मन्त्रीसमेत बनिसकेका विधायक शिवराज जोशीलाई चौथो पटक टिकट प्रदान गरेको छ भने नेकपा एमालेले जिल्ला कमिटी सचिव नवराज रावतलाई तथा माओवादीले नरबहादुर विष्टलाई उम्मेदवार बनाएको छ। विगतको संसदीय निर्वाचनमा नेपाली कांग्रेसले जितेका तीनवटै क्षेत्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीच नै प्रतिस्पर्धा हुने भएको छ।

सुर्खेतमा १५ वटा राजनैतिक दलका ३५ जना र एक स्वतन्त्र गरी ३६ जना उम्मेदवार चुनावी मैदानमा छन्। संविधानसभा सदस्य निर्वाचन सम्पन्न गराउन सुर्खेत जिल्लाका तीन निर्वाचनक्षेत्रमा मतदान अधिकृत र सहायक गरी १ हजार ५ सय ७८ जना कर्मचारी खटाइने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। पचास गाउँ विकास समिति तथा वीरेन्द्रनगर नगरपालिकामा गरी १ सय २ स्थानमा २ सय ५२ मतदान केन्द्र र ११ वटा अस्थायी मतदान केन्द्र राखिएको जिल्ला निर्वाचन कार्यालय सुर्खेतले जनाएको छ।

सुर्खेत जिल्ला क्षेत्र नम्बर १ मा ६७ हजार ९ सय १३ जना, क्षेत्र नम्बर २ मा ७६ हजार ७ सय ४६ र क्षेत्र नम्बर ३ मा ६९ हजार ५ सय २४ गरी २ लाख १४ हजार १ सय ८३ मतदाता तथा १० हजार ७३ जना अस्थायी मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

यसैगरी बर्दियाको क्षेत्र नम्बर ४ मा एमालेको उम्मेदवारी विवादले कांग्रेस तथा माओवादीबीच प्रतिपर्स्धा हुने सम्भावना छ। १ नम्बर क्षेत्रमा एमाले नेता वामदेव गौतमको स्थिति अन्य दलका उम्मेदवारको तुलनामा निकै मजबुत हुँदै गएको छ। २ र ३ नम्बरमा कांग्रेस र एमालेबीच मुख्य प्रतिस्पर्धा हुने भएको छ।

# रूपन्देहीमा त्रिपक्षीय भिडन्त

**टोपराज शर्मा**

बुटवल– लुम्बिनी अञ्चलको सदरमुकाम रूपन्देही जिल्ला यतिबेला चुनावमय भएको छ। जिल्लाका सातवटै निर्वाचनक्षेत्रमा प्रमुख राजनैतिक दल नेपाली कांग्रेस, एमाले तथा माओवादीले आफ्नो चुनावी कार्यक्रम तीव्र पारेका छन्। दलका उम्मेदवारहरूलाई मतदाताको घरदैलोमा पुगेर आफूलाई जिताउन अनुरोध गर्दै भोट माग्न, कार्यकर्ता भेला, प्रशिक्षण, चुनाव प्रचार समिति गठन गर्न भ्याई-नभ्याई छ। दलका कार्यकर्ताहरू पनि अरू काम पन्छाएर आफ्नो पार्टीका उम्मेदवारलाई जिताउन कम्मर कसेर लागेका छन्। रूपन्देहीमा विभिन्न राजनैतिक दल तथा स्वतन्त्र उम्मेदवार गरी १ सय ६१ जना संविधानसभा सदस्यका लागि चुनाव लड्दैछन्।

यसअघि ५ निर्वाचनक्षेत्र कायम गरिएको रूपन्देहीमा २०५६ को संसदीय निर्वाचनमा कांग्रेसले ४ सिट तथा सद्भावनाले १ सिट जितेका थिए। नयाँ शक्तिका रूपमा माओवादीको उपस्थितिले यसपटक धेरै ठाउँमा त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिन्छ तर एमाले र माओवादीबीच तालमेल नभए परिणाम कांग्रेसकै पोल्टामा पर्ने बढी सम्भावना भएको विश्लेषकहरू बताउँछन्।

७७ हजार ७ सय १२ मतदाता रहेको रूपन्देहीको क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसले पार्टी विभाजन हुँदा प्रजातान्त्रिकका जिल्ला सभापति भएका मुस्लिम समुदायका अब्दुल रज्जाकलाई उम्मेदवार बनाएको छ भने एमालेले बाबुराम चौधरीलाई उठाएको छ। पहिलो पटक निर्वाचनमा आएको माओवादीले एमाले छोडेर आफ्नो पार्टीमा आई जिल्ला सचिव भएका प्रभावशाली नेता घनश्याम यादवलाई मैदानमा उतारेको छ। उता राष्ट्रिय प्रजातन्त्र पार्टीले २०५१ मा चुनाव जितेका पार्टीका महामन्त्री दीपक बोहरालाई उठाएको छ। अघिल्लो निर्वाचनमा कांग्रेसबाट चुनाव जितेका दुर्योधन सिंह चौधरीले टिकट नपाएको अवस्थामा अघिल्लो चुनावमा १ हजार मत अन्तरले चुनाव हारेका बोहराको स्थितिलाई पनि कम आँक्न मिल्दैन। देवदह, केरवानी, मक्रहर, धकधईमा माओवादीको बढी प्रभाव र अन्य ८ गाविसमा सबैका मतदाता रहेको यो क्षेत्रमा यसपटक कांग्रेस, एमाले, माओवादी र राप्रपाबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ तर परिणाम कसको पक्षमा जान्छ किटेर भन्न सकिने अवस्था छैन। यो क्षेत्रमा सद्भावना महतो पक्षका रामबहोर राय, मधेसी जनअधिकार फोरमका सन्तोष पाण्डे, तराई मधेस लोकतान्त्रिक पार्टीका महेन्द्र यादव, नेकपा संयुक्तका नाथु यादव, राष्ट्रिय जनमोर्चाका इन्दप्रसाद केवट, नेकपा एकीकृतको निमकला सिञ्जाली, नेपाल सद्भावना पार्टीका कृष्णबहादुर नेपाली, जनमोर्चाका जितबहादुर विश्वकर्मा तथा महेन्द्रप्रसाद कुर्मी, ओमप्रकाश न्यौपाने, योगेन्द्रप्रसाद कुर्मी र रामनरेश कहारले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

सिद्धार्थनगर नगरपालिका (भैरहवा) तथा मधवलिया, हाटिफर्साटिकर, पड्सरी, चिल्हिया, मैनहिया, हाटिबनगाई, बगाहा र वसन्तपुर गाविसका ७७ हजार ५सय ६१ मतदाता रहेको क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका केन्द्रीय कोषाध्यक्ष रामकृष्ण ताम्राकार, माओवादीका विधायक विनोदकुमार उपाध्याय तथा एमालेका देवीप्रसाद चौधरीबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। २०५६ को निर्वाचनमा एमालेका बुँद रानालाई २ हजार मत अन्तरले जितेका भैरहवाका स्थायी बासिन्दा ताम्राकारलाई आफ्ना प्रतिद्वन्द्वी चौधरीको मत काटिदिने त्यस क्षेत्रका प्रभावशाली माओवादी नेता उपाध्यायको उम्मेदवारीले ठूलै राहत दिएको छ। पूर्व जिल्ला जनसरकार प्रमुखसमेत रहेका माओवादीका उपाध्यायले राम्रै मत ल्याउने बताइन्छ। चुनावी प्रतिस्पर्धामा राप्रपाका हजरत अलि मुसलमान, सदभावना महतोका रतनकुमार गुप्ता, नेपाल सद्भावना पार्टी आनन्दीदेवीका कैलाश गुरुङ, फोरमका ओमप्रकाश यादव, नेकपा संयुक्त मार्क्सवादीका तर्फबाट देवराज पूर्विया थारू, राष्ट्रिय जनमोर्चाका बद्रे आलम मुसलमान, नेपाल समता पार्टीबाट मोहन सिंह राना, नेकपा एकीकृत ज्ञानेन्द्रप्रसाद पौडेल र जनमुक्ति पार्टीका यमबहादुर थापा तथा स्वतन्त्र रामु यादव र रामबहादुर श्रेष्ठले पनि पनि धेरथोर मत ल्याउनेछन्।

८० हजार ४३ मतदाता रहेको क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्व राज्यमन्त्री बालकृष्ण खाँण, एमालेका जिल्लासचिव लिला गिरी, माओवादीबाट अखिल क्रान्तिकारीकी केन्द्रीय सदस्य तेजकुमारी पौडेल आदि उम्मेदवार चुनावी मैदानमा उत्रिए पनि यो क्षेत्रमा कांग्रेस र एमालेबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। एमालेको प्रभाव क्षेत्र शंकरनगर, करहिया, आनन्दवन र कांग्रेसको प्रभाव क्षेत्र टिकुलीगढ, हर्नैया, दयानगर, मानमटेरिया, पश्चिम अमुवा, मानपकडी, ख.बनगाई आदि ११ गाविस रहेको यो क्षेत्रमा अघिल्लो पटक एमालेलाई झिनो मतले जितेको कांग्रेसलाई यसपटक माओवादीको उपस्थितिले मात्रै चुनाव जित्न सजिलो हुने मानिन्छ। अझ एमालेले यो क्षेत्रमा लोकप्रिय युवा नेता घनश्याम भुसाललाई टिकट नदिएकाले एकथरी एमालेहरू असन्तुष्ट भएको बताइन्छ। त्यसमाथि माओवादीले एमालेको थोरै मत मात्र काटे पनि खाँणको जित पक्का भएको विश्लेषण जानकारहरू गर्छन्। यो क्षेत्रमा सदभावना महतोका चन्द्रमान तिवारी, तराई-मधेस लोकतान्त्रिक पार्टीका शिवकुमार चौधरी, नेकपा मालेका गोपालमणि गौतम, नेकपा संयुक्त मार्क्सवादीका मण्डली थारू, राजमोकी कल्पना पोखेल, नेकपा एकीकृतका गोपाल पौडेल, नेपाल सद्भावना पार्टी आनन्दीदेवीका बसीउल्लाह फकिर, राप्रपाका शेखर बुढाथोकी, नेमकिपाका हरिसुन्दर बासी, फोरमका ओमप्रकाश दुबे र राष्ट्रिय जनमुक्ति पार्टीका नरबहादुर गुरुङ तथा रमेशप्रसाद थारु, भेषराज कँडेल, जयलाल चापागाईं र सरस्वती बरालले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

बुटवल नगरपालिका तथा मोतीपुर र सेमलार गाविस गरी ८६ हजार ४ सय ३९ मतदाता रहेको क्षेत्र नम्बर ४ मा पनि नेपाली कांग्रेसका सूर्यप्रसाद प्रधान र एमालेका विष्णु पौडेलबीच द्विपक्षीय प्रतिस्पर्धा हुने स्थिति छ। २०५६ सालको निर्वाचनमा पौडेललाई ५ सय मतले हराएका प्रधान नेवार समुदायको बाहुल्यता रहेको बुटवलका स्थायी बासिन्दा हुन्। सोझा, इमान्दार र समाजसेवीको छवि बनाएका पूर्व नगरप्रमुख प्रधानका लागि मुख्य प्रतिस्पर्धी एमाले स्थायी समिति सदस्य एवं पूर्वमन्त्री विष्णु पौडेललाई हराउन माओवादीका उम्मेदवार भक्ति पाण्डेको उम्मेदवारी सहायकसिद्ध हुने धेरैको विश्लेषण छ। यो क्षेत्रमा उम्मेदवारी दिएका राप्रपाका बुद्धिप्रसाद शर्मा, सद्भावना महतोका सौकत अली, नेकपा संयुक्त मार्क्सवादीका अम्बिकाप्रसाद थैव, राजमोका कृष्णवम मल्ल, नेपाल सद्भावना पार्टी आनन्दीदेवीका राधेश्याम केवट, नेकपा एकीकृतका तेजप्रसाद शर्मा र राष्ट्रिय जनमुक्ति पार्टीका कमल थापा तथा स्वतन्त्र उम्मेदवारी दिएका अग्निधर न्यौपाने, कृष्णप्रसाद घिमिरे र शोभाकान्त लम्सालको खासै मत आउने देखिदैन।

७२ हजार ४७ मतदाता रहेको क्षेत्र नम्बर ५ मा कांग्रेसका भरतकुमार शाह, एमालेका केन्द्रीय सदस्य रामनाथ ढकाल र माओवादीका जिल्ला इन्चार्ज वसन्त श्रेष्ठबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। सालझन्डी, पर्रोहा, दुधराक्ष, गजेडी, रुद्रपुर, साडी, सूर्यपुरा र विष्णुपुरा आदि गाविसमा माओवादीको उल्लेख्य प्रभाव भएको र एमालेका तर्फबाट विद्रोही उम्मेदवार नेत्रप्रसाद घिमिरे उठेका कारण यसअघि चुनाव जितेका शाह यसपटक पनि चुनाव जित्ने कुरामा ढुक्क देखिन्छन् तर माओवादीका श्रेष्ठ तथा एमालेका ढकाल पनि चुनाव आफैंले जित्छु भन्नेमा आशावादी छन्। माओवादी उपस्थिति बलियो मानिएको यो क्षेत्रको परिणाम कसको पक्षमा जान्छ, यसै भन्न सकिंदैन। यो क्षेत्रमा नेपाल सद्भावना पार्टी आनन्दीदेवीका रङ्गीलाल लोध, सद्भावना महतोका राजेन्द्रप्रसाद गुप्ता, फोरमका मोहम्मद इस्लाम, राप्रपाका विशाल ज्ञवाली, मजदुर किसान पार्टीका जगीलाल थापा, राजमोका गणेशप्रसाद गौतम, एकीकृतका लक्ष्मीकान्त पौडेल, जनमुक्तिका भैरवबहादुर थापा तथा स्वतन्त्र नाथु चौधरी र देवी प्रसाद आचार्यले पनि उम्मेदवारी दिएका छन्।

६८ हजार ४ सय ७९ मतदाता रहेको क्षेत्र नम्बर ६ को अवस्था अलि बेग्लै छ। यहाँ राप्रपा छोडेर तराई मधेस लोकतान्त्रिक पार्टीमा प्रवेश गरी उम्मेदवार भएका सर्वेन्द्रनाथ शुक्ला तथा स्वतन्त्र उम्मेदवारी दिएका यज्ञजित शाहबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। २०५६ को निर्वाचनमा सद्भावना पार्टीबाट चुनाव लड्दा प्रतिद्वन्द्वी शुक्लालाई ५ हजार मतले हराएका शाह यसपटक पनि आफूले नै चुनाव जित्नेमा ढुक्क देखिन्छन् भने २०५१ को चुनाव जितेका शुक्ला शाहले पाउने मत छिन्नभिन्न भएकाले परिणाम आफ्नो पक्षमा आउने दावी गर्छन्। यो क्षेत्रमा राजनैतिक दलहरूबीच भन्दा पनि प्रभावशाली उम्मेदवारहरूबीच प्रतिस्पर्धा हुनेछ। व्यक्तित्वका हिसाबले पनि शुक्ला र शाह उत्तिकै प्रभावशाली भएकाले कसले बाजी मार्ने हो यसै भन्न नसकिने विश्लेषकहरू बताउँछन्।

मधेसी समुदायको बाहुल्यता भएका कम्हरिया, गोनहा, बोगडी, बगौली, फरेना, बेतकुइया, असुरैना आदि १४ गाविस रहेको यो क्षेत्रमा कांग्रेसका अष्टभुजा पाठक, एमालेका बाबुलाल यादव तथा माओवादीका देबेन्द्र पाण्डे आदि उम्मेदवार चुनावी प्रतिस्पर्धामा शुक्ला र शाहभन्दा पछाडि नै मानिन्छन्। यो क्षेत्रबाट सद्भावना महतोका रामशंकर त्रिपाठी, फोरमका ओमप्रकाश यादव, राप्रपाका राजकुमार सिंह, सद्भावना आनन्दीदेवीका हरिषचन्द्र सैथवार, राजमोका सानोअरि केवट, नेकपा एकीकृतका परशुराम कुर्मी तथा रामरतन केवट पनि चुनाव लड्दैछन्।

जिल्लामा सबैभन्दा कम ६० हजार ६ सय १७ मतदाता रहेको क्षेत्र नम्बर ७ मा नेपाल सद्भावना पार्टीका नेता एवं आपूर्तिमन्त्री श्याम सुन्दर गुप्ता चुनावी प्रतिस्पर्धामा अरू दलका उम्मेदवारभन्दा अगाडि रहेको बताइन्छ। गुप्ताको मुख्य प्रतिस्पर्धीका रूपमा तराई-मधेस लोकतान्त्रिक पार्टीका कमलेश्वर पुरी देखिन्छन् भने एमालेका लैलानिसा मुसलमान, माओवादीका मकसुद अली, सदभावना महतोका मनमोहन चौधरी चुनावी दौडमा गुप्ता र पुरीभन्दा पछाडि नै मानिन्छन्। मधेसी समुदायकै बाहुल्यता रहेको यो क्षेत्रमा नेपाली कांग्रेसले पहाडी समुदायका छविलाल भुषाललाई उम्मेदवार बनाएकाले उनको अवस्था त्यति बलियो मानिँदैन। जिल्लामा पिछडिएको मानिने दक्षिणी क्षेत्रका लुम्बिनी आदर्श, जोगडा, धमौली, मसिना, एकला, खुदाबगर, तेनुहवा, मधुवनी, सिपवा, आमा, भगवानपुर, रोइनिहवा, थुम्हापिपरा र करौता गाविस रहेको यो क्षेत्रमा राष्ट्रिय जनमोर्चाका हेमन्तदास कुर्मी, जनमोर्चा नेपालका फिरोजुद्दिन मुसलमान, जनशक्तिका मोहम्मद हुसेन र नेकपा एकीकृतका शेरबहादुर राना तथा विक्रमप्रसाद यादव (स्वतन्त्र) पनि चुनाव लड्दैछन्।

**दुई जना समलिंगी र एक रिक्साचालक पनि उम्मेदवार**

तेस्रो लिङ्गीको प्रतिनिधित्व गर्दै समलिंगी रामकिसन गुरुङ र सन्तबहादुर पुनले रूपन्देहीको क्षेत्र नम्बर २ र ४ मा उम्मेदवारी दिएका छन्। यस्तै रिक्साचालक हजारीलाल माली नेकपा मार्क्सवादीका तर्फबाट रूपन्देहीको क्षेत्र नम्बर ३ मा उम्मेदवार बनेका छन्। उनीहरूले जित्नका लागि नभै आफ्नो पहिचानका लागि उम्मेदवारी दिएको बताएका छन्।

२ नगरपालिका र ६९ गाविस रहेको रूपन्देहीमा मतदातालाई भोट खसाल्नका लागि २ सय स्थानमा ६ सय मतदान केन्द्रको व्यवस्था गरिएको छ। यस्तै समानुपातिक प्रणालीतर्फ मतदान गर्न पाउने नेपाल सेना, जनमुक्ति सेना, प्रहरी र कर्मचारीका लागि क्षेत्र नम्बर २ र ३ का ७ स्थानमा ९ अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको छ। चुनाव सम्पन्न गर्न १२ सय म्यादी सहित २५ सय जना जनपथ प्रहरी, १ सय ७२ जना स्वयंसेवक, ७९ जना सहजकर्ता र ७ वटै क्षेत्रमा एकएक जनाको दरले सुपरिवेक्षक खटाइएको जिल्ला निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्लामा निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गर्न दलहरूले प्रतिबद्धता जनाएका छन्। शान्ति-सुरक्षा सुदृढ बनाइएको र सौहाद्रपूर्ण वातावरणमा चुनावी गतिविधि अघि बढेको प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेले बताए। रूपन्देही जनसंख्याको हिसाबले देशकै तेस्रो ठूलो जिल्ला हो। २०५८ सालको जनगणनाअनुसार यो जिल्लामा ३ लाख ६० हजार ७सय ७३ पुरुष र ३ लाख, ९९ हजार ३१ जना महिला छन्। यहाँ सबैभन्दा बढी भोजपुरी भाषी ३ लाख ५७हजार ९ सय १७, नेपाली भाषी २ लाख ४४ हजार ९ सय ४५ जना र त्यसपछि क्रमश: थारु, मगर, गुरुङ, नेवार तथा अवधिभाषी बसोबास गर्छन्।

## संविधान सभाको चुनावी गणित

# रमाइलो गरी मनाऔं होली



होली सबैले मनाउँछन् । यसमा उमेरको कुनै बन्देज हुँदैन, तर पनि युवा पुस्ताले अन्य उमेर समूहका मानिसहरूको तुलनामा बढी नै मोजमस्तीका साथ यो पर्व मनाएको पाइन्छ । होलीमा विकृति भित्रिएको आरोप पनि यो पुस्तामाथि नै लगाइन्छ । अझ यो मामिलामा युवतीभन्दा युवाहरू नै अगाडि रहेको आरोप पनि नलागेको होइन, यद्यपि अन्नपूर्ण कलेजका राजन मानन्धर यो कुरामा असहमति जनाउँछन् । मानन्धरका अनुसार युवतीहरूलाई हरेक क्षेत्रमा शोषित देख्ने समाजका कारण पनि यो धारणा बनेको हो । वास्तवमा उनीहरू यो मामिलामा छुपेरुस्तम हुन्छन् । युवतीहरू पनि समूह बनाएर कमसेकम लुकेर भए पनि यो कार्य गरिरहेका हुन्छन् । उनको कुराको तत्काल प्रतिवाद गरिन् सगरमाथा मल्टिपल कलेजकी ज्योति थापाले । थापाका अनुसार युवतीहरूको तुलनामा युवाहरूको हातबाट लोला निस्कँदा निस्कने फोर्सका कारण पनि उनीहरूलाई भौतिक रूपमा बढी असर पुगेको हुन्छ । थापाको अनुभव छ, एक पटकको होलीमा कुनै युवाको हातबाट निस्किएको लोलाका कारण उनको गालामा चोट नै लागेको थियो ।

साप्ताहिकले आयोजना गरेको छलफल कार्यक्रममा विभिन्न कलेजका विद्यार्थीले खुलेर होलीका बारेमा आफ्ना धारणा व्यक्त गरे । छलफल कार्यक्रममा अन्नपूर्ण कलेजका राजन मानन्धर, गोल्डन गेट इन्टरनेसनल कलेजका दामोदर पौडेल, टाइम्स इन्टरनेसनल कलेजका श्याम मेजर, सगरमाथा मल्टिपल कलेजकी ज्योति थापा, न्यू समिट कलेजका सुरित भट्टराई, बाग्मती मोडर्न कलेजका अनुप अधिकारी र इन्टेन्सिभ इन्टरनेसनल कलेजकी शिलु सायमी संलग्न थिए । बीचबीचमा विचारोत्तेजक तर्कहरूका साथ बहस भए पनि सबैले अर्कालाई इच्छा विपरीत रंग वा अन्य तरल पदार्थले भरिएका लोलाहरू नहान्ने र साथीभाइहरूबीच रमाइलो गर्न नै यो पर्वलाई केन्द्रित गर्नुपर्छ भन्ने निष्कर्ष निकाले । अझ सम्भव भएसम्म त यो पर्वलाई सुधार गरेर लान पनि युवापुस्ता तयार रहनुपर्छ भन्ने सबैको मान्यता रह्यो ।

काठमाडौं उपत्यकामा होलीको उत्पत्तिस्थल वसन्तपुरलाई मानिन्छ । उक्त स्थानमा चीर ठड्याएपछि नै उपत्यकाको होली प्रारम्भ हुन्छ । यसैकारण अधिकांश युवायुवती होलीको मेन स्पट वसन्तपुरलाई नै मान्छन् । साथीभाइसँग भेटघाट गरेर यसको शुभारम्भ गर्ने कार्य यहीबाट हुने उनीहरूको भनाइ छ । खास गरी प्लस टु लेवलका विद्यार्थीहरूले धीत मारेर यो पर्व मान्न नपाउने गुनासो छ राजनको । वैशाखतिर परीक्षा हुने भए पनि उनीहरूको आन्तरिक परीक्षा भने चैतमै हुन्छ । परीक्षाको तयारीका लागि चटारो पर्ने समयमा यो पर्व पर्दा नरमाइलो लाग्नु स्वाभाविक पनि हो । यद्यपि आफूहरूले यसलाई रिफ्रेसमेन्टका रूपमा मनाउने गरेको उनको भनाइ छ । हुन पनि हो, परीक्षाका लागि सधैं तयारी मात्र गर्नु पनि त भएन नि ।

**होलीभन्दा अगाडि**

होलीको दिन औपचारिक रूपमा बिदा हुने भए पनि केही अघिदेखि नै यसको मौसम प्रारम्भ भैसक्छ । यो अवस्थामा बाटोमा हिंड्नसमेत गाह्रो हुन्छ, खासगरी युवतीहरूलाई । इन्टेन्सिभकी शिलु यसमा युवाहरूको दोष बढी देख्छिन् । खासगरी सडकछेउमा रल्लिएर बसिरहेका युवाहरू युवतीहरूलाई लोला हान्न पाए भने बहादुर बनेको विश्वास गर्छन् । यसैका कारण उनीहरूजस्ता विद्यार्थी कलेजै नआउने र अफिसमा काम गर्ने महिलाहरू अफिस पुग्न नसक्ने वातावरण बन्छ । बाग्मतीका अनुप अधिकारीका अनुसार युवतीहरूले ओभर रियाक्ट गर्ने भएका कारण पनि यस्तो भएको हो । अनुप भन्छन्– यो कार्यबाट युवाहरू पनि पीडित बनेका हुन्छन् । युवाहरू त कमसेकम देखिएरै लोला हान्छन्, तर युवतीहरू कुनै गल्ली अथवा घरको छतमा लुकेर यो कार्य गरिरहेका हुन्छन् ।

'होलीलाई विजयको प्रतीक मानिन्छ । यो मान्यता सबै युवामा हुन्छ, तर चिन्नु न जान्नुका मानिसलाई बाटोमा देख्नासाथ जस्तो सुकै फोहोर पानीले भिजाउनु राम्रो होइन ।' टाइम्सका श्याम मेजरको भनाइ छ । बाटोमा हिंड्ने मानिसलाई जथाभावी फोहोर पदार्थले हिर्काइदिंदा गन्तव्य स्थलमै पुग्न नसकिने अनुभव धेरैले गरेका हुन्छन् । यही कुरालाई कसरी समाप्त पार्ने भन्ने उद्देश्य सबैले राख्नु पर्छ ।

होलीको दिनमा प्रायः मानिसहरू बाटोमा हिंड्न चाहँदैनन् । लोला खाइन्छ भन्ने डरले पनि उनीहरू सकेसम्म घरबाट बाहिर निस्कन चाहँदैनन् । एक-अर्कालाई रमाइलोका लागि रंग र लोला हान्नु खासै नराम्रो पनि मानिँदैन, तर योभन्दा अगाडिका दिनमा हुने विभिन्न हर्कतका कारण धेरै मानिस आजित बनेको पाइन्छ । अनुपसँग एउटा तीतो अनुभव छ । उनले धेरै दिनसम्म कुहिएको मदिरा राखिएको लोलाको झटारो खाएका थिए । अनुप भन्छन्– 'लोला शरीरमा बज्रिनासाथ नराम्रो गन्ध आयो । पछि त्यो मदिराको गन्ध हो भन्ने पत्ता लाग्यो । मलाई घर पुग्न पनि गाह्रो भयो । बाटोमा अन्य मानिसको नजिक जान पनि गाह्रो भयो ।'

**होलीको दिन**

नचिनेका मानिसलाई प्रभावित नगरी मनोरञ्जनका लागि होली मनाउनु ठीक हो । यो मान्यता छलफलमा सहभागी सबैको छ । होली मनाउने तरिका पनि मानिसअनुसार फरक-फरक हुन्छ । खासगरी युवायुवती आफ्नो समूह बनाएर बाइक अथवा मिनीटाटामा चढेर सहरका विभिन्न भागमा घुम्ने चलन पनि बढेको छ । यो अवस्थामा आफ्नो समूहबीचमै रंग छ्यापेर रमाइलो गर्नु राम्रो पनि हो, तर कतिपय अवस्थामा अर्को समूहसँग झडप हुने सम्भावना पनि हुन्छ । ज्योति भन्छिन्– एक पटक अर्को समूहका व्यक्तिहरूले हाम्रो समूहकालाई मोबिलले हाने । उनिहरूले मदिरा पनि पिएका थिए । त्यति बेला झगडा परेर प्रहरी नै आउनुपर्ने अवस्था उत्पन्न भयो । यसो हुनु राम्रो होइन ।

गोल्डन गेटका दामोदरको घर तराईमा पर्छ । तराईमा होली मनाइने फरक शैली छ । दामोदर भन्छन्– त्यहाँका युवाहरू पनि आ-आफ्नो समूह बनाएर चोकचोकमा रमाइलो गर्दै हिंड्छन् । तीमध्ये गाउँको मुख्य चोकमा मट्का फुटाउने प्रतियोगिता हुन्छ । मट्का कुनै अग्लो स्थानमा राखिएको एक प्रकारको भाँडो हो । उक्त मट्का जसले फुटायो, ऊ बहादुरमा गनिन्छ । उसले पुरस्कार पनि पाउँछ । यो एउटा रोचक प्रतियोगिता भए पनि कतिपय अवस्थामा युवाहरूबीच यसैका लागि झडपसमेत हुन्छ । यसलाई भने सुधार गर्नुपर्ने आवश्यकता छ ।

न्यु समिटका सुरितसँग म्यान्मारमा होली मनाएको अनुभव छ । त्यहाँ होली मनाउने कामको सुरुवात भिक्षुहरूबाट हुन्छ । पानीमा मीठो वासना आउने अत्तर छरेर उनीहरू एक-अर्कालाई पानी छ्याप्छन् । एउटा सानो बट्टामा रहेको यो अत्तर प्रशस्तै पानीमा घोल्न सकिन्छ । अनि छ्यापेको पानी कुनै व्यक्तिको शरीरमा लाग्यो भने शरीर नै सुगन्धित हुन्छ । सम्भव भएसम्म यो संस्कृतिको विकास गर्दा राम्रो हुने उनको तर्क छ ।

**विकृति पनि**

होलीका नाममा विकृतिको समेत विकास भैरहेको छ । गाँजा, भाङ र मदिरा आदि पदार्थ सेवन गर्नुपर्छ भन्ने मान्यता बढी रहेको पाइन्छ । वास्तवमा यस्तो परम्पराको विकास हुन दिनुहुँदैन भन्ने मान्यता सबै सहभागीको रह्यो । यसबाहेक पानीमा अण्डा, मोबिल, नराम्रा किसिमका रङ तथा ग्रीजसमेत मिसाइएको पाइन्छ । सुरित भन्छन्– त्यसै त पानीको समस्या हुने राजधानीमा यसरी फोहोर पदार्थ र स्थायी रूपमै रहने पदार्थको प्रयोगले निकै समस्या उत्पन्न गर्छ ।

सामान्य रङ र अबिर प्रयोग गर्नु खासै नराम्रो मानिँदैन । अझ सफा पानी प्रयोग गर्नु सबैभन्दा बुद्धिमानी हो, तर यो पनि अलि गाह्रै काम छ । त्यसरी जथाभावी फ्याँक्ने गरी पानी पाउनु पनि त पर्‍यो । शिलु भन्छिन्– जे कुरा पनि संविधानसभाको चुनाव पछि हुन्छ भन्ने होला । यसका लागि पनि संविधानसभा पर्खनुपर्‍यो, किनभने संविधानसभाको निर्वाचनपछि त मेलम्चीको पानी पनि आउँछ कि ? अनि त्यसपछि भने उपत्यकावासीले ढुक्क भएर सफा पानी प्रयोग गरी होली खेल्न पाउनेछन् ।

**रमाइलो गरौं**

जे भए पनि सकेसम्म सफा पानीको प्रबन्ध गरी होली मनाउनु फाइदाजनक र रमाइलो पनि हुन्छ । यो अवस्थामा अरूको इच्छाविपरीत रंग र पानी समेत छ्याप्नु हुँदैन । यो दिन सकेसम्म पुराना कपडा लगाउनुपर्ने धारणा सबै सहभागीको रह्यो । रङ लागे पनि धुनु नपर्ने, अनि फ्याँक्दा पनि केही फरक नपर्ने कपडा लगाउनु उत्तम हो । यसबाहेक राम्रा कपडा छन् भने पनि चाँडै सुक्ने र हल्का कपडा लगाउनु बुद्धिमानी हुन्छ । सबैको सहमति त अझ रेनकोट लगाउनेमा पनि भयो । रेनकोट लगाउँदा धुन र सफा गर्न त सजिलो भयो नै, पानी र अन्य पदार्थले शरीरमा असर पनि गर्ने भएन । शैली जस्तो भए पनि सभ्य र मनोरञ्जक ढंगले होली मनाउँदा संस्कृतिको पनि रक्षा हुन्छ र साथीभाइबीचको सम्बन्धमा पनि सुमधुरता आउँछ । सबैको आग्रह छ– होलीमा रमाइलो गरौं, तर अरूलाई असर नपारौं ।

**प्रस्तुति : एकराज**

# पहाडको रकिङ होली

**भिषा काफ्ले**

धनकुटा- विशेष गरी तराईक्षेत्रमा हर्षोल्लासका साथ मनाइने होली केही वर्षयता पूर्वी पहाडी जिल्लाहरूमा पनि धूमधामका साथ मनाइन थालिएको छ । रंगको चाड भनिने यो पर्वमा बालकदेखि वृद्ध सबैको उत्तिकै उत्साह देखिन्छ । अझ त्यसमा पनि युवा-युवतीहरू त अनेक किसिमले होली मनाउन थालेका छन् । होलीलाई रंगको पर्व मात्र नभएर रकिङ होली नै बनाउँछन् ।

पाँच वर्षअघिसम्म होली खेल्न तराई नै झर्नुपर्थ्यो, तर अहिले पहाडी बजारहरू होलीको दिन रंगिन हुन थालेका छन् । यातायात र सूचनाको विकाससँगै तराई र पहाडमा मनाइने चाडपर्वको दूरी अहिले कम भैसकेको छ । छिटफुट रूपमा बजारी क्षेत्रमा मनाइँदै आएको होलीको प्रभाव ग्रामीण भेगमा पनि पर्न थालेको छ । केटाकेटीहरू एक साताअघिदेखि नै रंग संकलन गर्न, लोला तयार गर्न र पिचकारी किन्न र बनाउन थालिसकेका छन् । आफ्नो उमेर समूहका केटाकेटी, युवायुवतीदेखि लिएर व्यावहारिक मानिसहरू पनि होलीका लागि जुटिसकेका छन्, तर यी तीनै खाले पुस्ताको होली खेल्ने तरिका भने फरक छ ।

**केटाकेटीको होली**

विशेष गरी चाडपर्वलाई रमाइलोका लागि मनाउने समूह हो– केटाकेटी । अरूले होली खेलेको देखेर खेल्ने यो समूह विभिन्न रङको खोजीमा एक सातादेखि नै तल्लीन हुन्छ । एक निश्चित क्षेत्र बनाई चोक-चोकमा बसेर लोला हान्ने, पिचकारीले रङ छर्कने र आफ्ना उमेरका साथीभाइहरूको समूह बनाई बस्ने यस्तो समूहले पुर्ण मनोरञ्जनका लागि होली खलेको देखिन्छ ।

**युवा-युवतीको होली**

पोहोर साल होली नखेल्ने भनेर बसेकी धनकुटा-५ की २० वर्षीया प्रनिता परियारमा होली खेल्ने कुनै रहर थिएन । प्रनितालाई उनकै कलेजका साथीहरू आएर जबर्जस्ती होली खेलाएको स्मरण गर्दै भन्छिन्- 'घरमै बसिरहेकी थिएँ, साथीहरू आएर अबिर लगाइदिन थाले, अनि त नखेली सुखै भएन ।' यस पटक भने उनी आफैं होली खेल्न सुरु गर्ने भएकी छिन् । परियार भन्छिन्- 'होलीको दिन अबिर नलगाई त हुँदै हुँदैन, आफू नखेले पनि साथीहरू घरमै आएर अबिर लगाइहाल्छन्, बरु बेलैमा माइन्ड मेक-अप गरे अझ रमाइलो हुन्छ ।' समूह बनाएर एकै ठाउँमा नबसी चोक-चोकमा गएर एक-अर्कालाई रङ दलादल गर्दै होली मनाउने युवायुवतीको भिन्दै समूह नै हुन्छ ।

हूल-हूलमा हिंड्ने यस्तो समूह देखेर होली नखेल्ने मानिसहरू आफैं तर्कन्छन् । यस्तो समूह एक प्रकारले उट्पट्याङ नै हुन्छ । उनीहरू होली खेल्ने-नखेल्ने नछुट्याई मनोरञ्जन गर्नेतिर लाग्छन्, जसले गर्दा होलीको समयमा धेरै झगडा पनि भएका छन् । खास गरी कलेज लाइफका यी समूहहरू होलीलाई पर्वभन्दा पनि रकिङको राम्रो माध्यम मान्छन् । होलीको दिन भनेर कति युवा-युवतीहरूले नसालु पदार्थ (रक्सी, गाँजा आदि) जस्ता पदार्थहरू पनि प्रयोग गर्ने, केमिकल मिसाएको पानीले छ्यापिदिने, रङमा सिसाका टुक्रा आदि मिसाएको पनि गरेको पाइन्छ । होली एक सांस्कृतिक पर्व भएका कारण यसरी लागू पदार्थ खाएर, रङमा



विभिन्न केमिकल मिसाएर अर्कालाई हानि पुर्‍याउन नहुने धनकुटा ५ कर्मिटारकी राजकुमारी राईको मान्यता छ । राई भन्छिन्- 'यो अबिर अनि रङको पर्व भएका कारण अबिरको मात्र प्रयोग गरी आफ्नै साथिभाइहरूको समूहमा मात्र जमघट भएर होली मनाउनुको मज्जा नै भिन्न हुन्छ ।' उट्पट्याङ गर्ने, जबरजस्ती होली खेल्ने समूहहरूसँग भने राजकुमारीकै जस्तो धारणा छ धनकुटा-७ का सरोज भुजेलको । भुजेल भन्छन्- 'यो एउटा संस्कृति हो, यसलाई जगाइराख्न पनि होली खेल्नुपर्छ, तर अरूको अधिकार हनन गरेर होइन ।' यसको ठीक विपरीत धारणा राख्छन् धनकुटा मूर्तिढुङ्गाका दीपेन्द्र काफ्ले । काफ्ले भन्छन्- 'वर्ष दिनमा आउने होली पर्व सबैले मनाउनुपर्छ, कसैले रङ दलिदियो भन्दैमा रिसाउनु हुँदैन ।'

**व्यावहारिक होली**

धनकुटामा घर-परिवारभित्रै होली मनाउनेहरूको संख्या पनि कम हुँदैन । आफ्नै परिवार मात्र मिलेर मनाइने यस्तो होली सौहार्द, शालीन र भलादमी हुन्छ । घर-परिवार, छर-छिमेक मिलेर, होम पार्टी गर्दै एक-आपसमा विशुद्ध अबिरले होली खेलिन्छ । एक निश्चित समय अवधिभर मनोरञ्जन लिएपछि होलीको रौनक सकिन्छ । विगतमा परिवारमै होली खेलेका धनकुटा-७ का विशाल श्रेष्ठ यस पटक पनि घरमै आमाबुबा, दाजु-भाइ, दिदीबैनीसँग होली खेल्ने तरखरमा छन् । श्रेष्ठ भन्छन्- 'होलीको दिन बाहिर निस्कियो भने मुड नै अफ हुन्छ, त्यसैले बाहिर ननिस्की घरमै होली खेल्यो भने भिन्नै मज्जा हुन्छ ।'

पहाडी जिल्ला धनकुटा, तेह्रथुम, संखुवासभाका बजारहरूमा पनि होलीको प्रभाव निकै देखिँदै गएको छ । विगतदेखि नै पहाडी क्षेत्रमा एक दिन सरकारी विदा हुने भए पनि एक साताअघिदेखी नै होलीको चहलपहल सुरु भएको छ, तर यसरी तराईमा जस्तै पहाडी क्षेत्रमा केही वर्ष यतादेखि मनाइँदै आएको होलीमा पनि केही विकृती देखा पर्दै गएका छन् । यसलाई भने विशेष गरी युवा-युवतीको समूहले परिष्कृत गर्दै लानुपर्ने देखिन्छ ।

# तपाईंलाई होली कस्तो लाग्छ ?



मलाई सबै चाडजस्तै होली पनि मन पर्ने चाड हो । साथिभाइहरूसँग भेट हुने भएकाले मलाई यो पर्व रमाइलो लाग्छ, तर यो चाडका नाममा अरूलाई दुःख दिएको मन पर्दैन ।

**जयन सुब्बा मानन्धर, कोरियोग्राफर**

मलाई यो चाड अरू चाडजस्तो मन पर्दैन । मानिसलाई फोहोर पानि फ्याँक्ने, लोला हान्नेजस्ता कार्य हुने भएकाले यो पर्व फोहोरी लाग्छ ।

**मौसमी गुरुङ, गायिका**

असाध्यै मन पर्छ । म तराईवासी भएकाले होला, म मज्जासँग होली खेल्छु । मलाई होलीको दिन त चिन्नै सकिँदैन । हामी त दाँतमा पनि रंग दलेर होली खेल्छौं ।

**दीपाश्री निरौला, कलाकार**

रंगले अनुहारमा नराम्रो असर गर्ने भएकाले रंगसँग होली खेलेको मन पर्दैन, तर पानीसँग होली खेल्दा जाडो भाग्छ भन्ने भनाइ रहेकाले पानीसँग होली खेल्न रमाइलो लाग्छ ।

**यस कुमार, गायक**

चाडको हिसाबले राम्रो चाड हो । म आफू नखेले पनि अरूले खेलेको मन पर्छ, तर चाड आउनुअघिदेखि नै लोला हान्ने र पानी फ्याँक्ने चलन मन पर्दैन । यो कुरालाई हामी सबै मिलेर नियन्त्रण गर्नुपर्छ ।

**उदय सोताङ, गायक**

रंगको पर्व भएकाले मन पर्छ । गर्मी निम्त्याउने र धेरै रंगहरूसँग खेल्न पाइने भएकाले मलाई यो चाड मन पर्छ । यो चाडमा कुनै रोकटोक हुँदैन, जसले जोसँग खेले पनि हुन्छ, तर यसो भन्दैमा चाडको मिस युज भने गर्नु हुँदैन ।

**अरुणिमा लम्साल, नायिका**

होली सानोमा जति रमाइलो लाग्थ्यो अहिले त्यति रमाइलो लाग्दैन, तर पनि साथिभाइसँग मिलेर खेल्ने गरेको छु ।

**दीपेशकिशोर भट्टराई, गायक**

वर्ष दिनमा एक पटक आउने र खुसीयालीको रंग भर्ने भएकाले मलाई होली मन पर्छ । यही बहानामा साथिभाइहरूसँग भेटघाट पनि हुन्छ ।

**अनिल सिंह, गायक**

होली मन पनि पर्दैन, खेल्दा पनि खेल्दिनँ र अरूले खेलेको पनि मन पर्दैन । मलाई रंगले आकर्षण पनि गर्दैन ।

**जीवन लुइँटेल, नायक**

वसन्त ऋतुको आगमनसँगै आउने यो चाडमा प्रयोग हुने रंगजस्तै सबैको जीवनमा रंग भरिदिने चाड भएकाले होली मन पर्छ, तर अरूको इच्छाविना जबर्जस्ती खेलेको, रंग लगाइदिएको मन पर्दैन ।

**कला सुब्बा, मोडल**

आहा भन्ने जस्तो चाड लाग्दैन । दसैं-तिहारजस्तो रमाइलो हुँदैन । खासै होली खेलूँजस्तो त लाग्दैन, तर साथीभाइहरूले रंगाइदिने भएकाले अलि-अलि खेल्छु ।

**हेमन्त शर्मा, गायक**

म होली अलि-अलि खेल्ने भएकाले ठीकै लाग्छ । साथीहरूबीच मिलेर खेलेको त ठीकै हो । जबर्जस्ती खेल्न खोजेको र होली आउनुअघि नै लोला हान्नेजस्ता गलत काम गरेको मन पर्दैन ।

**प्राश्ना शाक्य, गायिका**

रंगको पर्व भएकाले होली मन पर्छ । अरू पर्वजस्तै राम्रोसँग मनाउँदा रमाइलो हुन्छ । परिवारको समय र दिन अनुकूल भयो भने होली खेल्छु ।

**शीतास्मा चन्द, मिस नेपाल**

यो पर्व मेरो हजुरबुबाको पनि हजुरबुबाको पालादेखि मनाइँदै आएको पर्व हो । आफन्तमा रमाइलोका साथ खेल्नु राम्रो हो तर अरूलाई जबर्जस्ती भिजाउने, रंग पोतिदिने काम एकदम नराम्रो हो । होलीजस्तो राम्रो संस्कृतिमा विकृति मिसाएर यसलाई लोप हुने बाटोतिर लानु हुँदैन ।

**किरण केसी, हास्यकलाकार**

होली एकदम राम्रो चाड हो । हामी सबै नेपाली हौं भनेर एक-अर्कामा मेलमिलाप बढाउने चाड हो होली । हिजोआज होलीको महत्त्व नबुझेर यो चाडको आडमा विकृति भित्र्याइएको छ, जुन एकदम गलत हो ।

**कुन्ति मोक्तान, गायिका**

होलीप्रति मेरो मिश्रित प्रतिक्रिया छ । सभ्य हिसाबले होली खेल्नु राम्रो हो तर अरूलाई दुःख दिने हिसाबले होली खेलेको मलाई मन पर्दैन ।

**जितु नेपाल, हास्यकलाकार**

एक-आपसमा मेलमिलाप बढाउने यो चाड मलाई एकदम मन पर्छ । यो चाडले आपसी मनमुटाव हटाएर एक-अर्कामा माया बढाउँछ । म सधैं होली खेल्छु र यसपालि पनि रमाइलोसँग खेल्ने योजना छ ।

**संचिता लुइँटेल, नायिका**

होलीको दिन मात्र होली खेलेको मन पर्छ । होली आउनु अघिदेखि लोला हानेको पटक्कै मन पर्दैन । म होलीको दिन भने रमाइलोसँग रङ्गिन्छु ।

**नलिना चित्रकार, गायिका**

अनुहारमा रंगको एलर्जी हुने भएकाले म आफू होली खेल्दिनँ, तर अरूले खेलेको मन पनि पर्छ र म अरूले होली खेलेको हेरेर मनोरञ्जन पनि गर्छु ।

**आलोकश्री, संगीतकार**

जीवन पनि विभिन्न रंगजस्तै हो, त्यसैले मलाई होलीको रंगले आकर्षण गर्छ । मलाई होली खेल्न रमाइलो लाग्छ । यसपालि पनि म कोमल वलीसँग होली हंगामा नाम दिएर आफ्ना साथिभाइसँग होली खेल्दैछु ।

**कोमल वली, गायिका**

होली एउटा ठूलो चाड हो । अरू चाडजस्तै म यो चाड पनि परिवारसँग रमाइलोका साथ मनाउँछु । यो चाडले दुःख बिर्साएर केही क्षणलाई भए पनि खुसी प्रदान गर्छ ।

**अमर तण्डुकार, गायक**

होली म रमाइलोका साथ मनाउँछु । म इन्डियामा पढेकाले त्यहाँ छँदा होली धेरै रमाइलोसँग मनाउँथें । यहाँ म आफू पनि होली खेल्छु र अरूले खेलेको पनि मन पर्छ ।

**आनन्द कार्की, गायक**

लोला हान्ने, फोहोर पानि फ्याँक्ने भएकाले मलाई होली मन पर्दैन । सानो छँदा त तराईमा रमाइलोका साथ होली खेले पनि अहिले होली खेल्न मन लाग्दैन ।

**ऋचा घिमिरे, नायिका**

रमाइलो लाग्छ । यो समाजले मनाउदै आएको चाड हो । चलिआएको चलनलाई हामीले पनि निरन्तरता दिनुपर्छ । यसमा भएका विकृतिहरू हटाउन सक्यो भने यसलाई एउटा महान् र रमाइलो चाडका रूपमा लिन सकिन्छ ।

**पवित्रा सुब्बा, गायिका**

मलाई सबैभन्दा मन पर्ने चाड नै होली हो । होलीलाई म विशेष चाडका रूपमा लिन्छु । (हास्दै) मलाई लोला हानेको मन पर्दैन, तर अरूलाई लोला हान्न भने रमाइलो लाग्छ ।

**रेखा थापा, नायिका**

होली मलाई रमाइलो लाग्छ । दिल खोलेर रंग लगाउन पाइन्छ । यसपालि रमाइलोसँग होली खेलेर संविधानसभामा भोट हाल्न जाने योजना बनाएको छु ।

**रवि डंगोल, हास्यकलाकार**

विशेष रंगको चाड भएकाले मलाई होली मन पर्छ । यो समयमा जुन पायो त्यही रंग दलेर हिंड्न पाइन्छ । नबोलेको व्यक्तिसँग पनि बोलिन्छ । यो चाडमा माया र खुसी मात्र हुन्छ, अरू केही हुँदैन ।

**बाबु बोगटी, गायक**

म आफू तराईको भएकाले होलीमा गाँजा, मिठाई खान र रंग दलेर मस्त हुन रमाइलो लाग्छ । यसपालि पनि पहिलेझैं होली खेल्ने विचार छ ।

**छविराज ओझा, चलचित्र निर्माता**

धेरै मान्छेसँग भेट हुन्छ, खुसीको मुड हुन्छ, त्यसैले मलाई होली मन पर्छ । पानीमा भिज्न र भिजाउन पाइन्छ, तर मलाई रंग लगाएको मन पर्दैन ।

**निर्णय श्रेष्ठ, गायक**

# होलीका अविस्मरणीय क्षणहरु

## कोमल वली गायिका




दाङमा हुँदा खुबै मज्जाका साथ होली मनाइन्थ्यो । केटाकेटी उमेर भएकाले पनि रङको यो चाड आउँदा हामी उत्साहित हुन्थ्यौं । तत्कालीन परिवेशमा पनि दाङमा होलीको विशेष महत्त्व थियो । विशेष गरी युवाहरू आफूले मनपराएका व्यक्तिसँग होली खेल्न रुचाउँथे । दाङमै हुँदाको कुरा हो, किशोरवयका कारण होलीको तयारीमा पहिलेदेखि नै जुटेकी थिएँ । साथीहरू सबैजना भेला हुने र होली मनाउने योजना बन्यो । रङको व्यवस्थापन गरेर होली प्रारम्भ भयो तर म भने एक युवकसँग खुलेर होली मनाउने कल्पनामा रमाइरहेकी थिएँ । आकर्षक शारीरिक बनावटको ऊसँग नजिकिन चाहेकी मैले उसलाई भित्रैदेखि मनपराउँथे । नजिकको साथी भएकाले पनि उसका सबै व्यवहारलाई मैले नजिकबाट नियालेकी थिएँ । हामी साहित्यिक तथा सांस्कृतिक सबै कार्यक्रमका सहयात्री थियौं । होली प्रारम्भ भएपछि उसले मलाई कतिबेला आएर रंगाइदेला भन्ने पर्खाइमा रमाइरहेकी थिएँ । उसले मलाई रंग दलेपछि म पनि उसलाई लगाइदिन्छु भन्ने मेरो योजना थियो । त्यसैबेला ऊ हामी केही युवतीहरू भएतर्फ नै आएपछि म अझ उत्तेजित भएकी थिएँ । अचानक उसले मेरै छेवैमा आएर रंग मेरी संगिनीलाई लगाइदियो । सामान्य व्यवहार बाहेक मप्रति उसले कुनै चासो देखाएन, ऊ मेरी संगिनीलाई पटक-पटक रंग दल्न उद्यत देखिन्थ्यो । मैले त्यसैबेला थाहा पाएँ, उनीहरू एक-अर्कालाई मनपराउँदा रहेछन् । आपसमा होली खेल्दा उनीहरू दंग भएको देखेपछि मैले मेरो चाहनालाई बिर्सिदिएँ । उनीहरू दुवैजना मेरा नजिकका साथी भएकाले मैले पनि त्यसैलाई आफ्नो खुसीका रूपमा लिएँ । हामी मानिस फरक-फरक दिनमा फरक-फरक रंगका पहिरनमा सजिएर हिंड्न रुचाउँछौं । फरक रंगको प्रयोगले व्यक्तित्व फरक देखाउने, मानिसलाई ताजा बनाउने, ऊर्जा थप्ने भएकाले जीवनमा रंगको प्रयोग महत्त्वपूर्ण छ जस्तो मलाई लाग्छ । त्यसैले रंगको यो पर्व आउने भएपछि म उत्साहित हुन्छु ।

## दीपकराज गिरी, हास्यकलाकार



होलीलाई उटपट्याङ मिथकका रूपमा पनि हेरिन्छ । खासगरी युवाहरूले यो चाडलाई सांस्कृतिक महत्त्वका रूपमा नहेरी अरूलाई कसरी दुःख दिने भनेर मनाउने चलन बढ्दै गएको छ । हुन त हामीले पनि होली मनाउँदा केही न केही उटपट्याङ गरेकै हुन्थ्यौं । जतिखेर मैले होली पर्वका बारेमा थाहा पाएँ, त्यसबेला होलीसँग जलेको मोबिल, कराइको पिँधको मोसो, हिलो र धूलोको सामीप्यता थियो । हामी यिनै साधन प्रयोग गरेर होलीलाई धुमधामका साथ मनाउँथ्यौं । रंगको यो पर्वलाई हामीले भने अस्वाभाविक रंग प्रयोग गरेर मनायौं । त्यसबेला हामीसँग उपलब्ध साधन पनि यिनै मात्र थिए । यसप्रकारका अस्वाभाविक रंग होली सकिए पनि चाँडै नजाने र पैसा पनि खर्च गर्नु नपर्ने भएकाले हामीलाई होली मनाउन सरल थियो । अहिले त रंग किन्नुपर्ने भएकाले होली पनि खर्चिलो बन्दै गएको छ । एकपटकको कुरा हो, म होली कहिले आउँछ भनेर पर्खने उमेरको ठिटो थिएँ । होलीको दिन बिहानै तयारीमा जुटिरहेका बेला एउटा साथी आएर मेरो दाँत ब्रस गरिदियो । उसले यति मज्जाले ब्रस गरिदियो कि मैले सात दिनसम्म घर बाहिर जाने साहस जुटाउन सकिनँ । कडा नीलो रंगसँग अन्य थुप्रै रसायन मिसाएर गरेर उसले मेरो अनुहार नचिनिनेगरी पोतिदिएको थियो । त्यसैबेला उसले ब्रस पनि आफैं गरिदियो । अनुहार धेरै पटक धोएर सफा बनाउने प्रयास गरें । अलिअलि रंगको असर त बाँकी नै थियो तर दाँतको समस्या भने जटिल बन्यो । २-४ दिनपछि पनि मैले हाँस्नुपर्ने ठाउँमा मुख बाँधेर बस्नुपर्‍यो । डिच्च हाँस्ने बित्तिकै रंगिएका मेरा दाँत हाँसोको पात्र हुन्थ्यो । दाँत नीलो देखिने र थुक्दा पनि नीलो रंग मिसिएको थुक बाहिरिने भैरहेकाले मेरा लागि ती दिन साह्रै असहज बनेका थिए । मैले ७-८ दिनसम्म यो समस्या बेहोर्नुपर्‍यो ।

## निखिल उप्रेती, नायक



होली, हाम्रा निम्ति सामान्य थियो, सामान्य यस अर्थमा कि यो चाड तराईमा हरेक वर्ष मनाइन्थ्यो र हामी नियमित रूपमा यो चाडमा सहभागी हुन्थ्यौं । सर्लाहीको पिपराभित्तामा जन्मिएको म अहिलेसम्म पनि उस्तै रूपमा होली मनाउँछु । चलचित्रमा व्यस्त भए पनि होली मेरा लागि महत्त्वपूर्ण छ । होलीको दिन हामीकहाँ भव्य मेला पनि लाग्छ । साथीहरूको एउटा समूह बनाएर हामी होली खेल्दै मेलामा पुग्थ्यौं । सफा सेतो कपडा लगाएर रंग खेल्नुपर्ने भए पनि हाम्रो होली भने पुरानो-फाटेको पहिरनमा हुन्थ्यो । कपडा बिग्रन्छ भनेर पुराना लुगा फिकिन्थ्यो । उस्तै परे शरीरको माथिल्लो भाग नाङ्गै पारेर होली खेलिन्थ्यो । गाउँमा लाग्ने मेलामा 'ताडी' बिक्रीमा राखिएको हुन्थ्यो । ताडी खाएपछि मात्तिने भएकाले हामी जमेर ताडी खान्थ्यौं । ब्राम्हण परिवार भएकाले घरमा मदिरापान निषेध थियो तर एकपटकको मेलामा हामीले धेरै नै ताडी पियौं । त्यसबेला म कक्षा ७ मा पढ्थें । मात लागेकाले तत्कालै घर जाने अवस्था थिएन । त्यसैले हामी खोला किनारमा बस्ने निर्णय गरेर त्यसतर्फ लाग्यौं । बेलुका १० बजेसम्म पनि नशा नउत्रिएपछि हामी चिन्तित भयौं । घर जान ढिला भैसकेकाले जे होला भनी घर जाने भन्ने निर्णय भयो । म घर पुगेर सुतें, धन्न कसैले केही भनेन तर त्यसपछि भने म सतर्क हुन थालें ।

## अभिनव कसजु, साइबर संसार डटकम




सांस्कृतिक पर्व होलीलाई महत्त्व दिएर नै हामीले साइबर संसार डटकमको आयोजनामा हरेक वर्ष सांगीतिक क्षेत्रका सबै कलाकार र मोडललाइ बोलाएर होली मनाउँदै आएका थियौं तर गत वर्षदेखि त्यसलाई स्थगित गर्नुपर्‍यो । किनभने कलाकारको संख्या बढ्दै गएपछि हाम्रो कार्यालय होलीका निम्ति सानो भएको थियो । अहिले सांगीतिक क्षेत्रका सबैलाई होली खेल्न बोलाउने हो भने टुँडिखेल पनि सानो हुन्छ जस्तो लाग्छ । हाम्रो होलीमा युवक भर्सेज युवती हुन्थ्यो, त्यसैले पानीले भरिएको ड्रम युवतीहरूको शरीरमा खन्याउँदा उनीहरू असाध्यै ग्लामरस देखिन्थे । मेरो बाल्यकाल पाल्पामा बित्यो । पाल्पामा रहँदा पनि हामी भव्य रूपमा होली मनाउँथ्यौं । एकपटकको कुरा हो, त्यसबेला म कलेजमा अध्ययनरत थिएँ । होलीको दिन म र एउटा साथी भाङ मिसाइएको लस्सी खान गयौं । अहिले बुझ्दा त्यो घोट्टा थियो । मीठो भएकाले हामीले धेरै नै घोट्टा पिएछौं । खाइसकेपछि हाँसो उठ्न थाल्यो । यति धेरै हाँसो उठ्यो कि साथीको अनुहारतर्फ हेर्नै नहुने । हेर्यो कि 'कन्टिन्यु' हाँसो उठ्ने । धेरै नै हाँसिसकेपछि छाती पनि च्वास्स दुख्न थाल्यो । त्यसपछि हामी दुईजनाले फरक दुईवटा कोठामा गएर बस्ने निधो गर्‍यौं । कोठामा बस्दा हाँसो अलि कम भयो । मैले अचानक ऊ हाँसेजस्तो सुनें । त्यसपछि मेरो हाँसोको फोहोरा फेरि प्रारम्भ भयो । मैले हाँसेको साथीले पनि थाहा पाएपछि ऊ पनि मरीमरी हाँस्न थाल्यो । हाँस्दा-हाँस्दा अब यतिकै मरिन्छ कि जस्तो लागेको थियो तर धन्य केही भएन । हाँस्दा-हाँस्दा यति धेरै थाकियो कि हामीले अबदेखि कहिल्यै घोट्टा नखाने कसम खायौं । एकदमै डरलाग्दो अनुभूति हो यो ।

## अविनाश घिसिङ गायक



युवा उमेर भएकाले म भव्य रूपमा होली मनाउँछु । सिन्धुपाल्चोकस्थित ठूलो पाखर गाविसस्थित जन्मथलोमा मैले होलीका थुप्रै संस्करणमा रमाउने अवसर पाएको छु । चकचक गर्ने उमेर भएकाले होलीमा राम्राभन्दा नराम्रा काम गर्नु हाम्रा निम्ति रमाइलो बन्थ्यो । रंगभन्दा पनि पानी, माटो र गोबरले हामी होली मनाउँथ्यौं । एकपटकको कुरा हो, म सानै थिएँ । पक्की सडकको किनारै किनार घरभन्दा ३-४ किलोमिटर पर गएर पानी भर्‍यौं र गोबर पनि बोक्यौं । हाम्रो उद्देश्य गाडीमा हिंडिरहेका यात्रीलाई त्यो पानी र गोबरले हान्ने थियो । गोबर सुक्छ भनेर बेला-बेलामा भिजाइरहेका थियौं । बसका यात्रीलाई भिजाउने उद्देश्यले बसको पछाडि झुण्डिने प्रयास गर्‍यौं तर सकिएन । त्यसपछि अब के गर्ने भनेर बसिरहेका बेला सडकमा एउटा सानो कार देखियो । कार छेवैमा आएपछि हामीले धमाधम गोबर र पानी कारमाथि बर्सायौं । गोबरले भित्र बसेका मानिसलाई पनि नराम्रोसँग लागेछ । ऊ गाडीबाट बाहिर आयो र हामीलाई खेद्न थाल्यो । उसले यति लखेट्यो कि अब आएको छैन होला भनी पछाडि हेर्‍यो आइरहेकै हुन्थ्यो । आज मार्ने भयो जस्तो लागेको थियो, पछाडि नफर्की दौडेको खोला छेउमै पुगिएछ । त्यसपछि पछाडि फर्केर हेरेको ऊ कतै देखिएन तर डर यति धेरै लाग्यो कि बेलुकासम्म घर जाने आँट आएन । लुक्दै-लुक्दै राती घर पुगें, त्यसपछि भने मैले होलीमा उटपट्याङ छोडिदिएँ ।

## अरुणिमा लम्साल, नायिका



होली मैले पनि मनाएकी छु तर सानो छँदा काठमाडौंमा होलीलाई त्यति मज्जाले मनाइदैनथ्यो । पानी छ्याप्ने चलन भने थियो । महिला भएकाले पानी भरिएको लोला खाने डर जहिल्यै पनि हुन्थ्यो । अहिले त होली आउनु धेरै अघिदेखि नै होलीको संकेत थाहा पाउन थालिएको छ । काठमाडौंमा पनि पहिलेभन्दा व्यापकरूपमा होली मनाइन्छ । केटाहरूले केटीलाई लक्षित गरेर पानीले भिजाउने भएकाले होलीको समयमा विद्यालय जान पनि गाह्रो हुन्थ्यो । एकपटकको कुरा हो, सायद म कक्षा ७ मा पढ्थें होला । विद्यालय जाँदादेखि नै लोला खाने डर लागिरहेको थियो । विद्यालय अध्ययन सकिएर घर फर्कने बेलामा स्कुल कम्पाउण्ड बाहिर आउने बित्तिकै लगातार लोलाको वर्षा भयो । कक्षाकै केटा साथीहरू मिलेर हामीलाई भिजाउने योजना बनाएका रहेछन् । त्यसैबेला एउटा साथीले त्यहाँको होटलबाट जगमा पानी ल्याएर मेरो टाउकोमा खन्याइदियो । म निश्चुक्क भएँ । हामीलाई भिजाइसकेपछि उनीहरूले छोडिदिए । भोलिपल्ट स्कुल आएर प्रिन्सिपललाई 'कम्प्लेन' गर्‍यौं । त्यसपछि स्कुलले होली आउनु ७ दिन अगावैदेखि बिदा दिने निर्णय गर्‍यो । स्कुल छुट्टी हुने भएपछि सबैलाई मज्जा भयो । कक्षाकै साथीले गरेको भए पनि बिदा भएर घर गैसकेपछि त्यस्तो गरेकाले केटा साथीहरूलाई भने सजाय भएन । अर्को नराम्रो घटना, प्लस टु अध्ययन गर्दाको कुरा हो । हामी घरमा होली खेलिरहेका थियौं । त्यहिबेला अचानक, मेरो स्कुलका प्रिन्सिपल दिवगंत भएको थाहा पाएँ । अन्तिम श्रद्धाञ्जली अर्पण गर्न उहाँको पार्थिव शरीरलाइ स्कुलमा राखिएको थियो तर होलीकै कारण म त्यहाँ जान सकिनँ ।

## सुगम पोखरेल, गायक

तराई क्षेत्रमा होलीको महत्त्व बढी छ । विराटनगरमा हुर्किएकाले होलीको प्रभाव मेरो जीवनमा महत्त्वपूर्ण छ । होली आउनुपूर्व नै हामी होलीलाई कसरी 'सेलिब्रेट' गर्ने भन्ने तयारीमा जुट्थ्यौं । काठमाडौंमा पानी छयापेर होली मनाइए पनि तराईमा रंगको प्रयोग बढी हुन्थ्यो । सुख्खा रङ र पानीमा पनि रङ मिसाएर मात्र एक-अर्कालाई लगाउने तथा छयाप्ने गरिन्थ्यो । चञ्चले उमेरमा मैले खुलेर होली मनाएको छु । उमेर मिल्दा साथीहरूका बीचमा त्यसबेला होली खेलेको सम्झँदा अहिले पनि विराटनगरलाई खुबै 'मिस' गर्छु । हामी रङ नलाएको साथीलाई जबरजस्ती पक्रेर रङ-पानीमा चोबल्थ्यौं । कहिलेकाहीं त्यो शिकारमा म पनि पर्थें । होलीका सन्दर्भमा मेरा पनि धेरै रोचक प्रसङ्ग छन् । त्यसमा एउटा सुनाऊँ है- हाम्रो घर बरगाछीमा थियो । यो कुरा कक्षा १० मा पढ्दाको हुनुपर्छ । होली मनाउन म १५ मिनेट परको साथीको घरमा गएको थिएँ । होलीको दिन भाङ खाने चलन छ, हामी साथीभाइबीच पनि भाङ खाने सल्लाह भयो । त्यही अनुसार दूधमा मिसाएर हामीले बिहानीपख नै भाङ खायौं । अन्य साथीले भन्दा मैले धेरै खाएछु, क्यारे । दिउँसो हुन नपाउँदै म अचेत भएँछु । भाङमा धतुरोको मात्रा धेरै भएकाले पनि सबैलाई त्यसको मात लागिसकेको थियो । म अचेत भै ढलेछु तर त्यसबेला साथीहरूले मलाई राम्रोसँग ध्यान दिएका रहेछन् । मलाई घर जानुपर्छ भन्ने थियो तर जान सक्ने अवस्था भने थिएन । साँझ घर जानुपर्छ भनेर उठेर हिडें, त्यसपछि साथीहरू पनि साथै लागेर मलाई घरसम्म ल्याइदिएछन् । जुत्ता लगाएर गएको म फर्किंदा खाली खुट्टा नै फर्किएको रहेछु । ७ बजे घर पुगेपछि म सुतें तर अचम्म के भयो भने एक घन्टा निदाएपछि म उठेर दाँत ब्रस गर्न थालेछु । मलाई बिहान भैसके जस्तो लागे पनि भर्खर ८ बज्दै रहेछ । यो क्रम दुई-तीनपटक सम्म चल्यो । १-१ घन्टामा उठेर ब्रस गरिरहेकाले घरका सबैका निम्ति त्यो घटना रोचक बनेछ, पछि सबैले निन्द्राले छोडे पनि नउठ्नु, उज्यालो भएको छैन भनेपछि सुतिरहें । भोलिपल्ट बिहान भाङले छोडेजस्तो अनुभूति भए पनि धतुरोको असर यथावत् थियो । एक सातासम्म मलाई त्यसले घुमाइरह्यो । धमिलो देख्ने भएकाले पढ्न पनि गाह्रो भएको थियो । त्यसपछि भने मैले होलीमा भाङ खाने आँट जुटाउन सकिनँ ।



# कलाकारहरूको होली

दिवस गुरागाईं

नायिका ऋचा घिमिरे फागु पर्वदेखि डराउँछिन्। फागुका दिन केही न केही दुःखद घटना घट्दै आएका कारण उनी सशंकित हुन्छिन्। यस किमिसको दुःखद घटना उनको जीवनमा स्कुल पढ्दादेखि नै सुरु भएको हो। ११ कक्षा पढ्दा उनलाई केटाहरूको एउटा समूहले यसरी लोला हान्यो कि आँखा जाँच गराउन उनले अस्पताल नै पुग्नुपर्‍यो। त्यसपछि उनको फागुमा केही न केही घटना घट्दै आए, त्यो क्रमले पोहोर सालको फागुमा पनि निरन्तरता पायो। पोहोर साल के भयो? ऋचा भन्छिन्– 'कान्तिपुरमा फागु खेल्न गएँ, ब्याग रुङ्न एक जनालाई दिएर रमाइलो गर्न थालेको मोबाइल फोन हरायो।' यति भएर पनि ऋचा फागुविरोधी होइनन्। उनी भन्छिन्– प्लानिङ गरेर केही नगरे पनि अबिर खेल्छु।

नायिका सञ्चिता लुइँटेलका लागिचाहिँ फागु विशेष चाड हो। उनलाई फागुले निकै दिनअघिदेखि रोमाञ्चित बनाउँछ। दिदीबहिनी, साथीभाइ सबैको भेलामा उनी रंग दलादल गर्न रुचाउँछिन्। सञ्चिता भन्छिन्– मेरा लागि प्रत्येक फागुविशेष हुन्छ।

नायिका रेखा थापालाई पनि फागु पर्व रमाइलो लाग्छ। अरूले लोला हानेको मन पर्दैन, तर केटाहरूलाई लोला हान्न मज्जा हुने अनुभव सुनाउँछिन् रेखा। कस्ता उमेरका केटाहरूलाई लोला हान्छिन् उनी? रेखा भन्छिन्– आफ्नो उमेरका केटाहरूलाई लुकेर लोला हान्न मजा हुन्छ तर यसपटकको फागुनमा रेखा नेपालमा छैनन्। उनी एक सांस्कृतिक कार्यक्रमका लागि ६ गते नै जापान गइन्। गायक यशकुमार पनि उनीसँगै जापान गए। धेरै नेपाली दाजुभाइ भेला गरेर फागु मनाउने कुरा उनले जापान जानुअघि साप्ताहिकलाई बताइन्।

पोहोर साल रेखाले धेरै नेता तथा पत्रकारमाझ फागु मनाएकी थिइन्। पोहोर सम्झिएर रोमाञ्चित हुने रेखाले भनिन्– त्यो दिन एक जना कविले मेरो नाममा कविता लेखेर सुनाउनुभएको थियो। कार्यक्रमबाट फर्कँदा उनलाई केटाहरूले लोला हाने। लोला खाएपछि मज्जाले बाजें, उनी भन्छिन्– 'जब केटाहरूले हान्छन् त्यतिबेला आफू हारेको महसुस गर्छु।'

नायक अर्जुन कार्कीले पोहोर सालको फागुमा भाङ खाए। प्रत्येक वर्ष साथीभाइ भेला गरेर उनी यो चाड मनाउँछन्। यसपटकको के प्लानिङ छ त? अर्जुन भन्छन्– प्लानिङ छैन, तर उही पोहोर-परारजस्तो रङ्ग खेल्ने, भाङ खाने, मात्ने। नायक विराज भट्टको पनि केही प्लानिङ छैन तर पनि साथीभाइमाझ उनी चाड मनाउँछन् नै। विराज भन्छन्– फिल्म लाइनकै साथीहरू बटुलेर खेल्नुपर्ला वा कसैले बोलायो भने जानुपर्ला।

नायिका बिपना थापाको पनि कुनै प्लानिङ छैन फागुको। केही वर्ष रहर चल्दा उनी घरमै साथीभाइ बोलाएर रङ्ग दलादल गर्थिन्। अब भने उनलाई प्लानिङ गरेर फागु मनाउने रहर छैन। बिपना भन्छिन्– कसैले बोलायो भने त्यतै गएर खेलिन्छ नत्र घरमै आफन्तहरूका साथ।

नायक राजेश हमाल चाडवाडमा अक्सर घर बस्दैनन्। यस पटक भने उनी सुटिङ परेका कारण पोखरामै फागु मनाउँदैछन्। श्याम भट्टराईद्वारा निर्देशित दोस्रो चलचित्र मौसमको सुटिङका लागि पोखरामा रहेका हमाल फागुसम्मै उतै रहने पक्काजस्तै छ। राजेश भन्छन्– 'पोखरा बसे भने मौसम युनिटसँग फागु खेल्नेछु।'


नेपाली डान्सरहरूको फागुसम्बन्धी कुनै नवीन कार्यक्रम छैन। नृत्यकार संघका अध्यक्ष राजु शाह भन्छन्– 'आफू-आफू बसेर खेल्ने हो।' केही वर्षअघिसम्म शाहद्वारा सञ्चालित नृत्य प्रशिक्षण केन्द्र राजश्री डान्स सेन्टरमा कलाकारहरू भेला भएर यो चाड मनाउँथे।

टेलिचलचित्र तीतो सत्य युनिटले गत सोमबार नै यो चाड मनायो। प्रत्येक सोमबार सुटिङ गरिने तीतो सत्यले सुटिङ सकेर साँझपख रङ्ग खेल्यो। टेलिचचित्रका पात्र गैंडा अर्थात् निर्मल शर्मा भन्छन्– 'सोमबारदेखि नै रमाइलो सुरु भयो। हाम्रा लागि होली पाँच दिनको चाड हुने भो।'

टेलिभिजनका धेरैजसो कार्यक्रम एवं टेलिचलचित्र युनिटले फागु मनाए। प्रायः सबैले सुटिङ सकेर फुर्सदमा रङ्ग खेले। नेपाल टेलिभिजनबाट प्रसारित चलचित्र सम्बन्धी कार्यक्रम पर्दाले कलाकार भेला गरेर होली खेल्यो। कार्यक्रमका निर्देशक ऋषि लामिछानेका अनुसार पचास जनाजति कलकर्मी सँगै बसेर होली खेले। नेपाल सांगीतिक संघले पनि फागु पर्व राम्रैसँग मनायो। संघकी अध्यक्ष कोमल वलीको सक्रियतामा होटल अन्नपूर्ण परिसरमा गत मंगलबार होली कार्यक्रम आयोजित गरिएको थियो। उक्त कार्यक्रममा धेरै संगीतकर्मी उपस्थिति भए।

नेपाली चलचित्रका निर्देशक-हरूलाई चाहिँ चुनाव लागेको छ। चलचित्र निर्देशक समाजको भोलि शनिबार चुनावी साधारणसभा भएकाले उनीहरू चुनावमा केन्द्रित छन्। यति भएर पनि फागुपर्वचाहिँ मनाउने कार्यक्रम छ उनीहरूको। निर्देशक समाजका अध्यक्षका एक प्रत्यासी केपी पाठक भन्छन्– ८ गते रङ्ग खेलिन्छ, ९ गतेको चुनावमा भाग लिइन्छ।





## फागुपर्वका सम्बन्धमा दुई नायिका सञ्चिता लुईंटेल र ऋचा घिमिरेको आ-आफ्नै मत छ।

**फागुचाड कस्तो लाग्छ ?**

सञ्चिता- अत्यन्तै राम्रो ।

ऋचा- औपचारिकता पूरा गर्छु। खै, के छ र ? खासै लाग्दैन।

**तपाईं कोसँग बसेर फागु खेल्न रुचाउनुहुन्छ ?**

सञ्चिता- दिदीबहिनी, साथीभाइहरूसँग।

ऋचा- रुचिभन्दा पनि खेलियो भने साथीभाइसँग खेलिन्छ।

**कस्तो रंग मनपर्छ ?**

सञ्चिता- रातो, हरियो।

ऋचा- म अबिर मात्र खेल्छु, त्यो पनि थोरै।

**फागुका राम्रा पक्ष के हुन् ?**

सञ्चिता- रङ्गले मलाई रोमाञ्चित बनाउँछ। हरेक फागु मलाई विशेष लाग्छ। यो चाडको विशेषता नै रमाइलो हो।

ऋचा- धेरै त नकारात्मक पक्ष नै छन्। जथाभावी लोला हान्ने, बाटोमा हिंड्न गाह्रो पार्ने आदिचाहिँ प्रमुख हुन्।

# होलीको रंगले रंगाउँछ सम्बन्धलाई



होली राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पनि मनाइन्छ। नेपालमा मात्र नभई छिमेकी राष्ट्र भारत, चीन, श्रीलंका, म्यानमार तथा थाइल्यान्डमा पनि रमाइलोका साथ होली खेलिन्छ। ठाउँ अनुसार फागु पूर्णिमा, होली, फगुवा, होरी जस्ता विभिन्न नामले चिनिने यो पर्व फागुन शुक्ल पूर्णिमाको दिन मनाइन्छ।

विभिन्न पुराण तथा धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएका पर्वहरूमध्ये फागु एक महत्त्वपूर्ण पर्व हो, जसले आपसी प्रेम, सदभाव तथा सम्बन्धलाई ऊर्जा प्रदान गर्छ। प्रकृतिमा छरिएका विभिन्न रङ्गहरू जस्तै धेरै थरी रङ्गका साथ मनाइने यो पर्वमा शुभ-सौभाग्यको रातो रङ्गलाई प्रमुख रङ्गका रूपमा लिइन्छ। होली राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पनि मनाइन्छ। नेपालमा मात्र नभई छिमेकी राष्ट्र भारत, चीन, श्रीलंका, म्यानमार तथा थाइल्यान्डमा पनि रमाइलो गरी होली खेलिन्छ। ठाउँ अनुसार फागु पूर्णिमा, होली, फगुवा, होरी जस्ता विभिन्न नामले चिनिने यो पर्व फागुन शुक्ल पूर्णिमाको दिन मनाइन्छ। प्रायः पहाडी क्षेत्रमा फागुको दिन मात्र फागु खेलिन्छ भने तराई क्षेत्रमा भोलिपल्ट होली खेल्ने चलन छ।

**धार्मिक मान्यता**

प्राचीन समयमा हिरण्यकशिपु नाम गरेका दैत्यले आफ्नो छोरा प्रह्लादलाई मार्ने जिम्मा बहिनी होलिकालाई दिएका र होलिकाले प्रह्लादलाई मार्न आफ्नो काखमा राखी आगो लगाएको तर प्रह्लादलाई अग्निले नछोई होलिकालाई जलाएर नष्ट गरेको दिनलाई असत्यमाथि सत्यको जितका रूपमा यो पर्व मनाउने चलन छ। असत्यलाई आगोले जलाएर भष्म गरेका कारण यो दिन होली खेलिसकेपछि आफूमा भएको नकारात्मक प्रवृत्ति हटाउन आगो ताप्ने चलन पनि छ।

ऋतु परिवर्तनको उत्सवका रूपमा पनि चिनिने होली पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रमा विशेष र भव्यताका साथ खेलिन्छ। तराई क्षेत्रमा बिहानदेखि नै प्रायः सेतो वस्त्र लगाई हातभरि रङ्ग लिएर आफन्तहरूको माझमा यो उत्सव मनाइन्छ। रङ्गका साथमा पिचकारी, लोला र रङ्गीन पानीका साथ फागु खेलिन्छ।

होली खेलेपछि आफन्तहरूलाई मीठा परिकार बनाएर ख्वाउने तथा रमाइलो गर्ने सर्वतमा भाङ हालेर खान दिने चलन पनि छ। आजको परिवर्तनशील समयमा होलीलाई लक्षित गरी डान्सपार्टी, सांगीतिक कार्यक्रम, होली फेसन सो जस्ता कार्यक्रमहरू पनि आयोजना हुने भएकाले होलीको रमाइलोमा थप आकर्षण भएको पाइन्छ। होली आउनु अघिदेखि नै सञ्चार माध्यमबाट होलीसम्बन्धी जानकारी र गीतहरू बज्नाले वातावरण अझ रंगीनका साथै मानिसलाई होलीका बारेमा स्मरण हुन्छ। त्यतिमात्र नभएर हरेक पत्रपत्रिका र इन्टरनेटमा सम्म होलीका विभिन्न तस्बिरहरू देख्न पाइन्छ।

आपसी सम्बन्ध र सद्भावलाई रङ्गझैं गाढा बनाउने यो पर्वले स्वदेशीलाई मात्र नभएर विदेशीहरूलाई पनि लोभ्याएको छ। राजधानीका विभिन्न पर्यटकीय स्थलहरूमा विदेशी पाहुनाहरू पनि खुसीका साथ फागु खेल्छन्। फागु खेल्न र नयाँ संस्कृति अनुभव गर्न पाएकोमा उनीहरूको मुहारमा छुट्टै किसिमको खुसी र उल्लास देखिन्छ। त्यस्तै बिदेसिएका नेपालीहरूले पनि विदेशमा होली खेल्छन्।

**होलीमा उत्पन्न हुने विकृतिहरू**

धार्मिक पर्व होलीसँगै आजभोलि विकृतिहरू पनि भित्रिन थालेका छन्। होली आउनु धेरै अघिदेखि नै मानिसहरू विशेषगरेर युवतीहरूलाई घर बाहिर निस्कन निकै गाह्रो हुन्छ। बाटोमा हिंड्ने मानिसलाई बाटो वरपरका घरहरूबाट पानी फ्याँक्ने, लोला हान्ने जस्तो कार्य हुन्छ। कुनै काम विशेषले हिंडेका व्यक्तिहरूमाथि यस्तो कार्य गर्नाले यात्रुहरूलाई आफ्नो गन्तव्यसम्म पुग्न निकै गाह्रो हुन्छ।

अरूलाई दुःख दिएर आफूखुसी हुने व्यक्तिहरूले आफ्नो नकारात्मक प्रवृत्तिले अरूलाई धेरै दुःख दिन्छन्। फोहोर पानी, जनावरको मलमूत्र, नराम्रो प्रभाव पर्ने रासायनिक पदार्थ मिसाइएका रङ्ग पानी मोबिल, अनुहार चिलाउने, चहर्‍याउने समस्या उत्पन्न गराउने तत्त्व मिसाइएको रङ्गहरूको प्रयोग गर्न र अरूलाई दल्न कतिपय मानिसहरू अलिकति पनि हिचकिचाउँदैनन् बरु अरूलाई समस्या र गाह्रोमा पारेर आफूले ठूलो कार्य गरेझैं उनीहरू प्रसन्न देखिन्छन्। त्यति मात्र नभएर रङ्ग लगाउने निहुँमा युवतीहरूको संवेदनाशील अङ्गहरू समाउने जस्ता अनैतिक कार्यसम्म हुने गरेको पाइन्छ, जसले गर्दा होलीजस्तो पवित्र र महान् चाडको अर्थ नकारात्मकतातर्फ बढेको देखिन्छ। यस कारण चेलिबेटीहरू खुलेर यो चाड मनाउन सक्दैनन्।

होलीमा प्रयोग हुने रङ्गझैं हाम्रो आपसी सम्बन्ध सुमधुर तथा प्रगाढ बनाउन मनाइने यो पर्व आजभोलि मादक पदार्थ खाएर एक-आपसमा झै-झगडा एवं गुन्डागर्दी गरेर सम्बन्धलाई प्रगाढ बनाउनुको साटो फिक्का बनाउन सहयोग गरिरहेझैं लाग्छ। होली आपसी सद्भाव हर्ष र रमाइलोका लागि खेलिने महान् चाड हो। यो चाडको आडमा विकृतिहरू फैलाएर यसलाई विकृत चाडका रूपमा परिभाषित गर्न खोज्नु गलत हो। त्यसैले होलीको महत्त्व बुझेर आफूले मनाएको होलीले अरूलाई हानी नोक्सानी नहोस् भन्ने अभिप्रायले यो चाड मनाउनुपर्छ।

**–अरुणा भट्टराई**

# रंगहरूको पर्व मिलेर मनाऔं



होली निकै धूमधामका साथ मनाइन्छ। यो पर्वमा रातो, हरियो, गुलाबी जस्ता रङ्ग एक अर्कालाई गालामा लगाइन्छ र अंकमाल गरिन्छ। आमरूपमा मानिसहरू होली खेल्नबाट बच्न चाहन्छन्। किनकि आजभोलि मानिसहरू आफ्नो छालाको सुरक्षा गर्न चाहन्छन्। यस्ता मानिसहरू न घरबाट बाहिर निस्कन सक्छन् न त होलीको पर्याप्त आनन्द नै लिन सक्छन्। महिलाहरू खास गरेर आफूप्रति हुने छेडछाड र अश्लील क्रियाकलापबाट डराउँछन् तर रङ्गहरूको पर्व होलीमा थोरैमात्र सावधानी अपनाउने हो भने आनन्द लिन सकिन्छ, साथै स्वास्थ्य र व्यक्तित्व खराब हुनबाट बच्न सकिन्छ। यसका लागि थोरै मात्र ध्यान दिन सकियो भने रङ्गहरूको यो पर्वमा समस्याको सामना गर्नुपर्दैन।

- आजभोलि मानिसहरू धूलो र माटोको होली खेल्छन्, सकिन्छ भन्ने धूलोको प्रयोग नगर्ने।
- होलीमा भद्दा किसिमका गहना प्रयोग नगर्ने। त्यसका साथै होलीको महत्त्व बढाउने संगीत बजाउने।
- कुनै पनि अञ्जान मानिस वा रोगी व्यक्तिलाई जबरजस्ती रङ्ग नलगाउने। त्यसबाट उनीहरूको स्वास्थ्यमा असर पर्न सक्छ।
- होलीमा कोही रङ्ग लगाउन चाहँदैनन् भने जबर्जस्ती गर्नुको साटो उनीहरूलाई अबिर वा टीका लगाउन आग्रह गर्ने, यसबाट उनीहरूलाई नराम्रो लाग्दैन र होली पनि खेले जस्तो हुन्छ।
- मादक पदार्थ सेवन गरेर होली नखेल्ने।
- सकिन्छ भने घरबाट बाहिर ननिस्कने। किनकि सडकमा महिला र केटीहरूलाई रङ्ग हाल्ने बहानामा विभिन्न क्रियाकलाप गर्नेहरू पनि हुन्छन्।
- आफ्नो परिवारसँग होलीको आनन्द लिने तथा आफ्नो पवित्र सम्बन्धलाई पनि ख्याल राख्ने।
- होली खेल्दाको समयमा आफ्नो हातको घडी, चेन, निकालेर राख्ने तथा महत्त्वपूर्ण कागजपत्र साथमा राख्ने।
- तीव्र गतिमा सवारी साधन नचलाउने।
- कहिल्यै पनि लुकेर कसैको टाउकोमा रङ्ग नहाल्ने। यसले उक्त व्यक्तिको कपाल खराब हुनुका साथै टाउकोमा गम्भीर चोट लाग्न सक्छ।
- होलीमा रङ्ग हाल्नु छ भने घरको आँगन वा घरबाहिर नै रङ्ग हाल्ने। यसबाट कोठा पनि खराब हुँदैन र घरलाई सफा गर्ने समस्या पनि हुँदैन।
- होलीको दिन लगाउने परिधानमा विशेष ध्यान दिने।
- होलीको दिन सकिन्छ भने सुतीको बस्त्र नै प्रयोग गर्ने जसबाट शरीरमा रङ्ग पर्नासाथ भित्रको छाला नदेखियोस।
- यस्तो परिधान लगाउने जसले रङ्गलाई कमभन्दा कम शरीरमा पुर्‍याओस्।
- रङ्गिबिरंगी कपडा लगाउनुको साटो सेतो वा क्रिम रङ्गको कपडा लगाउने, जसले गर्दा त्यसमा सजिलै रङ्ग देखियोस्
- होली खेल्नुभन्दा पहिले शरीरमा सर्स्यूंको तेल लगाउने जसबाट रङ्गले शरीरमा धेरै असर पर्दैन र रङ्ग पनि सजिलै जान्छ।
- होली खेल्दा आँखामा रङ्ग नदल्न अनुरोध गर्ने।
- आँखा र कानलाई रङ्गबाट जति सकिन्छ बचाउने। यसबाट आँखा र कानमा नराम्रो प्रभाव पर्न सक्छ।
- प्रायः मानिसहरू अबिरमा रङ्ग वा पेट्रोल मिसाउँछन्। त्यस्तो अबिर लगाउनासाथ छालामा खराब असर हुन्छ। त्यस्ता मानिसबाट बच्ने।
- गाढा रङ्ग वा पेन्टिङ्गको प्रयोग पटक्कै नगर्ने।
- होलीमा धेरै बेरसम्म भिजेको कपडा नलगाउने, त्यसबाट शरीरमा चिसो पस्न सक्छ।
- बजारमा धेरै थरीका रङ्ग पाइन्छन्। रंगमा प्रयोग हुने रासायिनिक तत्त्वले शरीरलाई असर गर्न सक्छ।

**–संगीता कटुवाल**

## खेल्नुहोस् हाइटेक होली



कालिमाटीकी रीतु भट्टराईलाई यसपालिको होली नरमाइलो हुने भयो भन्ने पिरलो थियो, किनकि बाल्यावस्थादेखि कहिल्यै नछुट्टिएकी उनकी मित्र मनीषा पोखरेल यसपालि मात्र उच्च अध्ययनका लागि अस्ट्रेलिया गइन् तर इन्टरनेटमार्फत ग्रिटिङ कार्ड पठाउनुका साथै त्यसै दिन उनीहरूले ई-होली खेल्ने योजना बनाएका छन्। रीतु र मनीषाले मात्र होइन, यसरी नै देश-विदेशमा रहने आफ्ना साथीभाइ, प्रियजनलाई पिचकारीको रङ्गले भिजाउनुको साटो पनि होलीको मज्जा उठाउन सकिन्छ। आफ्ना मीठा-मीठा कुरा तथा भावना व्यक्त गरेर होलीको मजा दोब्बर गर्न सकिन्छ।

**हाइफाइ होली** : केही समयअघिसम्म हामी सबैले कुनै विशेष अवसरमा आफ्नो भावना व्यक्त गर्ने उद्देश्यले ग्रिटिङ कार्ड किन्न गिफ्टसपमै पुग्नुपर्थ्यो। आजको कम्प्युटरको युगमा दिन होस् वा रात, जब चाह्यो आफ्ना प्रियजनलाई ग्रिटिङ वा ई-कार्ड पठाउन सकिन्छ। यहाँसम्म कि एनिमेटिड ग्रिटिङ्सद्वारा आफ्नो भावना आवाजद्वारा पनि व्यक्त गर्न सकिन्छ। यी एनिमेटिड कार्डमा होलीको शुभकामना एवं हेप्पी होली आदि लेखिएको हुन्छ।

इन्टरनेट र मोबाइलद्वारा होली सम्बन्धित तस्बिर, सन्देश, एसएमएस, कुनै लेटेस्ट गीत, ग्रिटिङ, स्क्रिन सेवर तथा ई-कार्ड्स आदि पुर्‍याउन सकिन्छ। आफ्नो मोबाइलमा कम्प्युटरले होलीका गीतहरू डाउनलोड गर्न सकिन्छ। फेरि एसएमएस त छँदै छ, शुभकामना पठाउने सुगम र सहज उपायका अतिरिक्त होलीसँग सम्बधित जोक्स वा सन्देश पनि पठाउन सकिन्छ।

भर्चुअल होली नामक वेबसाइटमा गएर प्रेमी-प्रेमिकासँग होलीको रङ्गको बौछार गर्न, रङ्गमा भिजेको मुटु अगाडि निकालेर एउटा ठाउँमा बसी-बसी पनि जहाँ चाहियो त्यहीं आफ्ना साथीहरूको ल्यापटप वा कम्प्युटरमा पठाएर यो भर्चुअल होली खेल्न सकिन्छ। मोबाइलमा रिङटोन छानेर मनले चाहेको धुनद्वारा आनन्द लिन सकिन्छ। यस्तो होलीलाई कोठाभित्र वा बाहिर जसरी पनि खेल्न सकिन्छ। यसबाट न त छाला खराब हुन्छ न त रङ्ग किन्ने झन्झट नै उठाउनुपर्छ।

# आयो होली

पृष्ठ १ बाट जारी

भक्त प्रल्हाद्लाई आगोले केही गरेन, तर वरदान पाएकी होलिका आगोमा भष्म भइन्। 'होलिका दहन' भएको खुसीयालीमा मानिसहरूले फागुपूर्णिमामा प्रतीकस्वरुप आगो बालेर होली मनाउन थालेका हुन् भन्ने एउटा कथा छ भने अर्कातर्फ भगवान् कृष्णले यसै दिन पुतना नाम गरेकी राक्षसको वध गरेका थिए भन्ने कथा पनि छ।

भगवान् श्रीकृष्णले यसै दिन गोपिनीहरूसँग फागू मनाउँदै रासलीला गरेको भन्ने मान्यतामा आधारित रहेर पनि फागू खेलिएको पाइन्छ। भगवान् राम पनि यसै दिन १४ वर्ष वनवास सकेर अयोध्या फर्किएको अर्को कथन पनि छ।

काठमाडौं उपत्यकामा भने वसन्तपुरमा विभिन्न रंगका ध्वजापताकाहरूले सजाइएको बाँसको लिंगो अर्थात् चीर ठडाएपछि फागू पर्व आरम्भ भएको मानिन्छ। फागुको बेला अष्टमीको दिन गाढिने चीर पूर्णिमाको राति ढालेर त्यसलाई जलाएर होली सकिएको मानिन्छ।

ज्योतिष पण्डित वासुदेवकृष्ण शास्त्रीले फागुको धार्मिक महत्त्वलाई यसरी व्याख्या गरे- 'कालरात्रि, महारात्रि, मोहरात्रि, दारुणरात्रि। यी चार प्रसिद्ध रात्रिमध्ये कालरात्रि दसैंमा पर्छ। महारात्रि शिवरात्रिलाई भनिन्छ। मोहरात्रि कृष्ण जन्माष्टमीको रात्रिलाई भनिन्छ भने दारुणरात्रि फागुन शुक्ल अष्टमीमा विभिन्न प्रकारका जडिबुटी युक्त वनस्पतिहरू संग्रह गरेर अष्टमीको दिन चीर बनाइन्छ। जसलाई चतुर्दशीको रात्रि डढाइन्छ र पूर्णिमाको दिन असत्यमाथि सत्यको विजय भन्दै उत्सवका साथ सात रंग प्रयोग गर्दै होली खेलिन्छ।'

सञ्चारकर्मी तथा साहित्यकार धीरेन्द्र प्रेमर्षिले एउटा तथ्य सुनाए- 'कल्चर जहिले पनि एग्रीकल्चरसँग सम्बन्धित हुन्छ। नयाँ फसल (बाली) भित्र्याउने र अर्को फसल लगाउने बेलामा यो पर्व पर्ने भएकाले यसलाई रमाइलो गर्ने पर्वका रूपमा लिइएको छ।' प्रेमर्षिका अनुसार रंग लगाएर, मिठाई खवाउनु भनेको एक-अर्काबीचको कटुता अन्त्य गर्नु पनि हो। होलीको दिन मिथिलाञ्चलमा आफूभन्दा ठूलाको खुट्टामा अबिर राखेर आशीर्वाद लिने चलन पनि छ। डा. रामदयाल राकेश भन्छन्- 'यस्ता चाडपर्वहरूबाट साम्प्रदायिक सद्भाव स्थापना हुन्छ। होली विशेषतः हिन्दूहरूको पर्व भए पनि अरू धर्मावलम्बीहरूले पनि होली खेलेको पाइन्छ।'

**रमाइलो होली**

दस वर्षीया अनुष्कालाई यस वर्ष फागुको लगत्तै विद्यालयले फाइनल परीक्षा राखेकाले होली खेल्ने भन्दा पढाइमा ध्यान दिनुपरेकोमा चिन्ता छ। उनले भनिन्- 'होलीभन्दा अघि नै परीक्षा सके पनि हुन्थ्यो नि।' यसै वर्ष फागुनमा लगनगाँठोमा बाँधिएका सुयोगले अघिल्ला वर्षका होलीभन्दा यो वर्षको होली श्रीमतीसँग खेल्न पाउने भएकाले विशेष उमंग जागेको बताए। उनकी श्रीमती संगीता पनि विगतमा नखेलेको होली यस पटक श्रीमान्सँग खेल्ने बताउँछिन्। होलीको मौसम आरम्भ भएदेखि बजारमा पिचकारी, लोला बनाउने बेलुन, विभिन्न किसिमका रंग आदिको व्यापार बढेको पाइन्छ। डा. राकेशका अनुसार सौहार्दपूर्ण ढंगबाट मनाइयो भने होली निकै रमाइलो हुन्छ।

**होलीसंग एलर्जी**

'मलाई होलीभन्दा तिहार मनपर्छ,' -सप्तरी माइती भै हाल काठमाडौंको सिनामंगलमा बसोबास गरिरहेकी गृहिणी सुषमा पौडेलले आफूलाई होली मन नपर्ने बताइन्। विवाहअघि माइती गाउँमा होली खेल्ने क्रममा केही उछृंखल केटाहरूले गालामा सिसाको धूलो मिश्रित अविर दलिदिँदा उनलाई छालाको एलर्जी भएको रहेछ। 'सिसाले भएका मसिना घाउहरू सन्चो हुन महिनौं लाग्यो। त्यसले पोल्ने र चिलाउने कष्ट सम्झँदा अझै आङ्ग सिरिङ्ग भएर आउँछ।' -उनले अनुहार विकृत बनाउँदै भनिन्। थानकोटनिवासी कमल त्रिपाठी झन्डै पन्ध्र वर्षअघिको होली सम्झन्छन्- 'साथीहरूको हूल बाँधेर होली खेल्दै असनतिर जाँदै थियौं। बाटोमा हामीलाई छतबाट पानी र लोलाले हानिरहेका थिए। असननजिकै एउटा घरबाट पनि पानी फालियो। हामी पानीमा भिज्नका लागि नाच्यौं पनि, तर जब हाम्रो शरीरमा त्यो पानी पर्‍यो, हामी सबै घिनाउन थाल्यौं। त्यो त रक्सी हो कि जाँड बनाएर फालिने 'कटपानी' पो रहेछ। त्यो पानी यति गन्हायो कि हामी कुद्दै परोपकार स्कुलनेरको ढुंगेधारामा पुगेर नुहायौं। होली मनाउने हामी सबैको उमंग त्यहीं सेलायो।'

काठमाडौंमा उच्च अध्ययनका लागि दाइको डेरामा बस्न आएकी श्वेतालाई कलेजबाट फर्कने क्रममा नयाँसडक नजिँकै आइपुग्दा पाँच-छ जना १२-१५ वर्षका केटाले उनलाई लोलाले हिर्काउन थाले। बचेर भाग्ने क्रममा उनको खुट्टा अल्झियो र उनी बाटोमै लडिन्। सुन्निएको गोलिगाँठो देखाउँदै उनले भनिन्- 'हेर्नुस्, यहाँनिरको लिंगामेन्ट्स च्यातिएको रहेछ। डाक्टरले दुई साता आराम गर्नु भनेका छन्, धन्य यतिमै टर्‍यो। अलिक यताउति भएको भए खुट्टै भाँचिने रहेछ।'

**बदलिँदो शैली होलीको**

हरेक वर्ष कार्यालयको छतमा कलाकार तथा साथीभाइहरूलाई निम्त्याएर होली खेलाउने साइबर संसार डटकमका अभिनव कसजूले यो होलीमा आफ्ना कान्छा भाई सरोबरलाई निकै 'मिस' गरेका छन्। अमेरिकामा रहेका सरोबरलाई उनले आफैंले बनाएको बेबसाइट 'इ-कार्ड्स डटकम डटएनपी' मार्फत होलीको शुभकामनास्वरूप इ-कार्ड पठाएका छन्। साइबर युगमा प्रवेश गरेपछि चाडपर्व मनाइने शैलीमा पनि आधुनिकता छाएको छ। गुगल, याहुजस्ता वेब सर्च इन्जिनहरूमार्फत होली, प्ले होली, फगुवा वा फागु शीर्षकमा अनेकौं जानकारी पाउन सकिन्छ। केही वेबसाइटमा होली खेल्न पाइने सुविधा पनि छ। nepalvista.com मा 'play holi online' शीर्षकमा होलीका बारेमा जानकारीसहित अनलाइन होली खेल्न सक्ने सुविधा छ।

काठमाडौं, पोखरा, धरानजस्ता सहरमा होलीका अवसरमा विभिन्न डान्सपार्टीहरू आयोजित गरिन्छ। फागुको दिन प्रायः दिउँसो आयोजना हुने त्यस्ता पार्टीहरूमा युवा-युवतीहरूलाई डिजेहरूले विभिन्न होलीका गीतहरू डिजेमिक्स गर्दै बजाएर नचाउने गरेका छन्। रेडियो तथा टेलिभिजनमा पनि होलीका कार्यक्रमहरू प्रसारण हुने गरेको छ। कान्तिपुर एफएमले हरेक वर्ष विभिन्न कलाकार तथा श्रोताहरूलाई बटुलेर होली मनाउने गरेको छ। समयअनुसार चाडपर्व मनाउने शैलीमा परिष्कृत हुँदै गए पनि होलीजस्तो रमाइलो पर्वले जस्तोसुकै अवस्थामा पनि सद्भाव र भाइचाराको सम्बन्ध विस्तार गरेको हुन्छ।

*'ई फगूवा सबक लेल मंगलमय होय, होली हो।'*

# समानताको पर्व फागु

पृष्ठ १ बाट जारी

कारण फागुगीतमा महिलाको अंग-प्रत्यंगको वर्णन पाइन्छ भने गुप्तांगहरूमा समेत रंग अबिर दल्ने चलन छ।

फागु युवायुवती र नवविवाहिता पुरुष-महिलाका लागि विशेष आकर्षण लिएर आउँछ। यस वर्षको लगनमा विवाह भएका प्रायः सम्पूर्ण युवा ससुरालीमा फागु खेल्न जान्छन्। युवकलाई ससुरालीमा फागु खेल्ने सुनिश्चित वातावरण तयार गर्न मिथिलामा एउटा सामाजिक परिपाटी नै बनिसकेको छ। कारण विवाहिता महिलाले पहिलो वर्षको संवत् (होलीका दहन) ससुरालीमा बस्न पाउने प्रावधान छ। पुरुषहरू पनि आफ्नी श्रीमतीसँगै ससुराली जान्छन् र साली, सलहोज र श्रीमतीका संगिनीहरूसँग फागु खेल्छन्। ससुरालीमा फागु खेल्न सक्नु चानचुने कुराचाहिँ अवश्य होइन, कारण ज्वाइँलाई गधामा बसाएर गाउँ परिक्रमा गराउने परम्परा अहिले पनि कायमै छ। अन्य दिनहरूमा ज्वाइँलाई विष्णुको रूप भनी आदर-सत्कार गर्ने गाउँका युवा-युवतीहरू फागुको दिन यिनै विष्णुको रूपलाई गधामा बसाएर बाजागाजा साथ गाउँ परिक्रमा गराएको दृश्य हेर्न लायक हुन्छ।

मिथिलाका पर्वहरूलाई समाजशास्त्रीहरूले वर्णनका आधारमा चार भागमा विभाजन गरेका छन्। यिनीहरूले वसन्त पन्चमीलाई ब्राह्मणको, दसैंलाई छेत्रीको, दीपावलीलाई वैश्यको र फागुलाई शूद्रको पर्वका रूपमा व्याख्या गरेका छन्। मनुद्वारा प्रतिपादित यो वर्णव्यवस्था अब समाजबाट बिदा लिने अवस्थामा आइपुगे पनि सम्भवतः यही विभेदलाई अन्त्य गर्न कथित शूद्र (कथित तल्ला जाति) हरूले यो पर्व प्रारम्भ गरेका होलान्। रंग-अबिरले रंगीन भएको जनमानसमा ठूला र साना जाति छुट्याउन सकिँदैन। गरिब र धनीबीचको दूरी पनि समाप्त भएर जान्छ। समग्रमा भनौं, समाज एकाकार हुन्छ, सबै एउटै रंगका देखिन्छन्। संस्कृतिविद्हरू भन्छन्– 'समाजिक विभेदलाई समाप्त गर्न, वर्षमा एक दिन भए पनि एकजस्तै (समान) देखिन यो पर्व प्रारम्भ भएको हुनुपर्छ।'

**आइतबार** पुरानो बानेश्वरको सेतोपुलस्थित गुरुकुलको रिमाल नाटकघरमा शास्त्रीय संगीत समूह सुकर्मले एक सांगीतिक कार्यक्रम प्रस्तुत गर्‍यो। नर्वेका पियानोवादक इयान फेन्ड्स तथा बेलायतका गीतारवादक ग्रायम कट्टिङ्ले सुकर्मलाई सांगीतिक प्रस्तुतिमा साथ दिएका थिए। सुकर्म तथा रियाज म्युजिकको प्रस्तुति रहेको उक्त कार्यक्रममा सुकर्मको नयाँ सिडी 'इस्टर्न ब्रिज' को लोकार्पण पनि गरिएको थियो।

**देशमा** संविधानसभा निर्वाचनको लहर उर्लिरहेका बखत गीतकार जी शाह अर्थात् राजा ज्ञानेन्द्रको एकल रचनामा एउटा एल्बमको विमोचन भएको छ। गत शनिबार राजधानीको पाँचतारे होटल सोल्टी क्राउन प्लाजाको मेघमल्हार हलमा शाहको एकल रचना तथा गायिका ज्योति श्रेष्ठको एकल गायनमा एल्बम 'राजसी' को विमोचन भएको हो। जी शाहद्वारा रचित पुराना गीतहरूलाई जेम्स प्रधान र कमलमान सिंहद्वारा नयाँ संगीतमा तयार पारिएको एल्बमलाई गायिका श्रेष्ठले आफैले घुम्टो उघार्दै विमोचन गरिन्। संगीतसम्बन्धी कुनै शिक्षा वा प्रशिक्षण नलिएकी गायिका श्रेष्ठले ३० वर्षको वैवाहिक जीवनबाट फुर्सद पाएर एल्बम तयार पारेको बताएकी छिन्। पत्रिकामा प्रकाशित जी शाहका रचनाहरू पढेपछि उक्त एल्बम तयार भएको पनि उनले बताइन्। रियाज म्युजिकले बजारमा ल्याएको उक्त एल्बमको एउटा गीतको म्युजिक भिडियो संगीतकार तथा गायक जेम्स प्रधानले तयार पारेका छन्। जसमा गायिका श्रेष्ठकी छोरी सेसन श्रेष्ठले मोडलिङ गरेकी छिन्।

**तीन** महिनाअघि सुर्खेत नजिकै सुवाघाटको झोलुङ्गे पुल भत्केर धेरैले ज्यान गुमाएका थिए। उक्त मार्मिक घटनालाई लोकगायक चन्द्र सुनारले आफ्नो नयाँ एल्बममा समेटेका छन्। 'सुवाघाटको पुल' शीर्षकमा बजारमा आएको उक्त एल्बममा संग्रहित दुईवटा भाका 'घटना आलो घाउले होलान् कति रुनी' र 'कसको छाती चिरिन्न र काखै रित्तो बन्दा' मा पुल दुर्घटना र त्यसपछिका सबै पाटो समेटिएका छन्। रेशम सापकोटाको संयोजनमा सुनारकै रचना रहेको उक्त एल्बममा प्रकाश क्षेत्री, चन्द्र सुनार, देवी घर्तीमगर तथा साधना पराजुलीको स्वर सुन्न पाइन्छ।

**एक** गीतकारले आफ्नी धर्मपत्नीका लागि प्रेमोपहारका रूपमा एल्बम तयार पारेका छन्। गीतकार गोविन्द कार्कीले धर्मपत्नी अञ्जु कार्कीलाई प्रेमोपहार दिँदै बजारमा ल्याएको एल्बम हो 'समृद्धि'। संगीतकार पावल राईको एकल संगीत रहेको उक्त एल्बममा समेटिएका सबै गीत गीतकार कार्कीले धर्मपत्नीको प्रेममा रचेका हुन्। त्यसैले एल्बम कभरको भित्री पृष्ठमा धर्मपत्नीको तस्बिर तल उनले लेख्न लगाएका छन् 'मेरी सहृदयी अञ्जु कार्कीलाई स-प्रेम उपहार'। एल्बममा समेटिएका गीतहरू यम बराल, रामकृष्ण ढकाल, अञ्जु पन्त, उदय सोताङ्ग, सुरेश कुमार, शिशिर योगी, अञ्जना गुरुङ्ग तथा संगीतकार राईले गाएका छन्।

**हालै** सञ्चालनमा आएको संगीत उत्पादक तथा वितरक कम्पनी पञ्चरत्न म्युजिक एन्ड मेलोडीले नेपाली संगीत क्षेत्रमा सम्भवतः अहिलेसम्मकै सबैभन्दा बृहत् सिडी एल्बम सार्वजनिक गरेको छ। 'पञ्चरत्न' शीर्षकबाट बजारमा आएको उक्त एल्बमलाई 'प्याकेज' का रूपमा सार्वजनिक गरिएको छ। उक्त प्याकेजमा ३२ वटा गीत तथा आठवटा म्युजिक भिडियो समेटिएको छ। जसलाई पन्ध्र सय रुपैयाँमा खरिद गर्न सकिनेछ। चारवटा सिडी र एउटा म्युजिक भिडियो संग्रहित उक्त भिसिडी एल्बममा दर्जनौं चर्चित गायक तथा गायिकाहरूको स्वर रहेका गीत सुन्न पाइनेछ। जसमा स्वरूपराज आचार्य, शैलेश श्रेष्ठ, शिशिर योगी, रीमा गुरुङ्ग, अञ्जु पन्त, राजेशपायल राई, दीपक लिम्बु, उदय-मनिला सोताङ्ग, रामकृष्ण ढकाल, माण्डवी त्रिपाठी, जगदिश समाल, थुप्तेन भुटिया आदिको स्वर





गायक अनिल सिंह आफ्नो नयाँ एल्बम बजारमा ल्याउने अन्तिम तयारीमा छन्। यसबीच हालै उनले एल्बमको एउटा गीत 'तिमीलाई सम्झेर'को म्युजिक भिडियो निर्माण गरेका छन्। पर्यटन सुन्दरी कुन्छाङ मोक्तानसँग गायक सिंहले मोडलिङ गरेको उक्त म्युजिक भिडियोको निर्देशन सोनामले गरेका हुन्। गायक सिंहले आफ्नो एल्बमको शीर्षक 'ए स्क्वायर' राखेका छन्। अनिलका अनुसार 'अडियन्स अनिल'को छोटो रूप 'ए स्क्वायर' हो। तस्बिर : फुर्सद डटकम

प्रमुख छ। कम्पनीका सञ्चालक बि पाण्डेका रचनाहरू समाविष्ट उक्त एल्बमका उत्कृष्ट चारवटा गीत छान्ने श्रोताहरूमध्ये चारजनालाई प्रतिव्यक्ति दस-दस हजार रुपैयाँ एवं एकजना सर्वोत्कृष्टलाई एक लाख नगद पुरस्कार दिने जनाइएको छ।

**रक** समूह अभया एन्ड द स्टिम इन्जन्सकी गायिका अभया सुब्बाले बिबिसी विश्व सेवाको सांगीतिक प्रतिस्पर्धा 'द बिग नेक्स्ट थिंग' लाई धोकाको संज्ञा दिएकी छिन्। उनले उक्त प्रतियोगीतामा 'म तिम्रो लागि सारा संसार त्यागिदिन्छु' गीत पठाएकी थिइन्। उनी त्यसमा दोस्रो भइन्। यसै कुरालाई उनले धोका भनेकी हुन्। सुब्बाले भनेकी छिन्-'मैले नेपाली गीतको प्रतिस्पर्धाका लागि पठाएकी थिइनँ। म त संसारभरका गीतसँग मेरो गीतको प्रतिस्पर्धा होला भनेको त यतैका गीतसँग प्रतिस्पर्धा गराएर ममाथि अन्याय भएको छ।' गत शुक्रबार काठमाडौंको गुरुकुलमा आयोजित आफ्नो पछिल्लो एल्बम 'नयन' को विमोचन कार्यक्रममा उनले त्यसो भनेकी हुन्। ३६० डिग्री कम्पनीले उत्पादन तथा वितरण गरेको उक्त एल्बम विमोचन कार्यक्रममा उनले आफ्ना नयाँ तथा पुराना गीतहरू सुनाएर केहीबेर उपस्थित आमन्त्रितहरूसँग 'ज्यामअप' गरेकी थिइन्।

**भजनगायक** तथा संगीतकार गोविन्दमान श्रेष्ठको ७१ वर्षको उमेरमा गत साताको बिहीबार निधन भएको छ। नेपाली भजन तथा संगीत क्षेत्रमा उनले उल्लेख्य योगदान पुऱ्याएका थिए। स्व. श्रेष्ठले गीताशास्त्र, दुर्गा सप्तसती, श्री स्वस्थानी, सत्यनारायणको व्रतकथा आदिमा आफ्नो स्वर तथा संगीत दिएका थिए।

**गायक** निमा रुम्बा चिसोपेय कोकाकोलाको नेपाली बजारका लागि ब्रान्ड एम्बेसडर भएका छन्। व्यापारिक उत्पादनहरूमा सबैभन्दा धेरै ब्रान्डको एम्बेसडर हुने उनी एकमात्र नेपाली गायक हुन्। निमा यसअघि न्यू लुक दाह्री काट्ने क्रिम, साकालाका बुम चाउचाउ, यामाहा मोटरबाइक, स्प्रिङ्गउड आदि उत्पादनको ब्रान्ड एम्बेसडर भैसकेका छन्।

**नेपाली** सङ्गीत उद्योगमा जुम्ल्याहा गायकका रूपमा परिचित गायक दाजुभाइ राम-लक्ष्मण दुवाडीले आफ्ना पाँचवटा गीतको पाँचवटा म्युजिक भिडियो बनाई भिसिडीका रूपमा बजारमा ल्याउने भएका छन्। म्युजिक नेपालले बजारीकरण गर्ने उक्त भिसिडी मानिसहरूले एल्बम सुन्ने भन्दा म्युजिक भिडियो हेर्नेतर्फ रुचि बढाएको महसुस भएकाले भिसिडी तयार गरिएको जुम्ल्याहा गायकले बताए। जुम्ल्याहा गायकका दुईवटा एल्बम 'फस्ट स्टेप' र 'वाउ' बजारमा आइसकेका छन्।

**गायिका** नलिना चित्रकार पनि आगामी संविधानसभाको निर्वाचनमा उम्मेदवार बनेकी छिन्। मधेसी जनअधिकार फोरमबाट उनी समानुपातिकतर्फ उम्मेदवार बनेकी हुन्। कलाकारहरूले पनि देशविकासमा योगदान दिन सक्छन् भन्ने लागेर उम्मेदवार बनेको चित्रकारले बताइन्।

**संविधानसभाको** निर्वाचनको मिति नजिकिँदै जाँदा धनकुटा गाउँ-गाउँ संगीतमय भएका छन्। त्यहाँ न त माया-प्रीतिका नै गीत गाइन्छन् न त आधुनिक रक संगीत घन्काइन्छ। त्यहाँ आफ्नो राजनैतिक दललाई जनसमर्थन जुटाउन राष्ट्रिय भावनाले ओतप्रोत राष्ट्रिय तथा जनवादी गीतहरू गाइनुका साथै नृत्य पनि हुन्छ। संविधानसभा निर्वाचनको प्रचारका लागि गाउँ-गाउँ पुगेका राजनैतिक दलहरूले संविधानसभाको वातावरण निर्माण गर्न र जनसहभागिता जुटाउन आफ्नो पार्टीका सांस्कृतिक टोली लिएर गाउँ छिरेपछि गाउँहरू संगीतमय बनेका हुन्। धनकुटा जिल्लामा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी)ले सांगीतिक टोलीसहित आमसभा गर्दै अभियान चलाइरहेको छ। नेपाली कांग्रेसले नेपाल सांस्कृतिक संघका कलाकारहरूलाई जिल्लाका दुवै क्षेत्रमा अभियान चलाइरहेको छ भने नेकपा (एमाले)ले राष्ट्रिय जनसांस्कृतिक मञ्चका कलाकारहरूलाई दुवै क्षेत्रमा लिएर सांगीतिक अभियान सञ्चालन गर्दै आएको छ। यसैगरी नेकपा (माओवादी) पनि छिन्ताङ सांस्कृतिक परिवार तथा कञ्चनजंघा सांस्कृतिक परिवारको टोली लिएर सांगीतिक अभियानमा हिँडेको छ। सांस्कृतिक टोलीसहित नेताहरू गाउँ छिरेपछि जनसभाहरूमा जनताको उपस्थिति उल्लेखीय भएको जनसांस्कृतिक मञ्चका कलाकार दीपक काफ्लेले बताउँछन्।

**लोकदोहोरी** भन्नेबित्तिकै धेरैले मायाप्रीति र रसरंगका गीतको मात्रै कल्पना गर्छन्, अनि यस्तो दोहोरीमा प्रायः युवायुवती मात्र झुम्मिन्छन् भनिन्छ, तर शनिबार बुटवलको ट्राफिकचोकमा सबै खाले दर्शक-श्रोताले लोकदोहोरीको भिन्नै प्रस्तुति देखन र सुन्न पाए। त्यहाँ कलाकारहरूले समाजमा मौलाएको भ्रष्टाचारी प्रवृत्ति, भ्रष्ट नेता र उनीहरूको आचरणमाथि गीतमार्फत चोटिलो प्रहार गरेर सहभागीहरूलाई सांगीतिक मनोरञ्जनसँगै भ्रष्टाचार न्यूनीकरणमा नागरिक सचेतनाको पाठसमेत सिकाएका थिए। कलाकारहरूले अहिले चलेका विभिन्न भाकामा भ्रष्टाचारविरोधी दोहोरी गाउँदा सर्वसाधारण दर्शकहरू मात्र होइन, बुद्धिजीवी जमात र संघसंस्थाका प्रतिनिधिहरू ताली पिटेर तथा नाच्न जान्नेहरू मञ्चअगाडि आई छमछमी नाचेर कलाकारलाई साथ र समर्थन दिएका थिए। ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल, रूपन्देहीको आयोजना तथा राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान अञ्चल समिति, लुम्बिनीको व्यवस्थापनमा 'भ्रष्टाचारविरुद्ध सहकार्य' शीर्षकमा सम्पन्न लुम्बिनी अञ्चलस्तरीय लोकदोहोरी प्रतियोगितामा अञ्चलका ६ वटै जिल्लाका पुरुष तथा महिला कलाकारले भाग लिएका थिए। चर्को घामबीच खुला मैदानमा कार्यक्रम गरिएको भए पनि कलाकारको बेजोड प्रस्तुतिमा रमाउन पाउदा दर्शकहरूले गर्मीको महसुससमेत गर्न पाएनन्। कार्यक्रममा अप्रतियोगी कलाकार लक्ष्मण खड्का र वैकुण्ठ महतले आ-आफ्ना एल्बमका गीतहरू गाएर दर्शकको मन जितेका थिए।

**गायक** सुनिलसिंह ठकुरीले आफ्नो एल्बम 'क्रेजी हयाट'को एउटा गीतको म्युजिक भिडियो चर्चामा आएपछि अर्को गीतको पनि म्युजिक भिडियो तयार पारेका छन्। उक्त म्युजिक भिडियोलाई उनी राजधानीमा एक बृहद् कार्यक्रमको आयोजना गरी सार्वजनिक गर्ने तयारीमा छन्।

## लाइभ शो

-रक समूह 'द एक्स'ले भोलि शनिबार राजधानीमा एकल कन्सर्ट गर्ने भएको छ। समूह नै आयोजक भएको उक्त कन्सर्ट भोलि दिउँसो चार बजे नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रारम्भ हुनेछ। कन्सर्टमा पाँचवटा एल्बम बजारमा ल्याइसकेको तीन सदस्यीय यो समूहले आफ्ना सबैजसो चर्चित गीत प्रत्यक्ष सुनाउनेछन्।

-आज फागुको अवसरमा इभेन्ट कम्पनी अबिरले कान्तिपथस्थित क्लब १९०५मा 'होली २००८' को आयोजना गर्दैछ। आमन्त्रितहरूलाई मात्र सहभागी गराई उनीहरूसँग डिजेडको तालमा होली खेल्ने उक्त कार्यक्रम दिउँसो १२ बजेदेखि आरम्भ भै साँझसम्म चल्ने बताइन्छ। नेपा म्युजिकका डिजेहरू डिजे बीम्यान, डिजे क्रान्ति, डिजे पायल, डिजे एनबीएन, डिजे सुरका अतिरिक्त उक्त डान्सपार्टीबाट सार्वजनिक हुन लागेका डिजे म्याक्सले पार्टीमा होलीसम्बन्धी गीतहरूको रिमिक्स बजाउनेछन्।

# पर्दाभित्र होली



होलीले मेरो रंगायो चोली..., पन्ध्र वर्षअघि निर्मित चलचित्र अधिकारको गीत हो यो। स्वर्गीय प्रकाश थापाद्वारा निर्देशित चलचित्र अधिकारको यो गीतमा नायक राजेश हमाल र नायिका कृष्टि मैनालीले रोमान्चक ढंगले आपसमा रङ दलादल गर्छन्। यी नायक-नायिकाको वास्तविक जीवनमा अफेयर चलेको हल्लाले पनि अधिकारको उक्त गीत रोमाञ्चक बनेको मानियो। राजेशले फुर्तीका साथ कृष्टिको शरीरको विभिन्न अंगमा रंग दल्छन्। धेरै रंगले गर्दा क्रमशः उनीहरूको अनुहार नचिनिने बन्दै जान्छ। जब-जब होली पर्व नजिकिँदै जान्छ तब-तब रेडियो र टेलिभिजनमा सबैभन्दा बढी बज्ने गीत बन्छ यो।

एकताका निर्मित केही चलचित्रमा होली गीत राखियो। नेपालीहरूको ठूलो हिस्साले होली मनाउने हुनाले चलचित्रमा होलीलाई पनि समेटिएको पाइन्छ। अठार वर्षअघि निर्मित चलचित्र तिलहरीको 'जोगिरा सररर' गीतले पनि चर्चा पायो। प्रत्येक वर्षको होलीमा यो गीतले पनि महत्त्व पाउने गरेको छ। चलचित्र 'वसन्ती' हेर्ने दर्शकले पनि होली गीतको मज्जा लिन्छन्। नायिकाद्वय करिश्मा मानन्धर र निरुता सिंहको नृत्यलाई नायक राजेश हमाल र नायिका गौरी मल्लले वसन्तीभित्र नजर गर्छन्। नेवारी चलचित्र शिलु र चलचित्र ज्वालामा होली गीत समेटिएको छ। नारायण पुरीद्वारा निर्देशित चलचित्र दोमनमा पनि होली गीत राखिएको छ। नायकद्वय दिलीप रायमाझी र सुशील क्षेत्रीले उक्त गीतमा नृत्य गरेका छन्।

होलीसम्बन्धी सिक्वेन्स वा गीत समेटिएको चलचित्रको संख्या गन्ती गर्दा दुई हातका औंला भरिँदैनन्। त्यसमा पनि खास गरेर सात वर्षयता निर्मित कुनै पनि नेपाली चलचित्रमा होलीसम्बन्धी विषयलाई उच्चारणसम्म गरिएको छैन।

चौध चलचित्रको निर्माण तथा निर्देशन गरिसकेका युवराज लामाले एउटा पनि चलचित्रमा होली गीत वा होलीसम्बन्धी दृश्य पनि समेटेका छैनन्। आखिर किन ? लामा भन्छन्- तराईको स्क्रिप्ट भयो भने त्यस्तो सिक्वेन्स आउने हो, मेरा चलचित्र त्यस्ता विषयमा बनेनन्। अर्का निर्देशक शोभित बस्नेतको भनाइ पनि निर्माता तथा निर्देशन लामासँग मेल खान्छ। उनले १३ वटा चलचित्र निर्देशन गरिसकेका छन्। शोभित बस्नेतले तयारी गरिरहेका अरू चार चलचित्रमा पनि होलीसम्बन्धी विषय समेटिएको छैन।

तेह्रौं चलचित्रको तयारीमा रहेका अर्का निर्देशक मदन घिमिरेले पनि आफ्ना कुनै चलचित्रमा होलीलाई छोएका छैनन्। निर्देशक घिमिरे भन्छन्- 'त्यसो त मलाई होली चाड नै मन पर्दैन, अर्को कुरा चाडपर्व खोजीखोजी राख्नेभन्दा पनि कथामा आएको छैन।'

अहिलेका व्यस्त लेखक विकास आचार्यले हालसम्म तीन दर्जनजति चलचित्र लेखिसके, तर उनले आजका मितिसम्म होली भन्ने शब्द स्क्रिप्टमा उल्लेख गरेका छैनन्। आचार्य भन्छन्- 'विराटनगर बसुन्जेल यो चाड मन पर्थ्यो, काठमाडौं आएपछि खासै वास्ता लाग्दैन।' विकास थप्छन्- 'रंगीन दुनियाँमा रहेर रंगको चाड होली मन पर्दैन भन्न त नहुने हो, तर के गर्नु ? मलाई हिजोआज रंग मन पर्दैन।'

बाबुराम दाहालले आजसम्म साठीवटा चलचित्रका लागि गीत लेखेका छन्। उनका धेरै गीत चर्चित भएका छन्। बाबुरामले पनि आजसम्म होली गीत लेखेका छैनन्। बाबुराम भन्छन्- 'कुनै निर्देशक वा संगीतकारले यस्तो गीत लेखिदिनु भनेका छैनन्।'

संगीतकार आलोकश्री हाल दुई चलचित्रको संगीत तयारी गर्दैछन्। उनको दुई चलचित्रको नाम हो– जन्म-मृत्यु र हीरा। यी दुवै चलचित्रमा होलीसम्बन्धी गीत छैनन्। ४ सय ७८ वटा गीतमा संगीत दिएका आलोकश्रीले आजसम्म एउटा पनि होली गीत बनाएका छैनन्। आलोक भन्छन्- कसैले त्यस्तो गीत बनाउनु भनेका पनि छैनन्।

नेपाली चलचित्रमा होली गीतले महत्त्व नपाउनु विडम्बना हो। ५० प्रतिशतजति नेपाली तराईमा बसोबास गर्छन्। त्यसो त आमनेपालीले होलीलाई आ-आफ्नै तरिकाले मनाएर मनोरन्जन लिन्छन्। बहुसंख्यक नेपालीले मनाउने चाड आखिर किन चलचित्रको पर्दामा समेटिएको छैन ? लेखक विकास आचार्य भन्छन्- 'गीतमा रिचनेस ल्याउन बढी खर्च लाग्छ, त्यसैले आँट नभएको होला।'

निर्देशक शोभित बस्नेतका अनुसार हामीले आफ्नो संस्कृति भुल्दै गएको हुनाले होलीमात्र होइन, अरू चाड पनि हिजोआज प्राथमिकतामा पर्दैनन्। बस्नेत भन्छन्- 'हामीलाई विदेशी संस्कृतले थिच्दैछ।' अर्का निर्देशक मदन घिमिरेचाहिँ होलीसँगै विकृति भित्रिएकोमा दुःख व्यक्त गर्छन्। घिमिरे भन्छन्- 'लोला हान्ने, अबिर हान्ने, झुक्याएर रंग हानेको दृश्य देखाउन किन सिक्वेन्स थप्नु ?'

चाडपर्व वर्षमा एकपटक मात्र आउने हुनाले चलचित्रमा त्यस्तो विषय राख्दा त्यसलाई त्यही समयमा रिलिज गर्नुपर्ने हुन्छ। निर्माता तथा अभिनेता केशव भट्टराई भन्छन्- 'सिजनल विषय दर्शकले मन पराउँदैनन्। कि त त्यसलाई सोही समयमा रिलिज गर्नुपर्‍यो।'

नेपाली चलचित्रमा होलीले प्राथमिकता नपाए पनि मैथिली र भोजपुरी चलचित्रले भने यो चाडलाई महत्त्व दिएका छन्। नेपाली चलचित्रमा होली (फागु पर्व) खोज्नेले पुराने गीतबाट मनोरन्जन लिनुपर्ने बाध्यता छ। त्यसो चलचित्र अधिकार र तिलहरीका सहावहारझैं बनेका होली गीतले सयौं चानचुने गीतको भन्दा बढी मज्जा दिने त छँदैछ।

-दिवस गुरागाईं

# यसपटककको होली मनोज गजुरेलसँग



## प्रहरी कार्यालयमा सोधपुछका क्रममा प्राय: सोधिने प्रश्नहरू

प्रश्न : '०४६ सालमा गोली लागेर मर्ने तपाईं कि तपाईंको दाजु चाहिँ ?'
प्रश्न : 'अनि हाम्रा केटाहरूले चलाएको गोलीबाट तपाईं मर्नुभो त ?'
प्रश्न : 'तपाईंले भाषण गरिरहेको यो फोटो हाम्रो हातमा परेको छ, आफ्नो फोटो खिच्दा त्यहाँ तपाईं हुनुहुन्थ्यो कि हुनुहुन्थेन, नढाँटी भन्नुहोस् ?'
प्रश्न : 'त्यो घटना हुँदा तपाईं नहिँडुन्जेल के तपाईं त्यहीं हुनुहुन्थ्यो ? साँचो सत्य बताउनोस् ।'
प्रश्न : 'तपाईंले जुलुसमा नारा लगाइरहेको बेला तपाईं कहाँ हुनुहुन्थ्यो ?'
प्रश्न : 'तपाईंमाथि लाठी बर्साउने हाम्रो सिपाही कस्तो थियो, चिन्नुहुन्छ ?'
उत्तर : 'एकदमै चिन्छु हजुर, मोटो थियो, कालो वर्णको र थोरै दाह्री पालेको थियो ।'
प्रश्न : 'महिला थियो कि पुरुष, त्यति पनि भन्न नसक्ने हो भने हामी कसरी उसलाई कारबाही गर्न सक्छौं ।'

## जनरल नलेज

प्रश्न : प्रकृतिले दिनका साथै रात किन बनाएको होला ?
उत्तर : चोर-डाँकाहरूको पनि जीविका चलोस् भनेर ।
प्रश्न : म देशको स्थिति देखेर साह्रै दुःखी हुन्छु । हाम्रो देशमा किन एउटा पनि ठूलो मानिस जन्मिन सकेन ?
उत्तर : हाम्रो देशमा मात्रै हैन, संसारमै यस्तो हो । जन्मिँदा सबै शिशु नै जन्मिन्छन् ।
प्रश्न : तपाईंले आफ्नो नाम जति गोप्य राख्न खोजे पनि मैले तपाईंलाई चिनिहालें नि ।
उत्तर : प्लिज चिनी नहाल्नोस् न, मलाई सुगरको समस्या छ । बरु नुन हालिदिनुस् ।
प्रश्न : मलाई तपाईंसँग भेटेर दिनभरि घुम्ने इच्छा छ, तपाईंको ठेगाना बताइदिनोस् न ।
उत्तर : धत्, के कुरा गरेकी बैनी, घुम्नु हुन्न, रिँगटा लाग्छ क्या !
प्रश्न : मैले भर्खरै एस.एल.सी. दिएको छु । अब जागिर खानु छ, के गर्नुपर्ला ?
उत्तर : केमा खाने हो, प्लेटमा कि थालमा ? पहिले त्यो क्लियर गर्नोस् ।

## डेराको समस्या

खप्परध्वज डेरा खोज्न काठमाडौंको असनको गल्लीभित्र पस्यो ।

एउटा पुरानो घरको सानो कोठा देख्यो खाली, अनि सोध्यो घरबेटीलाई : 'साहुजी, कोठा त ठीकठीकै रहेछ, तरझ्याल पनि भत्किएर पुरानो भएछ, भित्ता पनि उप्किँदै गएछ ।'

साहुजीले भने- 'महँगो छ, यतातिर सानोभन्दा सानो चोटाको, बस्ने नबस्ने टिम्रो इच्छा हो, हजार दिनुपर्छ कोठाको ।'

खप्परध्वजले भन्यो- 'मुसा नाचिरहेका छन् त जतातत्तै, साहुजी, आठ सय बिसमा ।'

भने साहुजीले- 'आठ सय त के दिन्नँ म पनि नौ सय बिसमा ।

जावो हजार रुपियाँको कोठामा मुसा ननाचेर, नाच्छ त करिस्मा ?'

## माओवादीले बनाउन बाँकी जातीय, संघीय र पेसागत मोर्चाहरू

नेपाल ब्राहमण मुक्तिमोर्चा
अन्तर्राष्ट्रिय छेकुवा (छेत्री, कुमाईं, बाहुन) मुक्तिमोर्चा
राष्ट्रिय जनै मुक्तिमोर्चा
अखिल नेपाल यौनकर्मी मोर्चा
विद्रोही सिपाही मुक्तिमोर्चा
क्रान्तिकारी आर्मी मोर्चा
जनपक्षीय पाकेटमार मोर्चा
राष्ट्रिय कालोसुची मुक्तिमोर्चा
केन्द्रीय तस्कर मुक्तिमोर्चा
जग्गा दलाल क्रान्तिकारी मोर्चा
अन्तर्राष्ट्रिय मेनपावर मुक्तिमोर्चा
क्रान्तिकारी मारवाडी मुक्तिमोर्चा
शरणार्थी संयुक्त मोर्चा
प्रेमपीडित मुक्तिमोर्चा
स्वास्नीपीडित लोग्ने मोर्चा
मोर्चापीडित मुक्तिमोर्चा
चन्दादाता एकता मोर्चा
चन्दापीडित मुक्तिमोर्चा

## डामाडोल अङ्ग्रेजी

| | |
|---|---|
| 'ह्याभ अ नाइस डे' .............. | एउटा राम्रो दिन खानोस् |
| 'हाउ इज इट गोइङ ?'............ | यो कसरी जाँदैछ त ? |
| 'हे गाइज, हवाट्स अप ?'........... | ए गौमाता, माथी के छ ? |
| 'हाय, गुड लुकिङ'................. | अल्छी लाग्यो, रामप्यारी |
| 'कम अन, चियर्स'................... | माथि आऊँ कुर्सीहरू |
| 'टेक केयर,ओके'.................. | यो केरा लैजाऊ है |
| 'ओके, नेभर माइन्ड'................ | ठीक हो, कहिल्यै दिमाग छैन । |
| 'नो बडी हियर'....................... | धरोधर्म, यहाँ शरीर छैन । |
| 'वेलकम वेलकम' .................. | च्वाँक आई, च्वाँक आई |
| 'बाई द वे, अल राइट'.................. | यो सडक किन्नोस्, सबै दायाँ छन् । |
| 'आर यू ओ.के. ?' ................... | तपाईं साबुन हो ? |
| 'डन्ट बि ओभर स्मार्ट ओके ?'............. | धेरै माथि नचढ है साबुन । |
| 'गुड बाई'....................................... | राम्रो माल किन है । |

## काठमाडौंभित्रका संघीय क्षेत्रहरू

एयरपोर्ट, सिनामंगल
**सेकुवा स्वायत प्रदेश**
बालाजु, नागार्जुन
**यौनानन्द पार्वत्य परिषद्**
माइतीघर, मण्डला
**जुलुस अनसन संघीय इलाका**
सोह्रखुट्टे, ठमेल
**स्वतन्त्र मसाज प्रदेश**

## राजनैतिक पार्टीका इमेल एड्रेस तथा पासवर्डहरू

**नेपाली काङ्ग्रेस**
info@koiralafemily.biz
पासवर्ड- sujata
**एमाले**
balkhu_darbar@communist.icc
पासवर्ड- delhi
**माओवादी**
mankoladdu_president@vitta.com
पासवर्ड-xxxycl
**नेपाल मजदुर किसान पार्टी**
party@pauwa.bhaktapur
पासवर्ड- bijog_chhe
**जनमोर्चा नेपाल**
3pice@ganatantra.iss
पासवर्ड- khudra_pasal
**राष्ट्रिय जनशक्ति पार्टी**
dhankuta@delhi.net
पासवर्ड- thaprapa
**राष्ट्रिय प्रजातन्त्र पार्टी**
raja@loktntra.confussion.np
पासवर्ड- chhoteraja
**मधेसी जनअधिकार फोरम**
link@bjp.com.md
पासवर्ड- sivasena
**तराई-मधेस लोकतन्त्र पार्टी**
group@lovipapi.madesh.org
पासवर्ड- gachhadar
**नेपाल सद्भावना पार्टी**
party@sadbhawana.iss
पासवर्ड- dutabas_ic

## ब्रिजकोर्स

अहिले ब्रिजकोर्सको बजार छ ।

एउटा क्लास पास गरेका तर अर्को क्लास सुरु गरिनसकेकाहरूका लागि ब्रिजकोर्सको सुरुवात गरिएजस्तै विवाह गर्न तयार तर बिहे गरिनसकेकाहरूका लागि पनि एउटा ब्रिजकोर्सको व्यवस्था गरिएको छ ।

**हामीले दिने तालिमहरू :**

१. कपाल भुत्ल्याउने, जगल्टा उखेल्ने, निधारमा लोहोरो बजाउने तथा छेक्ने एकमहिने कोर्स ।

२. पेल्सिल हिलको झटारो हान्ने, आग्लोले ढाड सोझ्याउने, तथा तातो पन्युले गाला सेकाउने कोर्स मात्र २४ दिनको ।

३. फरियामा आइरन लगाउने, कुर्था पट्याउने, श्रीमतीलाई लाली क्रिम लगाइदिने, ओठ पोल्ने, गाला रंगाउने कोर्स ३५ दिन मात्र ।

४. खाटमुनि लुक्ने, दराजभित्र भूमिगत हुने, सिरकले मुख छोपेर सुत्ने, लात्तले हानेर खाटबाट पछार्ने, उधोमुन्टो लगाएर भऱ्याङबाट खसाल्ने कोर्स मात्र २२ दिन ।

छिटो गर्नोस्, एकै तालमा खुत्रुक्कै पारेर थला पार्ने स्पेसल कोर्सको पनि व्यवस्था गरिएको छ ।

**सम्पर्क**
**बिफोर म्यारिज ब्रिजकोर्स**
**फोन टु टु फोर श्री श्री सफा**

## जस्तालाई तस्तै

हाम्रो सोसाइटी बडो गज्जबको छ । खाना खाइरहेको आफ्नो आँखाले देखिरहेको छ र पनि प्रश्न गर्छ : 'खाना खाँदै हो ?' सुतिरहेको देखिरहेको छ, अर्को आएर सोध्छ : 'सुतिरहनुभएको हो ?' यस्ता प्रश्न सोध्ने मित्रहरूबाट म वाक्क भैसकें । सबै कुरो घाम छर्लंग हुँदाहुँदै यस्ता फन्टुस प्रश्न गर्ने मित्रहरूले एक त आफ्नो आफैं समय बरबाद गरिरहेका छन् भने दोस्रो हाम्रो समय पनि सित्तैंमा खाइरहेका छन् । त्यसैले जस्तालाई तस्तै जवाफ दिने हो भने उप्रान्त त्यस्ता फन्टुस प्रश्न गर्नेछैनन् । त्यसैले आउनुहोस्, जस्तालाई तस्तै जवाफ दिऊँ ।

प्रश्न : कपाल काटेर आएको देखिरहेको छ, तर पनि सोध्छन् : 'कपाल काटेर आउनुभएको हो ?'

उत्तर : 'हैन, हिजो नगरकोट गएको थिएँ, भयंकर हुरी चलेको थियो, उडाएर लगेछ ।'

प्रश्न : 'खाँना खादै हो ?'

उत्तर : 'कहाँ खाना खानु ? यो झुंगो चपाएर दाँतको एक्सरसाइज गर्दैछु ।'

प्रश्न : 'ओहो ! भाउजूलाई मन पराएरै बिहे गर्नुभएको होला ?'

उत्तर : हैन, सासू मन परेको हो, तर उनी मानिनन् ।'

प्रश्न : 'ओहो बाबु ! कति ठूलो भएको ?'

उत्तर : 'आन्टी, तपाईं त कस्तो होचो न होचो, फर्सीबाट जन्मिनुभएको हो ?'

प्रश्न : (शवयात्रामा) 'ए, गोपालकाका, बित्नुभएछ हगि ?'

उत्तर : 'हैन, उहाँ सुत्लको सौखिन हुनुहुन्छ, त्यसैले सुतेरै तीर्थयात्रा गराउन लगेको ।'

प्रश्न : 'कस्तो जाडो छ हगि ?'

उत्तर : कहाँ जाडो हुनु, म त देउता लागेर पो कामिरहेको छु त ।'

## कलाकारका वेबसाइटहरू

नेपाली कलाकारहरू सूचना र प्रविधिसँग जोडिने क्रम तीव्र बनेको छ । केही वर्षअघिसम्म वेबसाइटबारे सोध्दा 'नो साइड' भनेर पन्छिने नायकहरू अहिले वेबपेजमा आफ्ना चलचित्रको प्रचार गरिरहेका छन् । पोहोरसम्म इमेल एड्रेस माग्दा 'मेरो त इमेल नम्बर नै छैन' भन्ने नायिकाहरू जिमेलबाट हलिउड र बलिउड सयर गरिहेका छन् ।

पछिल्लो रिपोर्टअनुसार चुलबुली नायिका रेखा थापाले www.dekha.com.np सञ्चालनमा ल्याएकी छिन् भने 'स्टनट नायक' निखिल उप्रेती www.hamfal.com.in मार्फत संसारसँग जोडिएका छन् । उता www.bridhakumar.com.np मा वृद्धकुमार नायक राजेश हमालका गोप्य तस्बिर हेर्न तथा उनका दमित भावनाहरू पढ्न पाइन्छ भने ऋचा घिमिरेले www.mapai.com.np सञ्चालन गरिरहेकी छिन् ।

हालै अमेरिकाबाट फर्किएका पूर्व नायक सरोज खनालले आफ्नो पुरानो वेबसाइट www.pizza.com.us स्थगित गरेर www.nepalitourist.us.np सञ्चालनमा ल्याएका छन् ।

निर्माता अशोक शर्माको साइट www.awasar.bad हो भने निर्देशक शोभित बस्नेतका अफेयरहरू www.hallakhalla.rjn.np मा पढ्न सकिन्छ । नायक भुवन के.सी.ले www.aatmaprachar.org सञ्चालन गरिरहेका छन् भने गायिका कोमल वलीको 'झ्वाँक तथा तन्नेरी' फोटो सेसनले भरिएको www.budhobais.furfur.com मा दैनिक हजारौले भिजिट गरिरहेका छन् ।

यसैगरी सुचना र प्रविधिसँग जोडिने अन्य कलाकर्मीहरूमा सञ्चिता लुईंटेलको www.divorcelife.jhur हो भने रेजिना उप्रेतीको www.kalakarita.com.halla.badi हो ।

गायक बद्री पंगेनीले www.ganatantra.geet.com खोलेका छन् भने निमा रुम्बाले www.cocacolagayak.biz चलाएका छन् । नायिका बिपना थापाको वेबसाइट www.filmcom.bouqutic.np हो भने नायक दिलीप रायमाझीको वेबसाइट www.dance.acting.com हो ।

## पञ्चअर्थ !

पञ्चामृत : जाँड, रक्सी, बियर, फेन्सिडिल र तोड्वा
पञ्चकर्म : घात, घुर्की, घमन्ड, अहंकार र बहिष्कार
पञ्चदेव : शंकरदेव, आनन्ददेव, वामदेव, कामदेव, जितेन्द्रदेव
पञ्चरत्न : पदमरत्न, माणिकरत्न, रत्नशमशेर, रत्नपार्क र द्रव्यरत्न
पञ्च-भलादमी : कमल थापा, सूर्यबहादुर थापा, प्यारजंग थापा, गणेश थापा, सहवीर थापा
पञ्चकन्या : करिस्मा, नलिना, कोमल, शैलजा र सुजाता

## संविधानसभा कसका लागि के ?

अमेरिका- चाइना घेर्ने गोर्खाली काइदा
भारत- जलस्रोत र उपनिवेशको दोहोरो फाइदा
चाइना- तिब्बत जोगाउने तुरुपको चाल
जापान- राजतन्त्र जोगाउने अन्तिम ढाल

गिरिजालाई नाक जोगाउने मेलो
माकुनेलाई सत्तामा पुग्ने खेलो
प्रचण्डलाई राष्ट्रपतिको सपना
ज्ञानेन्द्रलाई सेरेमोनियलको थपना

देशलाई आशाको ज्योति
मधेसलाई धोती र टोपी
नेतालाई हीरा र मोती
जनतालाई शान्तिको ज्योति

## थरी-थरीका गणतन्त्र

| | |
|---|---|
| सेनाको गणतन्त्र- | भैरवनाथ गणतन्त्र |
| नेपाली कांग्रेसको गणतन्त्र- | गनतन्त्र (नेवारी) |
| माओवादीको गणतन्त्र- | गन्गन्तन्त्र |
| राप्रपाको गणतन्त्र- | Gun तन्त्र |

## सन्देश

कसलाई के भनूँ ? आफ्नै भाग्य त्यस्तो। हेर काली, म तिमीलाई दोष दिन्नँ। हाम्रो नियतिमै यही लेखेको रहेछ। जे भयो अब त्यसलाई बिर्सिदिऊ।

**प्रभु**

मोहन, राम्रो खाऊ अनि ज्यान बनाऊ, त्यस्तो ज्यानमा त कसैले पत्याउँदैनन् यार, कुरा बुझ्यौ हैन ?

**प्रमेश**

विकास, मैले तिमीलाई होइन, तिमीले मलाई त्यागेका हौ। म त जहिले पनि तिम्रै छु, उत्तिकै प्रतिबद्ध, उत्तिकै समर्पित। तिम्रो दृष्टिभ्रमका कारण केही असमझदारी उत्पन्न भएको पक्कै हो तर त्यसलाई आपसी समझदारीमा सल्टाउन नसकिने होइन।

**मैयाँ**

सवि, जन्मदिनको मुरीमुरी शुभकामना। सुख र सन्तोषपूर्वक सय वर्ष बाँच। म तिम्रो साथ छु साथ रहनेछु।

**कविताराम**

संविधानसभा निर्वाचनमा उम्मेदवार भएका सबैलाई शुभकामना। जनताको मन जितेर भोट लिनुहोस् अनि हारे धाँधली भयो नभन्नुहोला। अझ आफ्नो पार्टीले जितेको ठाउँमा स्वीकार र हारेका ठाउँमा बहिष्कारको दोधारो नीति नलिनुहोस्। अर्को कुरा जनतालाई शान्तिको सास फेर्न दिनुहोस्। फेरि आन्दोलन, बन्द, तोडफोड गरेर जनतालाई दुख र मुलुकलाई पछाडि धकेल्ने काम नगर्नुहोस्।

**मोदनाथ पौडेल**



सडककी ठिटी, तिमी आफूलाई किन फुटपाथे भन्छ्यौ ? आफ्नै अवहेलना नगर आफ्नो महत्त्व बुझ। आफूमाथि गर्व गर्न सिक। हीनताबोधले कसैको प्रगति हुँदैन।

**श्याम**

सिर्जना, तिमी हट र डेयरिङ छौ। मैले तिमीलाई मन पराएँ र साथका लागि प्रस्ताव राखेँ तर तिमी किन मुन्टो मात्र निहुर्‍याउँछौ ?

**कमल**

किरण, तिम्रो नजरमा जादू छ, तिम्रो अधर कामुक छ। म सधैं यसको कायल छु, कायल रहनेछु।

**सन्जय**

पारो, तिमी कहाँ छौ ? मैले तिमीलाई धेरै खोजेँ। मलाई तिमीसँगको साथको सम्झनाले सताइरहेछ। सम्भव भए सम्पर्कमा आऊ।

**तिम्रो डेरामा आएको केटा**

कप्पु, काली के छ हालखबर, के गर्दैछौ हिंजो-आज ? म त दूर देशमा छु। मोटायौ कि दुब्लायौ ? अहिले कस्ती छौ ? मलाई बिर्सिएकी त छैनौ ? म तिमीलाई हेर्न आतुर छु।

**कैलाश**

**सूचना**

विक्रम संवत्को नववर्ष २०६५ प्रवेशको अवसरमा आफ्ना प्रियजनहरूलाई शुभकामना पठाउन चाहने पाठकहरूले आफ्नो सन्देश चैत २० गतेभित्र साप्ताहिकको ठेगानामा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................

उमेर : ...................... उचाइ : ......................

पेसा : ...................... शिक्षा : ......................

स्वभाव : ...................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...................... वर्ण : ......................

इमेल : ..............................................

ठेगाना : ..............................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................

..............................................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### कलेजको पहिलो दिन



कुरा २०६३ सालको हो। एसएलसी उत्तीर्ण गरेपश्चात् म व्यवस्थापन संकायमा भर्ना भएँ। साउनको दोस्रो साता कलेज सुरु भयो। डेराबाट कलेज पुग्न करिब २० मिनेट लाग्थ्यो। त्यस दिन म एक्लै थिएँ। बिहानै उठेर कलेज जानका निम्ति पूर्वतयारी गरी समयमै कलेजको बाटो पछ्याएँ। बाटोमा भेट भएका सबै मित्रको मुहार अपरिचित थियो। कसैलाई कसैको वास्ता थिएन। सबै आ-आफ्नो धुनमा हिँड्दै थिए। कलेजको गेटमा आइपुग्दा मेरो मन अचानक काँप्न हुन थाल्यो। आफूले चिनेका मानिस कोही थिएनन्। सायद त्यही कारण मेरो मुटुको धड्कन बढ्न थाल्यो। कलेजको पालेदाइको सहयोगमा मैले आफ्नो कक्षाकोठा पत्ता लगाएँ। कक्षाभित्र धेरै विद्यार्थी थिए। सबै आ-आफ्नो सुरमा मस्त थिए। केही क्षणपछि अंग्रेजी विषयका प्राध्यापक हाम्रो कक्षाभित्र प्रवेश गर्नुभयो। सर्वप्रथम उहाँले आफ्नो परिचय दिनुभयो। त्यसपछि उहाँले विद्यार्थीहरूकै सल्लाहमा २/२ जना विद्यार्थीलाई उठाएर परिचय गराउन थाल्नुभयो। त्यसैबेला मेरो पनि परिचयको पालो आयो।

एक जना युवतीसँग परिचयको क्रम जोडियो। प्राध्यापकको आदेशमा उनीसँग परिचय गरेँ। प्राध्यापक हाम्रो कक्षाबाट बाहिर जानुभयो। त्यसपछि सबै विद्यार्थी एक-आपसमा परिचय गर्दै थिए। म पनि नयाँ मित्रहरूसँग परिचय गर्ने विचारमा थिएँ। त्यसैबेला उनी बिस्तारै मेरो नजिक बस्न आइन्। हाम्रो परिचय अझ विस्तारित भयो। तैपनि मेरो मन भने अस्थिर थियो। मैले जति जवाफ दिन्थेँ उनी त्यसभन्दा पनि धेरै प्रश्न गर्थिन्। मैले पनि केही कुरा सोध्थेँ, उनी हाँस्दै जवाफ दिन्थिन्। यसरी हाम्रो परिचयको क्रम गहिरिँदै गएको थियो।

कलेजको पहिलो दिनमा मेरो उनीसँग मात्र परिचय भएको थियो तर पनि हाम्रो परिचय गहिरो थियो। प्राध्यापकहरू एकपछि अर्को गर्दै आउँदै-जाँदै थिए। कहिलेकाहीं हाम्रो ध्यान प्राध्यापकतर्फ पनि मोडिन्थ्यो तर पनि हामी आफ्नो ध्यान हामी दुईबीच बाँडिरहेका थियौँ। केही क्षणपछि कलेज छुट्टी भयो। सबै भोलि भेट्ने वाचा गर्दै आफ्नो बसाइतर्फ लाग्दै थिए। हामी पनि त्यस्तै विचारमा थियौँ। त्यसैबेला उनले नास्ता गर्ने प्रस्ताव राखिन्। हामी कलेजबाहिर आयौँ र नजिकैको होटलमा पस्यौँ। चिया पिउँदै हामी गफ गरिरहेका थियौँ। उनले भावुक भएर भनिन्- 'आज कलेजकै पहिलो दिनमै मैले तपाईंजस्तो असल अनि मन मिल्ने साथी पाएँ। सायद हामीलाई भगवान्ले नै भेट गराएको होला। मलाई विश्वास छ, हाम्रो यो मित्रताको जोडी कहिल्यै पनि छुट्नेछैन। प्लिज भोलि भेट हुँदादेखि मलाई तिमी भनी बोलाउनु नि है। मैले भनेँ- हामी साथी भएपछि एक-अर्काको साथ त अवश्य पनि रहनेछ नि, होइन र ? मैले तपाईंलाई तपाईं नै भन्दा हुँदैन र ? उनले भनिन्- 'तिमी' शब्दले मित्रताको सम्बन्धलाई अझ प्रगाढ बनाउँछ अनि 'तिमी' शब्दमा माया लुकेको हुन्छ। मैले भनेँ- त्यसो भए भोलि किन आजदेखि नै मेरी साथी तिमी।

कलेजको पहिलो दिन एकदमै रमाइलो र जिन्दगीकै अविस्मरणीय क्षण बन्न पुगेको छ तर त्यस दिनसम्म मात्र कलेजको पहिलो दिनलाई मैले रमाइलो क्षणका रूपमा लिएको थिएँ, जबसम्म उनी मेरो साथीमा थिइन् तर आज म त्यो दिनलाई जिन्दगीको अविस्मरणीय क्षण मात्र मान्छु, त्यो पनि तीतो सम्झनाका रूपमा। उनले गरेको वाचा र आश्वासन लामो समयसम्म कायम रहन सकेनन्।


हामीबीचको त्यो परिचय सार्थक बन्न सकेन। किनकि अचेल उनी कहाँ हराइन् कहाँ ? धेरै खोजिसकेँ तर कतै पनि भेटिनँ। उनी हराएको धेरै समय भैसक्यो, न त उनले मलाई भेट्न आइन् न त उनको अत्तोपत्तो नै छ। मेरो कलेजको पहिलो दिनले मलाई उनको सम्झना दिलाउँछ। त्यो दिन सदैव मेरो हृदयमा अमिट याद बनी रुमल्लिरहेको छ।

**– देवेन्द्र**

## साप्ताहिक साथी



नेवार युवतीलाई दिदी-बहिनी बनाएर टीका लगाउने योजना कार्यान्वयन गर्दै आएका होमनाथ भट्ट विवाहित हुन्। उनी २८ वर्षका छन्। भलिबल खेलमा रुचि राख्ने होमनाथको उचाइ ५ फिट २ इन्च छ। प्रवेशिका उत्तीर्ण गरेका होमनाथ सांस्कृतिक पुनर्मिलन तथा धनी र गरिबबीचका भेद मेटाउन चाहन्छन्। उनलाई panceltica fast track steel structures 95 saad street ps box 31941 मा पत्राचार गर्न सकिन्छ।



आईएडमा अध्ययनरत छविराम धमला ५ फिट ३ इन्च अग्ला छन्। परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सक्ने छविराम ५ फिट ३ इन्च अग्ला छन्। अविवाहित छविराम दुःखमा साहस दिने तथा सुखमा सँगै रमाउन सक्ने साथीको खोजीमा छन्। उनलाई chhawin-+/*@yahoo.com मा पत्राचार गर्न सकिन्छ।

# वसन्तोत्सव पर्व फागु



हरेक वर्ष फागुन शुक्ल अष्टमीका दिन फागु प्रारम्भ भएको मानिन्छ। यस दिन विभिन्न रङ्गका ध्वजाहरू रूख काटेर बनाइएको लिङ्गोमा सजाइन्छ। यसरी सजाइएको लिङ्गो सार्वजनिक ठाउँमा ठड्याइन्छ। शुक्लपक्षको अष्टमीदेखि पूर्णिमासम्म आठ दिनसम्म मनाइने पर्व हुनाले फागुलाई होलाष्टक पनि भनिन्छ। स्थान विशेष अनुसार होली, फागु, होरी, होलीकोत्सव आदि नामले यो पर्व मनाइन्छ।

काठमाडौंमा वसन्तपुर दरबार परिसरमा शुभसाइतमा जंगलबाट काटेर ल्याइएको रूख ताछेर सिंगारी ध्वजाहरूले सजाएर चिरोत्थान गरिएको छ। चिरोत्थानलाई फागु पर्वको प्रारम्भको प्रतीकका रूपमा लिन सकिन्छ। आज अर्थात् फागुपूर्णिमाको दिन फागु खेल्न विविध रङ्गहरू एक आपसमा दलेर अथवा यी रङ्गहरू मिसाइएको पानी पिचकारी वा बेलुनमा भरी छ्यापेर भातृत्वपूर्ण तरिकाले रमाइलोसँग मनाइन्छ। यद्यपि काठमाडौं लगायतका सहरी क्षेत्रमा फागुपूर्णिमाको पन्ध्र दिन अघिदेखि नै विशेषगरी स्कुले छात्रा तथा युवतीहरूलाई दुषित पानी भरेर लोला हान्ने विकृतिका रूपमा आउने गरेको छ फागुपर्व। त्यसैले सन्तोत्सवका रूपमा खुसियालीपूर्वक मनाइने फागुपर्व कतिलाई मन पर्दैन।

आजकै दिन फाल्गुण शुक्लअष्टमीका दिन उठाइएको चिरलाई विशेष पूजागरी ढालेर चिरदहन गरेपछि फागु समाप्त भएको मानिन्छ। काठमाडौंको चिरदहन (आज रातमा गरिने) विशेष दर्शनीय हुन्छ। पहाडी क्षेत्रहरूमा विभिन्न रङ्ग तथा बेलुन प्रयोग गर्ने प्रचलन नभए पनि ठाउँअनुसार विभिन्न फलबाट बनाइएका रङ्गहरू र अबिर दलेर सामान्य किसिमले मनाइन्छ। पहाडी क्षेत्रहरूमा ठाउँ विशेषमा विभिन्न हाटबजार वा मेला लाग्छ। मेलामा लोकजीवनका विविध पक्ष झल्कने क्रियाकलापहरू गरेर यो पर्व मनाइन्छ।

तराईमा भने यो पर्वलाई धुमधामपूर्वक मनाइन्छ। तराईवासीले आफ्ना ठूला चाडहरूमध्येको एक पर्वलाई मान्ने भएकाले पनि तराईको फागु रौनकपूर्ण हुन्छ। तराईक्षेत्रमा फागुपूर्णिमाको भोलिपल्ट चैत्रशुक्ल प्रतिपदाको दिन फागु मनाइन्छ।

वसन्त ऋतुको प्रारम्भ हुने समय भएकाले फलफूलका साथै अन्य बिरुवामा पालुवा लाग्ने फूल फुल्ने, फल लाग्ने र तुषाराले खाएका घाँसपातहरू पनि उम्रिएर प्रकृति नै एक प्रकारले फागु मनाइरहेको हुन्छ। उराठलाग्दो शिशिर समाप्त भएर वसन्त ऋतु प्रारम्भ भएको खुसियालीमा मनाइने यो पर्व मनोरञ्जनको दृष्टिले मात्र नभई इष्टमित्र एवं छरछिमेक साथीभाइबीच क्रोध र वैमनस्यता त्यागी एकजुट हुने पर्वका रूपमा पनि महत्त्वपूर्ण छ।

यस प्रकारको प्राचीन संस्कृतिलाई हिंजोआज विकृत बनाउने काम भैरहेको पाइन्छ। अरूलाई चोट पुर्‍याएर मनोरञ्जन लिने पर्वको रूप लिंदा मानिसहरूका लागि यो पर्व बोझिलो बन्न पुगेको छ। महत्त्वपूर्ण काम लिएर हिंडेकाहरूलाई पन्ध्र दिनअघिदेखि नै फोहोर पानीले निथ्रुक्क पारिँदा विशेषगरी दिदीबहिनीहरू मारमा पर्ने गरेका छन्। बेलुनमा विभिन्न वस्तु मिलाएर हान्दा बर्षेनी कति अपाङ्ग बनेका छन्। अरुको मञ्जुरीबिना फागु खेल्दा र मादक पदार्थ सेवन गरी हुलदंगा गर्दा यो पर्व रगतको होलीमा परिणत भएको पनि सुनिन्छ।

फागु असत्यमाथि सत्यको विजय भएको पर्व हो। वसन्तको प्रारम्भ हुने मनोरञ्जनात्मक पर्व हो। यसलाई अर्काको इच्छाविपरीत प्रयोग गर्ने वा उनीहरूको विवशतामा रमाउने पर्वका रूपमा लिनुहुँदैन। मेलमिलापको प्रतीकको पर्वलाई आपसी फुट ल्याउने विकृतिका रूपमा नलिऊँ। भोलिका कर्णधार युवाहरूले यो कुरामा ध्यान पुऱ्याउनैपर्छ। यसैगरी अभिभावकहरूले पनि आफ्ना छोराछोरीहरूलाई सचेत गराउन ढिलो भैसकेको छ।

**–रामप्रसाद धिताल**

# अहिलेकी सेक्सी नेपाली नायिका को हुन् ?

मलाई त लुगा खोल्दैमा सेक्सी भइन्छ जस्तो लाग्दैन, तपाईंलाई कस्तो लाग्छ ?

**जयराम भट्टराई, जनकपुर**

के हो सम्पादकज्यू, सम्पादन छाडेर कतै निर्देशक त बन्न खोज्नुभएको होइन ? यदि त्यसो हो भने रेखा थापालाई नै लिनु। एक मिटर कपडा भए पुगिहाल्छ तर नायकका लागिचाहिँ मलाई नै बोलाउनु है ।

**भुवनकुमार चौलागाईं (१७), सर्लाही**

रेखा थापालाई छवि ओझाजीले कपडै किन्दिन सकेका छैनन त्यसैले सेक्सी नबनेर के बन्ने त ?

**टीकाराम अर्याल**

रेखा थापा हुन्, किनभने उनी साह्रै गरिब छिन्, लुगै किन्न सक्दिनन्।

**चतुर कुलुङ (१८), सोलुखुम्बु**

किन तपाईंले रेखा थापा, ऋचा घिमिरे र पुजना प्रधानको नाम बिर्सिनु भो कि क्या हो ?

**सुरज सिंह, जनकपुर**

नायिकाहरू त चलचित्रभरि मात्रै सेक्सी देखिन्छन्, होइन र सम्पादकज्यू ?

**मनिष दाहाल/मनिष न्यौपाने, काठमाडौं**

एक-दुईजना मात्र भए पो लेखेर साध्ये, दर्जनौं छन् लेख्नै गाह्रो ।

**समर्पण भट्टराई, जनकपुर**

मलाई निरुता सिंह हुन् कि जस्तो लाग्छ । वास्तवमा मानिसहरूले सेक्सी भन्ने बित्तिकै अंग प्रदर्शन गर्नु मान्छन् तर सेक्सी भनेको गुड लुकिङ हो जस्तो लाग्छ, अंग प्रदर्शन होइन ।

**निरोज भट्टराई**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
२. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
३. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
४. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
५. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
६. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
७. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
८. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
९. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
१०. यो संसार कस्तो छ ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म १९ वर्षीय अविवाहित पुरुष हुँ । म एक युवतीसँग साँचो प्रेम गर्छु र उनीसँग विवाह गर्न चाहन्छु । मैले मेरी प्रेमिकासँग कन्डमविना यौनसम्पर्क गरेर वीर्य योनिबाहिर झारिदिंए र फेरि यौनसम्पर्क गरिनँ । भोलिपल्ट उनको महिनावारी भयो । मलाई सामाजिक एवं मानसिक रूपमा डर लागिरहेछ । उनी गर्भवती भइन् भने के गर्ने ? १. वीर्य स्खलन हुनुभन्दा पहिले आउने रसले गर्भ रहन्छ कि रहँदैन ? २. गर्भ कस्तो अवस्थामा रहन्छ ? ३. शुक्रकीटको आयु कतिसम्म हुन्छ (योनिभित्र) ? कुनै पनि पुरुषले कुनै पनि महिलासँग यौनसम्पर्क गरेर योनिभित्र वीर्य झार्दा र यौनसम्पर्क गरेको भोलिपल्ट महिला महिनावारी भइन् भने के उनी गर्भवती हुन्छिन् ?**

**– डी.बी.**

**उत्तर: गर्भ कसरी रहन्छ ?**

सन्तानको उत्पत्ति प्रमुख रूपमा पुरुषबाट निस्कने शुक्रकीट र स्त्रीमा विकसित भएका डिम्बको मिलनबाट हुन्छ । यौनसम्पर्कको बेलामा पुरुषको वीर्यस्लखलन हुँदा निस्किएका करोडौं शुक्रकीटमध्ये केही पाठेघरको मुख हुँदै पाठेघर र त्यसपछि डिम्बबाहिनी नलीमा पुग्छन् । त्यहां परिपक्व भएको डिम्बसँग असंख्य शुक्रकीटमध्ये एकको मात्र मिलन हुन्छ । यसरी मिलन हुने प्रक्रियालाई निषेचन भनिन्छ । यसरी शुक्रकीट र डिम्बको मिलन भएको कोषलाई युग्मज भनिन्छ र यही नै पछि विकसित भएर शिशु बन्छ । सामान्य रूपमा भन्नुपर्दा गर्भधारण हुनका लागि मुख्य रूपमा १. डिम्ब निष्कासन, २. यौनसम्पर्क, ३. वीर्य स्खलन, ४. डिम्ब निषेचन तथा ५. डिम्बरोपणजस्ता कुरा हुनु आवश्यक छ । एउटा महत्त्वपूर्ण कुरा के के हो भने डिम्ब निस्किएको यस्तै १४ दिनमा महिनावारी सुरु हुन्छ । यस्तै २८ दिनको महिनावारी भएकी महिलाको १४औं दिनतिर डिम्ब निस्कने भएकाले त्यतिबेला सम्भोग गर्दा गर्भ रहने सम्भावना एकदमै धेरै हुन्छ । डिम्ब यस्तै २४ देखि ४८ घण्टासम्म बाँच्छ भने महिलाको प्रजनन अंगभित्र शुक्रकीटहरू यस्तै ७२ घण्टा वा त्योभन्दा केही बढी बाँच्न सक्छन् । त्यसैले डिम्ब निस्कने केही अघिको र केही दिनपछिको समयलाई गर्भधारणका दृष्टिकोणले असुरक्षित काल मानिन्छ । सामान्यतया डिम्ब निस्किएको दिनभन्दा ३ दिनपछि गर्भ रहने सम्भावना फेरि शून्यमा झर्छ । महिलाले यौनसम्पर्कपश्चात् अन्य केही प्राणीले जस्तो वीर्यलाई सुरक्षित राख्न सक्दैनन्, त्यसैले यौनसम्पर्कको धेरै पछि गर्भ रहने सम्भावना हुँदैन । तपाईंकी प्रेमिकाको सन्दर्भमा महिनावारी भएको कुरा उल्लेख गर्नुभएको छ र यो महिनावारी नै हो भने गर्भ नरहनुपर्ने हो ।

**के बाह्य–स्खलन गर्दा गर्भ रहला ?**

गर्भ रहन वीर्य स्खलन योनिभित्र हुनु एउटा महत्त्वपूर्ण कुरा हो र यसका साथै महिला महिनावारी चक्रको कुन बेलामा छ भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ । लिङ्गलाई बाहिर झिक्न सजिलो जस्तो लागे पनि यो त्यति सजिलो भने नहुन सक्छ । किशोरहरूले यस्ता झैपरी आउने सम्पर्कमा लिङ्ग झिक्ने विधि प्रयोग गर्ने भए पनि उनीहरू अभ्यस्त नभएकाले ठीक समयमा झिक्न सक्ने नहुन सक्छन् र त्यसको गम्भीर परिणाम हुनसक्छ । गर्भ रहने समयमा यौनसम्पर्क भएको छ भने गर्भ बस्न सक्छ ।

**के लिंग उत्तेजित हुँदा निस्कने रसबाट पनि गर्भ रहन्छ ?**

उत्तेजनाको स्रोत जेसुकै भए पनि यौन उत्तेजना भएपछि अलिकति रस लिङ्गको टुप्पामा देखिन्छ । पौरुष ग्रन्थिको मुनितिर मूत्रनलीसँग जोडिएका केराउका दानाजस्ता दुई ग्रन्थि हुन्छन् जसलाई अंग्रेजीमा Cowper's gland भनिन्छ । यौन उत्तेजनाको बेलामा यही ग्रन्थिबाट निस्किएको रस केही थोपाका रूपमा वीर्य स्खलनभन्दा पहिले नै लिङ्गको टुप्पामा देखिन्छ । केही व्यक्तिमा यो रस निस्कने कुरा नै थाहा नपाउने गरी थोरै हुन्छ भने केहीमा चियाचम्चा वा त्यसभन्दा बढी पनि निस्कन्छ । यसका खासै कार्य वा उपयोगिताका सम्बन्धमा यकिन भन्न नसकिए पनि मूत्रनलीको अम्लीयपनलाई तटस्थ पार्छ भन्ने कुरामा विश्वास गरिन्छ । यसरी आउने तरल पदार्थमा सामान्यतया शुक्रकीट हुँदैनन्, त्यसैले सामान्य अवस्थामा उक्त रसको सम्पर्कबाट गर्भ रहँदैन, तर कतिपय स्थितिमा यदि केही समय पहिले हस्तमैथुन गरेर वा यौनसम्पर्क गरेर वीर्य स्खलन गरेको भए उक्त वीर्य स्खलनका कारणले मूत्र नलीमा रहेका केही शुक्रकीट यो रसमा आउने सम्भावना रहन्छ ।

**विवाहपूर्व यौनसम्पर्क**

यौनइच्छा एकदमै तीव्र हुने भए पनि प्रायःजसो किशोर-किशोरीहरू यसका लागि आवश्यक रूपमा तयार हुँदैनन् । अर्को व्यक्तिसँग सम्बन्ध विकास गर्न कति गहिराइसम्म पुगिन्छ भन्ने अनुमान उनीहरू सहजै गर्न पनि सक्दैनन् भने अर्कातिर कति पुगेपछि रोक्नु उचित हुन्छ भन्ने कुरा पनि विवेकपूर्ण रूपमा ठम्याउन सक्दैनन् । ज्ञान भए पनि आवश्यक सीप नहुन सक्छ । पुरानो प्रकृतिको ग्रामीण समाजमा होस् वा आधुनिक सहरी समाजमा किशोर-किशोरीहरूले एक-अर्कामा सम्बन्ध विकास गर्ने विभिन्न अवसर प्राप्त हुने वातावरण हुन्छ । यस्तो बेलामा कसरी सही निर्णय लिने भन्ने सीप हुनु नै मुख्य कुरा हो । यदि यौनसम्पर्कका लागि सबै कुरा ठीक छैन भने यौनसम्पर्क नै नगर्ने निर्णय पनि लिन सक्नुपर्छ । योजनाबद्ध नहुने भएकाले झैपरी हुने यौनसम्पर्कमा जहिले पनि अनिच्छित गर्भ रहने जोखिम बढी हुन सक्छ । यस्तो स्थितिबाट बच्न गर्भनिरोधका अनेक साधन सजिलै पाइन्छन् ।

**आपत्कालीन औषधी छ कि ?**

गर्भ निरोधको खाने चक्की नीलोकन आपत्कालीन गर्भनिरोधका रूपमा प्रयोग गर्न सकिन्छ । यौनसम्पर्क भएको जतिसक्दो चाँडो यसको पहिलो मात्रा खानुपर्छ । एक मात्रामा ४ चक्की खानुपर्छ । पहिलो मात्रा यौनसम्पर्क भएको ७२ घण्टा भित्र खाइसक्नुपर्छ । अर्को मात्रा पहिलो मात्रा खाएको १२ घण्टामा खानुपर्छ । यसरी १२ घण्टाको फरकमा दुई पटक औषधी खाए पुग्छ । त्यसैले दोस्रो मात्रा खान सजिलो समयका बारेमा पनि ध्यान दिनुपर्ने हुन्छ ।

## पारिवारिक स्वास्थ्य



डा. बालकृष्ण साह

फागुपूर्णिमा अर्थात् होली भन्नेबित्तिकै कतिपयले भाङ खाएर मस्त भै रङ्ग तथा अबिर खेल्ने चाड मान्ने गरेको पाइन्छ । साथी-भाइ तथा आफन्तहरूसँग भाङको स्वाद लिँदा खासै धेरै असर नपर्न सक्छ, तर यस्ता नशालु पदार्थको अत्यधिक सेवन गर्नाले नराम्रो असर गरेको तथा यस्ता चाडपर्वको रमाइलो अवसरमा दुर्घटना भएको वा अस्पतालमा भर्ना भएका खबरहरू पनि हामीले प्रशस्तै सुन्ने गरेका छौं ।

गाँजा र भाङ दुवै एकै समूहका भिन्दाभिन्दै प्रजाति हुन् । यिनीहरूको प्रयोग गर्ने तरिका पनि फरक-फरक छन् । सामान्यतया गाँजामा धूवाँ सेवन गरिन्छ भने भाङ मिठाई वा रसिलो झोल बनाएर सेवन गरिन्छ । यी दुवै पदार्थको असर एउटै जस्तो हुन्छ । यी पदार्थ सेवन गरेको आधा घन्टा पनि नबित्दै असर सुरु हुन थाल्छ । भाङको तुलनामा गाँजाको नशाले चाँडो छोड्छ । थोरै मात्रामा गाँजा-भाङ सेवन गरेका बेला आफूलाई कुनै पनि कुराको राम्रो जानकारी तथा अनुभव महसुस हुने, ठाउँ र समयको राम्रो ज्ञान नहुने, शान्त रहने आदि हुन सक्छ ।

कसै-कसैलाई स्मरणशक्तिमा असर गर्ने, एकाग्रतामा कमी आउने, सोच्न नसक्ने स्थिति आउने आदि हुनसक्छ । अत्यधिक मात्रामा गाँजा-भाङ सेवन गरेको अवस्थामा धेरै भोक र तिर्खा लाग्ने, वाक-वाक लाग्ने, टाउको भारी हुने, चक्कर लाग्ने, हात-खुट्टा काम्ने, मुख सुख्खा हुने, मुटुको धड्कन बढ्ने, बारम्बार पिसाब लागिरहने, आफूलाई चलाख र स्वतन्त्र अनि सबै कुराको ज्ञाता महसुस गर्ने, निद्रा नलाग्ने, हँसिलो देखिने तथा हाँसिरहने, विभिन्न किसिमको सोचाइ तथा विचारहरू आउने, नभएको कुरा देख्ने, नबोलेको सुन्ने, धेरै बोल्ने आदि हुन सक्छ । गाँजा, भाङ तथा चरेसको एकैपटकको सेवनबाट मृत्यु नै हुने सम्भावना कम भए पनि मृत्यु हुँदै नहुनेचाहिँ होइन । चरस २ ग्राम, गाँजा ८ ग्राम तथा भाङ १० ग्राम प्रति किलोग्राम शरीरको तौलभन्दा बढी सेवन गरेको खण्डमा तुरुन्त उपचार नगरेको अवस्थामा केही



दिनकै अन्तरालमा मृत्यु निश्चित हुन्छ । त्यसैले यस्ता पदार्थहरू अत्यधिक मात्रामा सेवन गर्नु हुँदैन । थोरै मात्रामा सेवन गरेको अवस्थामा पनि आफूलाई रमाइलो भन्दा पनि गाह्रो हुन थालेपछि पानी बढी पिउने (ग्लुकोज पानी पनि पिउन सकिन्छ) तथा तुरुन्त स्वास्थ्य संस्थामा गएर चिकित्सकको सिफारिसमा थाइमिन, नालोपोन तथा लक्षणअनुसार अन्य औषधी सेवन गर्नुपर्छ ।

फागुपर्वमा गाँजा, भाङसँगै अरू कडा अनि चाँडै लाग्ने वा मताउने अन्य कुराहरू स्वरूप धतुरोको प्रयोग तीव्र रूपमा हुने गरेको पाइएको छ । सेतो र बैजनी रङ्गको फूल भएको दुई थरीको धतुरो हाम्रो देशमा पाइन्छन् । यी दुवै थरीका फूल र बियाँ नशालु र विषालु हुन्छन् । यसका बियाँमा हायोसाइन, हायोसायमाइन र केही मात्रामा सटरोपिन नामक रसायन हुन्छन् । यी रसायनले सोझै केन्द्रीय स्नायु प्रणाली (सी.एन.एस.) मा असर गर्छन् ।

सुरुमा मस्तिष्कलाई उत्तेजित गर्ने अनि सुस्ताउने र अन्तमा पारालाइसिस गरिदिने हुन्छ । यस्ता पदार्थ सेवन गरे मुख तथा घाँटी सुक्ने, स्वर सुक्ने, पेट पोल्ने, वान्ता हुने, आफन्त तथा साथीभाइलाई नचिन्ने, आँखाको नानी ठूलो हुने, उज्यालोमा हेर्न गाह्रो हुने, मुटुको धड्कन १ सय २० प्रति मिनेटभन्दा पनि बढी हुने, शरीरको तापक्रम बढ्ने आदि हुन सक्छ । अत्यधिक मात्रामा धतुरोको बियाँ सेवन गरे एक-दुई घन्टाभित्रै मानिस बेहोस हुने 'कोमा' मा जाने तथा मृत्युसमेत हुन सक्छ । शून्य दशमलव ६ देखि एक ग्राम धतुरोको बियाँ मानिसको मृत्युका लागि पर्याप्त हुन्छ । त्यसैले यस्ता पदार्थको सेवन गर्न होइन चाख्न पनि हजार पटक सोच्नुपर्छ ।

चाडबाडको बहानामा गाँजा, भाङ, धतुरो आदिजस्तै जाँड-रक्सी वा अन्य मादक पदार्थ अत्यधिक मात्रामा लिने प्रचलन बढ्दै गएको छ । यस्ता गतिविधिले आफैंलाई नोक्सानी गर्ने हुँदा समयमै विचार पुऱ्याउनुपर्छ । अत्यधिक मात्रामा यस्ता पदार्थ सेवन गरेको अवस्थामा जतिसक्दो चाँडो बान्ता गराउनु अनि नजिकैको कुनै स्वास्थ्यसंस्थामा पुऱ्याउनुपर्छ । अत्यधिक मात्रामा नशा सेवन गरेका व्यक्तिलाई अस्पतालमा भर्ना गर्नुपर्ने पनि हुन सक्छ र यस्ता बिरामीहरूमा नशालु पदार्थको मानसिक असर दीर्घकालीन रूपमा रहन सक्छ ।

*माता पाथीभरा अस्पताल, चारआली, झापा*

# रंगिने भयो मन

*आज न छोड़ेंगे बस हम*
*होली खेलेंगें हम होली..........*

अहिले यो हिन्दी गीत हरेकको जिब्रोमा झुन्डिएको छ। बालकदेखि वृद्धसम्म सबै होलीको गीत गुनगुनाउन थालेका छन्। बजारमा रंगअबिर, गुलाल तथा लोलाको बिक्री चरममा छ। मुख्य बजार सडकको दुवै पेटीमा सजाएर राखिएका होलीका सामानले बजार ढकमक्क रंगिएको छ। आपसी मेलमिलाप एवं सद्भावको सन्देश दिँदै हरेक वर्ष आउने होलीले सबैलाई घनिष्ठताको सन्देश दिन्छ। वसन्त ऋतुको आगमनसँगै रसरंगको पर्व फागुपूर्णिमामा घम्साघम्सी गर्न आतुर छन् युवायुवतीहरू। रंग, अबिर, लोलाले फेरि एकपटक शरीर रंगाउने बेला आइसकेको अनुभूति हुन थालेको छ हामीलाई।



हिन्दू समाजमा कसैका लागि होली, त कसैका लागि फागुपूर्णिमा वा फगुवा, होरीजस्तो नामबाट मनाए पनि रंगाउने त शरीर नै हो। यो पर्व हिन्दूहरूको भए पनि अहिले भने मुस्लिम, सिख, इसाईले समेत मनाउन थालेका छन्। नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भएलगत्तै सबै समुदायका लागि यो पर्व प्यारो भएको छ। मुस्लिम समुदायमा पनि यो पर्व निकै उल्लासमय तरिकाले मनाइन्छ। भरतपुरका एजाज आलम भन्छन्- 'होली हिन्दूको मात्र नभै हाम्रो पनि महत्त्वपूर्ण चाड भैसकेको छ।' रंगअबिरले शरीर रंगिने हो, तर यो पर्वले को मुस्लिम, को सिख, को हिन्दू, को पहाडिया, को मधिसे– सबैमा आपसी भाइचाराको सम्बन्ध स्थापित गरेको छ।

पहाडी भेगमा होली एक दिन मनाइए पनि तराईक्षेत्रमा ३ दिनसम्म मनाइन्छ। स्थानीय एफएम तथा टेलिभिजनहरूले होलीसँग सम्बन्धित कार्यक्रम, गीतसंगीत प्रसारण गरेर स्थानीयवासीलाई होली आइसकेको अनुभूति दिलाएको छ। होली खेलौं तर 'विकृतिरहित' सन्देश सञ्चारमाध्यमका प्रमुख नारा भएका छन्। होलीको अवसरका उपलब्ध गीतिसंग्रहहरू क्यासेट पसलहरूमा घन्किन थालिसकेको छ। होलीको निहुँ पारेर बजारमा विभिन्न कार्यक्रम आयोजना हुने गरेको छ। स्टेज सो, सांगतिक कार्यक्रम, डान्स पार्टी, होलीसँग सम्बन्धित भएकाले युवावर्गको विशेष आकर्षण रहने गरेको छ। होलीलाई युवायुवतीहरूले मनोरञ्जनका रूपमा लिए पनि वृद्ध-पाकाहरू आपसी सद्भावका लागि एक-आपसमा रंग साटासाट गरी होली मनाउँछन्।

गत वर्ष होलीमा खुब मस्ती गरेकी एलिना सापकोटा यसपल्ट होली नखेल्ने विचारमा छिन्। किन भन्ने प्रश्नमा उनी भन्छिन्- 'होलीको नाममा कतिपय मानिस विकृति फैलाउन लागिपरेका छन्।' अरूको चाहनाविना होलीमा जबर्जस्ती गर्नुले पर्वको नाममा विकृति त फैलिन लागेको होइन भन्ने शंका उत्पन्न हुन थालेको छ। विगतमा रंग-अबिर मात्र खेलेर मजा लिने होलीको स्वरूपमा केही परिवर्तन आएको छ। रंग खेल्ने बहानामा मोबिल, अलकत्रा, केराको रस, कोइला पानीमा प्रयोग गरी छ्याप्नुले विकृति ल्याएको स्थानीय हाम्रो एफएमकी कार्यक्रम प्रस्तोता ईश्वरी अधिकारीको धारणा छ। होलीको मौका छोपी युवाहरूले युवतीको संवेदनशील अंगमा रंग हाल्नु, जबर्जस्ती गर्नु, सिन्दूर हाल्ने प्रयास गर्नुले कतिपय युवती घरबाहिर ननिस्कने उनले साप्ताहिकलाई बताए। स्थानिय पत्रकार एकल सिलवाल भन्छन्- 'होलीको नाममा रक्सी, जाँड, चरेस, गाँजा सेवन गरी झगडा, मारपिट एवं गुन्डागर्दी गर्ने प्रवृत्तिले पनि यो पर्व मनाउनेमा केही कमी आएको छ।'

एकथरीले होलीमा विकृति आएको छ भन्छन् भने अर्का थरी होली हो, परम्परागत रूपमा खेल्नुपर्छ, संस्कृति जर्गेना गर्नुपर्छ भन्ने पक्षमा लागेको छन्। उनीहरू चाडपर्वको नाममा विकृति नफैलाउन सबैलाई सचेत हुन आग्रह गर्छन्। यसमा पनि युवावर्गले विशेष भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिन्छन्। गितानगरका रमेश सिंह भन्छन्- 'आफ्नो मौलिक संस्कृतिलाई यस्ता पर्वहरूले चिनारी दिएको छ, यसलाई सबैले आपसी सद्भाव कायम राखी मनाउनुपर्छ।

**थारू समुदाय होलीको तयारीमा**

चितवनमा बाक्लो बसोबास रहेको बछ्यौलीका थारु समुदाय अहिले होलीको तयारीमा जुटेको छ। सबैभन्दा ठूलो चाडका रूपमा मनाइने होलीमा थारु युवायुवतीहरू अहिले योजनाबद्ध रूपमा तयारी गर्दैछन्। होलीका लागि खसी, कुखुरादेखि विभिन्न खाद्यसामग्री जुटाइएका छन्। आफ्ना साथीभाइहरूलाई निम्तो बाँडिएको छ। अरू समुदायले मनाउने र थारू समुदायले मनाउने होलीमा केही अन्तर छ।

थारू संस्कृतिमा राम्रो दखल राख्दै आएका स्थानीय समाजसेवी बासु चौधरी भन्छन्- 'यहाँ होली पर्व आउनु साता दिन अघिदेखि तयारी सुरु हुन्छ।' पहाडी क्षेत्रमा होली मनाइने दिन थारु समुदायका अग्रज व्यक्तिहरूले बेलुका चिर पोल्छन्। सम्पूर्ण गाउँले एकै थलोमा भेला भै कुनै स्थानमा मचान बनाई सबैका उपस्थितिमा चिर पोलिन्छ। त्यस बेलुकादेखि सुरु हुन्छ उनीहरूको होली। राति नै सबैको घरघरमा गई रक्सी-मासु खाइन्छ अनि नाचगान गर्दै रमाइलो गरिन्छ।

भोलिपल्ट बिहानै उठी चिर पोलेको ठाउँमा सबै भेला भै चिरको खरानीबाट टीका ग्रहण गर्छन्। पूजाआजा गरेकाले उनीहरू आशिष माग्न पनि छुटाउँदैनन् अनि खोलामा गएर नुहाइसकेपछि सुरु हुन्छ रंग, लोलासहितको होली। को आफ्नो, को पराई सबैसँग सद्भाव व्यक्त गरी होली खेलिन्छ। थारू समुदायमा छोरीलाई माइत बोलाई मीठो-मीठो पकवान खुवाई होली खेल्ने चलन छ।

–प्रवीण दत्त

# आयो रे होली आयो



पोखरा- रँगैरंगको वर्षा हो– होली। फागुपूर्णमा रंग नखेले धीतै मर्दैन, -अहिलेका टिनएर्जसहरू यसै भन्छन्। होलीको बेला रंग र अबिरले हरेकको अनुहार पोतिएको हुन्छ। पानी र लोलाले शरीर निथ्रुक्कै बन्छ। बालकदेखि उमेर पाकेकासम्मलाई होलीको रौनकले छुन्छ, तर होलीको रसरंगमा हेलिनेमा युवायुवतीहरूको हूल अलि बाक्लो देखिन्छ। तन्नेरीहरू समूह बनाएर होलीमा रमाउँछन्। होलीमा रंग खेलिने त भयो नै, उनीहरू नाचगान रमाइलो गर्न पनि पछि पर्दैनन्। मदिरामा मस्त हुनेहरू पनि कम हुँदैनन्। होलीमा गाउँदेखि सहर सबैतिर विछट्टै रमाइलो हुन्छ। अबिर र लोलादेखि टाढा रहनेहरूलाई होलीले हैरान बनाउँछ। जसरी हुन्छ उनीहरू रंगदेखि टाढा हुन चाहन्छन्। पर्यटकीय सहर पोखरामा होलीको बेला बेग्लै रौनक हुन्छ। सडक चोक र गल्लीमा रंगको वर्षाले हिंडडुल गर्नै मुस्किल हुन्छ। घरका छतछतमा बसेर एकोहोरो लोला अबिर फाल्नेहरू घम्साघम्सी गर्छन्। केही उच्छृङ्खल जमात भने रंगको नाममा पानीमा मोबिल हालेर लोला हान्न तम्सन्छन्। रंग नखेल्नेहरूलाई समेत रंगपारखीहरूले निथ्रुक्कै पारिदिन्छन्।

अरूको चाहनाविपरीत जथाभावी रंग छ्याप्नु राम्रो होइन, सभागृहचोककी जुनु बस्याल भन्छिन्- 'होली मर्यादित तवरले खेलिनुपर्छ।' जुनुका अनुसार रमाइलो पर्वका रूपमा परिचित होलीमा यी र यस्तै गतिविधिले विकृतिसमेत निम्त्याएको छ। पर्वका रूपमा मात्र सीमित होली हिजोआज मनोरञ्जनको पर्व रूपमा विकसित हुन पुगेको छ। संस्कृति जोगाउन होली खेल्नेहरूको जमात भने अति नै न्यून छ। पर्यटकीय सहर पोखरामा फागु पर्व आउनुअगावै चहपहल सुरु हुन्छ। यहाँका क्यासेट पसलदेखि मनोरञ्जन स्थलहरूमा होलीका गीत गुन्जिन थालिसकेका छन्। सबैतिर शान्तिको अनुभव भएकाले होली धूमधामसँग मनाउन युवायुवतीहरू उत्साहित देखिन्छन्। त्यसो त होली आउनुअगावै युवायुवतीहरू जोस्सिइसकेका छन्। रमाइलो र रँगैरंगको पर्वमा नजोस्सिएर भो त, होलीको तयारीमा जुटीसकेका, तन्नेरी विराट भन्छन्- 'यसपालि त होलीको मज्जा अलि बेग्लै होलाजस्तो छ।'

रंग छ्याप-छ्यापको कुरा त छ नै, घर-घर डुलेर होली गीत गाउँदै खेल्नेहरू पनि उत्तिकै हुन्छन्। यसरी होली खेलेर उठेको रकम कतिपय समूहले सामाजिक कार्यमा लगाउँछन्, तर केहीले भने उक्त रकम खानपिनमै उडाउँछन्। जे भए पनि फागु भनेको रमाइलो पर्व हो। विशेष भारत हुँदै तराई क्षेत्रमा बढी प्रचलित र विशेष रूपमा मनाइने होली अहिले नेपालका सबै भूभागमा बस्ने नेपालीहरूले उत्तिकै रूपमा मनाउने गरेका छन्। युवायुवतीहरूले मनोरञ्जनलाई प्राथमिकता दिए पनि पाकाहरूले भने आपसी सद्भावका लागि शिष्ट तरिकाले होली खेलेको पाइन्छ।

पोखरामा रहेका थकालीहरू फागुपूर्णिमा धूमधामले मनाउँछन्। थकालीहरूका लागि फागुपर्व अर्थात् तोरन्ल सबैभन्दा ठूलो चाड हो। यस दिन पितृ पुज्नुका साथै छोरीचेलीलाई माइतीमा बोलाएर मीठो-मीठो खुवाउने प्रचलन पनि छ। थकालीयुवाहरू भने होली खेल्नुका साथै तारो पनि हान्न कस्सिन्छन्। पोखराका विभिन्न रमणीय स्थलमा घुमघाम गर्दै होली मनाउनेहरू यहाँ अधिक भेटिन्छन्। प्रेमी-प्रेमिका हुन् वा अरू साथीसंगी समूह बनाएर घुम्छन्। विगत चार वर्षयता पोखरामा होली पर्वले व्यापकता पाएको यहाँका संस्कृतिकर्मीहरू बताउँछन्। विदेशी पर्यटकहरूसमेत होलीको रमाइलोमा मदमस्त हुन पुग्छन्। कतिपय पर्यटक त होली खेल्नैका लागि भनेर यो मौसममा पोखरा आइपुग्छन्।

–शिव शर्मा

# उल्लासमय बुटवल-भैरहवाको होली




**बुटवल-** 'आफूलाई त चाडपर्वहरूमध्ये फागुपूर्णिमा अर्थात् होली नै सबैभन्दा मनपर्छ,' - भैरहवा बैंकरोडका युवा सञ्जय यादव भन्छन्- 'किनभने होलीमा जस्तो उन्मुक्त र स्वतन्त्र भएर रमाइलो गर्न अरू पर्वमा पाइँदैन।' होलीमा चिनेका साथीभाईसँग रंग खेलेर रमाउने कुरा त छँदै छ, नचिनेका युवतीहरूलाई पनि रंग लगाइदिन पाउनुको मज्जा र अनुभूति नै बेग्लै हुने यादव बताउँछन्। भैरहवाकै निशा गुरुङलाई पनि होलीमा रङ खेलेर साथीहरूसँग दिन बिताउन पाउँदा औधी रमाइलो लाग्छ। प्लस टु अध्ययनरत निशा भन्छिन्- 'हामी युवतीहरूका लागि होलीमा जस्तो स्वतन्त्रता र उन्मुक्ति अरू पर्वमा कहाँ पाइन्छ ?' विभिन्न रंगले रंगिएर अनुहारै नचिन्ने भएर होली खेल्न पाउँदा आनन्द लाग्ने निशा बताउँछिन्।

मधेसी समुदायको बाहुल्यता भएको सहर भैरहवालाई विगत वर्षहरूमा पनि होली लागे पनि यसपटकको होली अझ रमाइलो हुने भैरहवाकै युवा व्यवसायी अरुण अग्रवालको धारणा छ। विगतका वर्षहरूमा सशस्त्र द्वन्द्वका कारण मन खोलेर होली खेल्न नपाएको अनुभव सुनाउदै उनले अहिले देश स्थायी शान्तिको बाटोमा अग्रसर भएकाले यस पटकको होली उल्लासपूर्ण वातावरणमा मनाउने तयारीमा रहेको बताए। बुटवलका रूपक पौडेल होलीमा आफ्नी प्रेमिकासँग रंग खेलेर नौलो अनुभव बटुल्न चाहन्छन्।


पौडेल भन्छन्- 'अरू साथीसँग रंग खेलेर रिल्याक्स गर्नु त छँदैछ, आफ्नी प्रेमिकालाई पनि छुटाउदिनँ।' अरू युवाजस्तै बुटवलनजिकै सैनामैना क्याम्पमा रहेका माओवादी जनमुक्ति सेनाका लडाकु चट्टान शर्मा पनि यस पटकको होलीलाई रमाइलो गरी मनाउने तयारीमा छन्। जनयुद्ध सुरु भएदेखि आफू र आफ्ना साथीहरूले होली नमनाएको बताउँदै चट्टान भन्छन्- 'अहिले हाम्रो पार्टीको राजनैतिक विजय भएको छ, संविधानसभा चुनाव हुन लागेको छ, त्यसकारण हामीले विजयोत्सवका रूपमा शिविरमै हर्षोल्लासपूर्वक होली मनाउदै छौं।'


पहाड र मधेसको संगमस्थल बुटवल सहरलाई पनि होली उत्तिकै लाग्छ। पहाडी र मधेसी समुदाय बस्ने भएकाले बुटवलमा त होली दुई दिन मनाउने प्रचलन छ। सरकारी बिदा, पसल पनि बन्द हुने हुँदा होलीलाई निस्फिक्री भएर मनाउन पाइने बुटवलका बासिन्दाहरूको भनाइ छ। बुटवल क्याम्पसका प्राध्यापक बाबुराम ज्ञवालीका अनुसार होली पर्व भगवान श्रीकृष्ण र गोपिनीहरूको रासलीलासँग पनि गाँसिएकाले यो पर्व मनोवैज्ञानिक र अप्रत्यक्ष रूपमा यौनसँग जोडिएकाले विशेष गरी युवायुवती रमाइलो गरी मनाउन इच्छुक हुने बताउँछन्।


अरू समयमा अर्काका श्रीमती वा महिलाहरूलाई अंकमाल गर्नु, समाउनु नेपाली समाजमा बर्जित भए पनि होलीमा यसो गर्नुलाई अन्यथा नमानिने हुदा युवायुवती मात्र होइन, अधबैंसे पुरुष र महिलाहरूले पनि होली खेल्न मन पराउने ज्ञवालीको धारणा छ। भैरहवा र बुटवल मात्र होइन, यादव र थारुहरूको बाहुल्यता भएको रूपन्देहीको मर्चवार क्षेत्रमा पनि होली पर्व विभिन्न कार्यक्रमका साथ हर्षोल्लासपूर्वक मनाउने तयारी भैरहेको स्थानीय बासिन्दा एवं सञ्चारकर्मी शिवनन्दन जयसवालले बताए। जयसवाल भन्छन्- 'होली हाम्रो प्रमुख सांस्कृतिक पर्व हो, सकेसम्म रमाइलो गरी मनाउँछौं।'


–टोपराज शर्मा

## जन्मदिनको शुभकामना


आशिस्त कार्की
२०५९ चैत १२


विश्वप्रकाश केसी
२०५६ चैत ९


सुमिन केसी
२०५५ चैत ९


प्रतीक्षा ढकाल
२०६० चैत ११

कुपन

## जन्मदिनको शुभकामना

नाम :......................................................

जन्म मिति :..............................................

स्कुल :....................................................

ठेगाना : ..................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# जहाँ मधेस र पहाड एक हुन्छन्

**भोला महतो**

*होरी खेलाइतमे भौरी हेरागेल बटुवा लेगेल चोर छौरीकेसँग छौरा हेरागेल सबतर मचगेल शोर जोगिरा सरर.....*

यस्तै गीत रङ्ग अनि अबिरको पर्व हो- होली । यो पर्वको आफ्नै विशेषता छ । आपसी प्रेम साटासाट, भाइचारा र सद्भाव अभिवृद्धिसँगै रमाइलो गर्नु । तराईमा खुसीयाली र उलासपूर्वक मनाइने होलीको मज्जा नै बेग्लै हुन्छ । होलीका दिन विशेष परिकारहरू तयार गरिन्छ भने रंग र अबिर खेल्न सेतो रंगको कुर्ता-पाइजामाको व्यवस्था गरिएको हुन्छ । फागु पर्वको एउटा रोचक पक्ष के छ भने रङ्ग र अबिर लगाइदिएर जोसँग होली खेलिन्छ, उसलाई नरिवल, छोहरा, बदाम, सुकमेल, सुपारी आदि भेटी दिनुपर्छ । कतिपयले घरमै बोलाएर सेलरोटी, मालपुवा, मासु-च्युरा, दही, अचार, तरकारी आदि विभिन्न परिकार ख्वाएर पठाउने चलन पनि छ ।

मधेसमा मनाइने यस्तो शैलीको होली समाजको रूपान्तरणसँगै पहाडतर्फ पनि भव्यतापूर्वक मनाउन थालिएको छ । तराईको संस्कृतिको एक अभिन्न अङ्गका रूपमा रहेका छठ र फागुजस्ता पर्वहरू मनाउन के पहाडी, के मधेसी सबै समुदाय समावेश हुन थालेकाले सामाजिक सम्बन्धको सुदृढीकरण एवं सांस्कृतिक रूपान्तरणमा उल्लेखनीय योगदान पुगेको छ । यद्यपि पहाडी क्षेत्रमा एक दिनअघि होली खेल्ने चलन छ भने तराई-मधेसमा त्यसको भोलिपल्ट होली खेलिन्छ । यता काठमाडौंमा फागुन शुक्ल अष्टमीका दिन हनुमानढोका वसन्तपुर दरबारअगाडि चीर गाडेपछि फागु पर्वको सुरुवात हुन्छ । यसै दिनदेखि चीर पूजा गरेपछि एक-आपसमा अबिर, रङ्ग दलेर आठ दिनसम्म हर्षोलासपूर्वक फागु पर्व मनाइन्छ । तराईमा यो पर्वको सुरुवात श्रीपंचमीदेखि नै हुन्छ । फागु पर्वको उपलक्ष्यमा राज्यले पहाडी भेगमा चतुर्दशीको एक दिन र तराई भेगमा पूर्णिमाको दिन सार्वजनिक बिदासमेत दिने गरेको छ ।

तराई भेगमा चतुर्दशीको रात गाउँको उत्तरपूर्वको अन्तिम बिन्दुमा चीर गाड्ने र त्यसको भोलिपल्ट पूर्णिमाको दिन होली खेली त्यसै दिन साँझ चीर उखेल्ने (हरण गर्ने) र होलिकाको पुत्ला जलाउने (होलीका दहन गर्ने) चलन छ । होलीको दिन अथवा पूर्णिमाको भोलिपल्ट साहू-महाजनको ढोकामा होलियाहरूले डम्फु बजाएर होली गीत गाउने तथा ती होलैयाहरूलाई रङ्ग-अबिर लगाइदिएर खानेकुरा दिने चलन छ । यस दिन हरेक परिवारले अनिवार्य रूपमा माछामासु आदि परिकार तयार गरेर फागु पर्व धूमधामका साथ मनाउने चलन छ । यस दिन खानपिन गरेपछि आफ्नो उमेरका दौतरी केटाकेटीबीच एकले अर्कालाई गालामा अबिर लगाइदिने र लुगामा रंग छर्किदिने चलन त छँदैछ । यसका अतिरिक्त देवर-भाउजू र साली-भिनाजुबीच खेलिने फागु पनि रोचक हुन्छ । यद्यपि कसैकसैले यो दिनको छुट र अवसरलाई माध्यम बनाएर नचिनेका महिलालाई पनि जबर्जस्ती अबिर दल्छन्, मुखमा रंग कोचार्छन् र संस्कृतिकै बदनाम गराउन पुग्छन् ।

यता काठमाडौंमा पूर्णिमाको आठ दिनअघिदेखिनै बेलुन, प्लास्टिकको झोलामा पानी भरी केटी र महिलामाथि लोला हिर्काउने गलत चलन बस्न थालेको छ । यहाँसम्म कि भाँडा माझेको प्रदूषित, दुर्गन्धित पानीसमेत बाल्टीमा राखी छतमाथिबाट बाटो हिँड्ने बटुवाको टाउकोमाथि खन्याउने खालका अभद्र र अशोभनीय व्यवहार प्रदर्शन भएको पाइन्छ । होलीको दिन यहाँका सडकहरूमा केटाहरूले कपाल र अनुहारमा इनामेल पोती अनुहार र कपाल रातो, सेतो, सुनौलो पारी मुखमा मुखुण्डो लगाई डरलाग्दो रूप बनाएर हिँडेको तथा ठाउँठाउँमा असभ्यता प्रदर्शन गर्दै राम्रो संस्कृतिलाई पनि अपसंस्कृति एवं विकृतिका रूपमा दर्साउँदै हिँडेको देखिन्छ । अभद्र र अशोभनीय व्यवहार गरी आमनागरिकलाई दिक्क बनाउने र संस्कृतिप्रति नै अनास्था र वितृष्णा फैलाउने प्रयास बढ्दै गएको छ ।

यद्यपि कतिपय ठाउँमा भने राजीखुसीले रंग अबिर लगाइदिने, होली खेल्नुअघि परिचय आदान-प्रदान गर्ने, नमस्ते गर्ने र हात मिलाएर प्रेमवत व्यवहार गरी हिंडेका पनि देखिन्छ ।

काठमाडौं कालिकास्थान बस्ने अस्मिता चौधरी होलीको बहानामा महिलाहरूलाई तर्साउने र सताउने क्रम बढ्दै गएको गुनासो गर्छिन् । होलीका कारण राजधानीका महिलाहरू घरबाट सडकमा निस्कनसमेत गाह्रो हुन्छ । यस्तो चलन मधेसमा छैन - कुलेश्वरमा पसल गरी बसेकी सर्लाहीकी अनिता गुप्ता बताउँछिन् । शिवरात्रिको दोस्रो दिनदेखि नै स्कूले केटी तथा वयस्क महिलाहरूमाथि हुल्याहा र उच्छृंखल युवाहरूले पानी छ्याप्ने प्रवृत्तिले गर्दा आठ-दस दिनअघिदेखि नै स्कुल, कलेज बन्द हुने र महिलाहरूले अफिस, बजार जानसमेत बन्द गर्नुपर्ने हुन्छ, तर मधेसमा यस्तो हुँदैन, -उनी भन्छिन् ।

बानेश्वरमा व्यापार गर्दै आएका राजविराजका विन्देश्वर साह तराईमा झैं यहाँ पनि होली मनाउँछन् । उनी आफ्ना नजिकका साथीभाइ, छिमेकी र परिवारसँग होली मनाउँछन्, तर उनी आफ्नो घर र छिमेकीको परिसरभन्दा बाहिर जाँदैनन् । साह भन्छन्- बाहिर धेरै नै घिनलाग्दो व्यवहार हुन्छ । शालिन, शिष्ट र भद्र रूपमा होली खेल्नुपर्नेमा संस्कृतिलाई बदनाम गर्ने व्यवहार भएको उनको दुःखेसो छ । साहका अनुसार होलीको दिन म मेरो परिवारलाई ढोकाभन्दा पनि बाहिर जान दिन्नँ र आफू पनि जान्नँ । त्यस दिन घरमै परिवारका सदस्यहरूसँग होली खेल्छु, मीठो खान्छु र रमाइलो गर्छु ।

यसै सन्दर्भमा जनकपुर स्थायी घर भै नरदेवीमा व्यापार गर्दै आएका देवेन्द्र साह भन्छन्- कतिपयलाई अरुले रंग अबिर लगाइदिएको मन पर्दैन । त्यस्ता व्यक्तिलाई लौ लिनुस्, आफैं लगाउनुहोस् भन्न सकिन्छ र सौहार्दपूर्ण तवरले होली मनाउन सकिन्छ । जबर्जस्ती गर्नु, रक्सी खाएर जथाभावी बोल्नु मुर्खता हो । साहका अनुसार होली अनुपम र उपयोगी मात्र होइन अनुकरणीय पनि छ । हामी भ्यालेन्टाइन डेको अनुकरण गर्छौं, तर हाम्रो आफ्नै संस्कृतिको राम्रा पक्षको अनुकरण गर्दैनौं । यस दिन घरमै बोलाएर ख्वाउने, मानसम्मान गर्ने र भेटघाट गर्ने परम्पराले बिग्रिएको सम्बन्धमा त सुधार हुन्छ नै यस दिन खेलिने फागुले प्रेम सम्बन्ध बनाउन अथवा बिग्रिएको सम्बन्ध जोड्न पनि बल प्रदान गर्छ ।

यस दिन आफ्नै सेरोफेरोका मान्छे पनि विगतका वैरभाव, दुस्मनी र मनोमालिन्यलाई बिर्सेर रंग खेल्न हौसिन्छन् । रंग, छ्याप्ने र अबिर हाल्ने क्रममा अपरिचितहरूसँग भेटघाट हुन्छ, आँखा जुध्छ र यो भेटघाटले नयाँ सम्बन्ध स्थापना गर्छ । त्यसैले फागु पर्वलाई नयाँ सम्बन्धको स्थापना र बिग्रिएको सम्बन्ध सुल्झाउने, मेलमिलाप गराउने उत्सवका रूपमा पनि लिन सकिन्छ । होलीको रंग छ्यापाछ्याप उल्लासमय रंगीन भेटघाट मानिसको मानसपटमा अमिट र अविस्मरणीय सम्झनाका रूपमा अंकित हुन पुग्छ ।

यद्यपि राजधानीलगायत अन्य सहरका कतिपय युवाले होलीका यी राम्रा र अनुकरणीय पक्षलाई अवलम्बन गरेको पाइँदैन । होलीमा जे गर्न पनि छुट हुन्छ भन्ने भ्रम कतिपय युवाले पालेका छन् । उनीहरूले होलीलाई मोजमस्तीको एउटा यस्तो अवसर मानेका छन् जसमा शिष्टता, सभ्यता र सुसंस्कृतिको स्थान अलिकता पनि छैन । कतिपय युवाले उच्छृंखलताको सबै सीमा नाघेको पाइन्छ । होलीजस्तो सुसंस्कृत पर्वको मर्म बुझाउन संस्कृतिका हिमायतीहरूले जागरणको कुनै कार्यक्रम नगर्नु र प्रशासनले समेत विकृति नियन्त्रण गर्न कुनै कदम नचाल्नुले उच्छृखलता प्रदर्शन गर्नेहरूलाई बल मिलेको पाइन्छ । होली अल्लारे केटाहरूका लागि हुलदंगा गर्ने, केटी जिस्क्याउने, महिलाहरूमाथि फोहर पानी छ्याप्ने र वैरभाव उत्पन्न गर्ने पर्व जस्तो भएको छ । सहरका कतिपय युवाहरू होली खेल्दा दूषित पानी



बेलुनमा भरेर छ्याप्ने मात्र काम गर्दैनन्, घातक रसायन, तेलयुक्त रंग, इनामेल, दुर्गन्धित पदार्थ आदिको पनि प्रयोग गर्छन् । यी कुरा हेर्दा होली प्रेम, मित्रता, स्वच्छ मनोरञ्जन दिने र सम्बन्धलाई सुदृढ बनाउने मात्र नभै दुर्व्यवहार प्रदर्शन गर्ने र जबर्जस्ती गर्ने पर्व हो कि भन्ने गलत धारणा बन्न सक्छ । यस्ता युवाहरू यो पर्वलाई मादक पदार्थ, नशालु पदार्थको सेवन गर्ने र महिला तथा सडक यात्रुहरूमाथि जबर्जस्ती व्यवहार गर्ने छुटको सरकारी अनुमति नै सम्झन्छन् ।


होली आफैमा प्रेमको सन्देश दिने उमंग एवं उत्साहको मनोरञ्जक पर्व हो । त्यसैले होली खेल्दा शालिनताका साथ सभ्य भएर खेल्नुपर्छ । होलीलाई मीठा परिकारहरू खाने, इष्टमित्रहरूसँग भेटघाट गर्ने, साथीहरूबीच प्रेम र भाइचाराको भावना फैलाउने एवं अपरिचित मित्र तथा महिलाहरूसँग नयाँ सुसम्बन्ध विकसित गर्ने किसिमले खेल्नुपर्छ । होलीलाई केटी जिस्क्याउने, सताउने र तर्साउने पर्वका रूपमा लिनुहुँदैन । प्रशासनले पनि यस्तो विकृतिलाई नियन्त्रण गर्न कदम चाल्नुपर्ने कुलेश्वरकी अनिता गुप्ताको सुझाव छ ।

# विराटनगरका मारवाडी र मट्काफोड होली

**कमल रिमाल**

विराटनगर- देशको दोस्रो ठूलो सहर विराटनगरको होलीमा मारवाडी समुदायको 'होली रंगारंग' र मट्का फोड्ने कार्यक्रमले प्रमुखता पाउँछ । यहाँको होलीको मुख्य आकर्षण भनेकै मट्का फोड हो । रंगमा रमाउँदै मट्का फुटाउन टोल-टोलका युवाहरू भेला हुन्छन् । युवाहरूको जुन समूहले मट्का फुटाउँछ त्यो समूह पुरस्कृत हुने गरेको छ । होलीका दिन विराटनगरका हरेक चोक र गल्लीमा मट्का फुटाउने प्रतियोगिता हुन्छ ।

टोल-टोलमा सडकमाथि अग्लो ठाउँमा डोरीले बाँधेर झुन्ड्याइएको माटाको गाग्रोभित्र रंग भरेर राखिएको हुन्छ । त्यसलाई फुटाउन विभिन्न समूहले प्रयास गर्छन् । मान्छेको काँधमा एकमाथि अर्को गर्दै उभिएर मात्र मट्का फुटाउन सकिन्छ । मट्का फुटाउने समूहमाथि घरघरबाट रंग भरिएको बाल्टीले खन्याइन्छ । रंग छ्याप्ने गरिएकाले एकमाथि अर्को गर्दै चढेका युवाहरू लड्छन् । अधिकांश समूहले एक दुई पटक नलडी मट्का फुटाएको पाइँदैन ।



तीन स्टेप उभिएपछि भेट्ने ठाउँमा राखिएको हुनाले सबै मट्का फुटाउन सकिन्छ तर यसमा जोखिम पनि त्यत्तिकै छ । सडकमा एकमाथि अर्को, अर्को माथि अर्को चढ्दा लडेर कति त घाइतेसमेत हुने गरेका छन् । लडिन्छ भनेर पछि नहटी युवाहरू मट्का फुटाएरै छोड्छन् । मट्का फुटाउने समूहले ठूलो पुरस्कार नपाए पनि स्याबासी भने प्रशस्तै पाउने गरेका छन् । सानका लागि पनि मट्का फुटाउन युवाहरू ठाउँ-ठाउँमा पुग्छन् ।

रंगमा डुबेकाले नचिनिने भएर हिँडेका समूहले मट्का फुटाउँदै त्यसबापत जितिएको नगद पुरस्कार रमाइलोमा खर्च गर्छन् । विराटनगरमा मारवाडी युवाहरूले भने मट्का फोड्ने कार्यलाई खासै प्राथमिकता दिएको पाइँदैन । बजार पूर्ण रूपले बन्द हुने भएकाले सबै जना सडकमा निस्किएर रमाउँछन् । यो चाड हिन्दूहरूको मात्र भनिए पनि मुस्लिम तथा क्रिस्चियन धर्म मान्ने युवाहरू पनि रमाइलो गर्छन् । विराटनगरको होलीमा मुस्लिम युवाहरूको उल्लेख्य सहभागिता देखिन्छ । होलीमा भेष बदलिएर हिँड्नुका साथै सकेसम्म अरूले नचिन्ने भएर हिँड्नुको बेग्लै मज्जा हुन्छ ।

होलीलाई विभिन्न व्यक्तिले विभिन्न तरिकाले व्याख्या गरे पनि भाषाशास्त्री बालकृष्ण पोखेलको तर्क भने फरक छ । पोखेलका अनुसार, सुनको लडाइँबाट होली पर्वको सुरुवात भएको हो । पौराणिक कालमा पनि सुनको महत्त्व अहिलेकै जति थियो । सुन हुने सर्वशक्तिमान र सम्पन्न मानिन्थ्यो । उतिबेला कक्षप जातिसँग धेरै सुन थियो । कक्षप जातिसँग लडाइँ गरेर सत्स्य जातिले सुन आफ्नो वसमा पार्‍यो । मत्स्य जातिमाथि विजय हासिल गरेर माधव जातिले सुन आफ्नो पक्षमा ल्यायो । सुन पाउन गरिएको लडाइँमा विजयी भएपछि गरिएको हर्ष-बढाइँबाट होली पर्वको सुरुवात भएको भाषाशास्त्री पोखेलको तर्क छ ।

होली बेग्ला-बेग्लै ठाउँमा भिन्दाभिन्दै तरिकाले मनाइने बताउने स्नातकोत्तर क्याम्पस विराटनगरका संस्कृति विभागका प्रा. डा. गणेश क्षेत्रीको पनि होली पर्वका बारेका दुई किसिमको तर्क छ । प्रा.डा. क्षेत्रीको भनाइमा पौराणिक कुरा गर्ने हो भने हिरण्यकशयपले आफ्नी बहिनी होलिकाको काखमा छोरा प्रह्लादलाई राखेर जलाउन खोज्दा प्रह्लादको मृत्यु नभै होलिका मरेका दिनदेखि होली पर्व मनाउन थालीको हो, तर यो कुरामा भन्दा वसन्त ऋतुको आगमनमा मनाइने वसन्त पर्व नै होली हो भन्नेमा प्रा.डा. क्षेत्रीलाई बढी विश्वास छ । 'पौराणिक कुराको प्रमाण छैन तर मानवजातिले वसन्त ऋतुको आगमनमा मनाउने पर्व होली नै हो,' क्षेत्रीको भनाइ छ ।

भारतको सीमासँग जोडिएको विराटनगरमा होली पर्व हर्ष उल्लासका साथ मनाइन्छ । मारवाडी समुदायको ठूलो बसोबास भएकाले विराटनगरमा उनीहरूलाई एक साता अघिदेखि होलीको रौनकले छुने गरेको छ । विराटनगरमा बसोबास गर्ने मारवाडी, मधेसी र पहाडीहरूको होली फरक-फरक किसिमको छ । मारवाडी समुदायको होली भने अरूभन्दा बढी सभ्य किसिमको छ । खास गरी मारवाडीहरूले होलीलाई आफन्तसँग भेटघाट गर्ने र ठूलाको आर्शीवाद लिने पर्वका रूपमा मान्ने गरेका छन् ।

विराटनगरको अतिथि सदनमा मारवाडी समुदायका व्यक्तिहरू भेला भएर वर्षौं अघिदेखि होली पर्व मनाउँदै आएका छन् । मारवाडी युवा मञ्च, मारवाडी महिला मञ्च, मारवाडी सेवा समिति तथा अतिथि सदन परिवारको संयुक्त सक्रियतामा 'होली रंगारंग' कार्यक्रम गर्ने गरिएको मञ्चका अध्यक्ष अरुण राठीले बताए । दिनभरि आफन्त भेटघाट र आशीर्वाद लिँदै रंग लगाएर रमाइलो गरेपछि मारवाडी समुदायका व्यक्तिहरू साँझ अतिथि सदनमा भेला हुने गरेका छन् । त्यहाँ हास्यव्यङ्ग्य, गीत एवं नृत्यहरू प्रस्तुत गर्नुका साथै सानाले ठूलाको खुट्टा छोएर आशीर्वाद लिन्छन् ।

होली रंगारंगमा मान्यजनको उपस्थिति नभए घरघरमै गएर आशीर्वाद लिने गरिएको विजय राठीले बताए । हरेकका घरमा होलीका दिन मीठो परिकारहरू पकाएर राखिएको हुन्छ । शुभकामना आदान-प्रदान गर्न आउनेहरूलाई मीठा परिकार ख्वाएर मात्र पठाउने गरिएको छ । होली आउनु दस दिन अघिदेखि मारवाडी समुदायका युवाहरू हरेक दिन बेलुका एक ठाउँमा भेला भएर राति अबेरसम्म मारवाडी भाषाका होली गीत गाउने गरेका छन् । मारवाडी समुदायको मुख्य चाड होली पनि हो भन्ने युवा व्यवसायी अरविन्द अग्रवाल मारवाडी समुदायको होलीमा उच्छृङ्खलता नहुने बताउँछन् ।

होलीको दिन विराटनगरको सहिद मैदानमा होलीका दहन गरिन्छ । त्यहाँ मारवाडी समुदायकै बाहुल्यता हुन्छ । होलीका जलाउँदा एउटा नरिवल पनि हालीएको हुन्छ । आगो निभेपछि नरिवलको खोजी हुन्छ । नरिवल भेट्ने मान्छे भाग्यमानी कहलिन्छ । उक्त नरिवल गोल्छा हाउसमा पुर्‍याइन्छ र प्रसादका रूपमा सबैलाई बाँडिन्छ । होलीका दहनपछि मारवाडी युवाहरू टोलटोलमा राखिएको होली कार्यक्रममा सहभागी हुन भाङ मिसाइएको दूध र मिठाई खादै हिँड्छन् ।

# यसरी छुटाउनुहोस्, होलीको रंग



## होली खेल्नुस् तर

आजभोलि होलीमा विभिन्न रासायनिक रंगको प्रयोग बढी भएको पाइन्छ। पक्का रंग लगाउने होडमा मानिसहरूले इनामेल पेन्ट, बार्निस तेल तथा ग्रिजको समेत प्रयोग गर्न थालेका छन्। यदि होली खेल्नु छ भने यस्ता रंगरोगनबाट बच्न सकिन्छ। त्यसैले यस्ता चीजहरूबाट आफ्नो छाला कसरी बचाउन सकिन्छ ? जान्नु आवश्यक छ।छाला बढी संवेदनशील हुन्छ। कुनै पनि किसिमको रंग लगाउँदा छालामा जलन महसुस हुन्छ, जसले छालामा संक्रमण हुन्छ। यसको पहिलो लक्षण रंग लागेको ठाउँमा चिलाउन सक्छ, त्यसपछि छालामा हल्का सेतो धर्का देखिन थाल्छ। यस्तो स्थितिमा यदि घाममा निस्कने हो भने अझ बढी नोक्सान हुन्छ। होलीका रंग बालबालिका तथा महिलाहरूका लागि बढी हानिकारक हुन्छ, किनकि उनीहरूको छाला बढी संवेदनशील हुन्छ।

रंगमा सिन्दूर पनि मिसाइन्छ जसले ल्युकोमजस्ता रोग लाग्न सक्छ। बार्निस, इनामेल पेन्ट तथा ग्रिजको प्रयोग गर्ने व्यक्तिहरूले सबैभन्दा पहिले आफ्नै हातको छालामा हानि पुऱ्याउँछन्। त्यसबाहेक उनीहरू अन्य व्यक्तिको छालामा पनि हानि पुऱ्याइरहेका हुन्छन्। होली खेल्दा रंग मुखभित्र जान दिनुहुँदैन। यसले व्यक्तिको मृत्युसमेत हुनसक्छ। अनुहारमा रंग लगाउँदा आँखा बन्द गर्नुपर्छ नत्र आँखा खराब हुन सक्छ। होलीको रंग छुटाउन मट्टीतेल वा कपडा धुने साबुन प्रयोग गर्नु हुँदैन। बरु रंग लागेको छालालाई तुरुन्त सुख्खा कपडाले पुछ्नुपर्छ र सादा पानीले धुनु राम्रो हुन्छ। शरीरमा लागेको रंग छुटाउन तातोपानी प्रयोग गर्नुहुँदैन।

जाडो मौसम समाप्त हुनेबित्तिकै वसन्तको आगमन हुन्छ। रंगहरूको पर्व फागुपूर्णिमाले प्रकृतिलाई आफ्नो रंग र सौन्दर्यले झकमक्क पारिदिन्छ। यतिबेला रूखहरूमा नयाँ पालुवा लाग्छ। फागु खुसीको पर्व हो। फागुमा शत्रु पनि मित्र भई प्रेम र उल्लासको रंगमा डुब्छन्।

फागुको दिन सुख्खा तथा पानीमा घोलिएको रंग प्रयोग हुन्छ। यसले हाम्रो छालामा नकारात्मक प्रभाव पार्छ। केही सावधानी अपनाएर छाला र केशमा पर्न सक्ने दुष्प्रभावहरूबाट बच्न सकिन्छ। फागु खेल्नुअघि सनस्क्रिनमा मिश्रण गरिएको मोइस्चराइजर लगाउनु आवश्यक छ। चन्दन शक्तिशाली एन्टिसेप्टिक हो। यो सनस्क्रिन मात्र होइन छालाको रक्षक पनि हो। अत: यसको क्रिम निकै लाभदायक हुन्छ। फागुको रंगले छालाको नरमपन समाप्त पार्छ। मोइस्चराइजरले छालाको कडापन हटाई त्यसलाई नरम बनाउँछ।

फागुको उल्लासपूर्ण वातावरणपछि रंग छुटाउनु पनि एउटा समस्या नै हुन्छ। फागुको रंगले टाउकोमा जलन उत्पन्न हुन्छ। आजभोलिको रंग प्राकृतिक स्रोतबाट बनाइएको हुँदैन र यसमा विभिन्न प्रकारका हानिकारक रसायन प्रयोग गरिएको हुन्छ। अत: फागु खेलिसकेपछि आफ्नो अनुहारलाई साबुनपानीले सफा गर्नुहुँदैन, किनकि साबुन क्षरीय हुन्छ। यसको सट्टा क्लिजिङ क्रिम वा लोसन प्रयोग गर्नु राम्रो हुन्छ। यसलाई छालामा लगाएर भिजेको कपासले पुछ्नुपर्छ। हल्का हातले आँखा वरिपरि राम्रोसँग सफाइ गर्नुपर्छ।

यदि आफ्नो छाला शुष्क छ भने क्लिजिङ गरिसकेपछि लेमन टर्मरिक क्रिम (कागती र बेसारयुक्त क्रिम) प्रयोग गर्न सकिन्छ। तिलको तेल शरीरको खुला भाग- हात, गर्धन, खुट्टा तथा छालामा लगाएर हल्का मसाज गर्नुपर्छ। यसले छाला चिल्लो र नरम हुन्छ। नुहाइसकेपछि आफ्नो शरीर वा अनुहारमा मोइस्चराइजर लोसन लगाउने।

केशमा हल्का हर्बल स्याम्पु लगाउने र त्यसलाई पर्याप्त पानीले पखाल्ने, जसले गर्दा रंग तथा सिसाका कणहरू निस्किउन्। केश धोइसकेपछि कन्डिसनर प्रयोग गर्नुपर्छ। फागुको केही दिनपछि केशमा मेहन्दी लगाउने। प्राकृतिक कन्डिसनरले केशलाई सन्तुलनमा ल्याई त्यसको चमक एवं मजबुती बढाउँछ।

फागुमा बालबालिका, महिला, वृद्ध, युवा-युवती सबैको मन रमाइरहेको हुन्छ। फागुको दिन सबै जना आपसी शत्रुता बिर्सदै उल्लासका साथ रंगमा डुब्छन्। फागुको रंगमा डुबे पनि फागु खेल्दा केही कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ। फागु खेलिसकेपछि अथवा अनुहारमा रंग लागिसकेपछि त्यसलाई सफा गर्न एकदमै गाह्रो हुन्छ। गाढा तथा पक्का रंग सजिलै छुट्दैन। त्यसैले फागु खेल्नुभन्दा अघि नै सतर्क हुनुपर्छ।

- फागु खेल्नुपूर्व पूरा शरीर अथवा खुला छालामा तेल मालिस गर्नुपर्छ। तेल मालिस गर्दा वा कुनै चिल्लो पदार्थ लगाउँदा छालामा रंग बस्दैन।
- रंग लगाइसकेपछि त्यसलाई बीच-बीचमा स्वच्छ चिसो पानीले धुनुपर्छ। जसले गर्दा रंग हल्का हुन्छ र छुटाउन पनि सजिलो हुन्छ।
- रंग पर्दा केश रूखो हुन्छ, अत: त्यसबाट टाउकोमा टोपी अथवा रुमाल प्रयोग गर्न सकिन्छ।
- यदि रंग लागिसकेपछि छाला कडा भए एक चम्चा महमा केही थोपा कागतीको रस मिसाएर त्यसलाई राम्रोसँग घोली आफ्नो अनुहारमा हल्का लेप लगाउनुपर्छ। केही समयपछि पानीले अनुहार पखाल्नुपर्छ।
- अनुहारमा वार्निस वा पेन्ट लागेको छ भने नरिवलको तेलमा कपास भिजाएर बिस्तारै पुछेपछि ग्लिसरिनयुक्त साबुनले दुई-तीनपटक अनुहार पखाल्नुपर्छ। अनुहारको रंग सफा गर्न एक चम्चा बेसन, केही मात्रामा बेसार तथा एक चम्चा तेलमा दूध मिसाएर लेप लगाउने। यो लेप लगाएको केही समयपछि पानीले अनुहार धुने।
- सुख्खा रंग परे सबैभन्दा पहिले केशलाई राम्रोसँग झार्ने र स्याम्पुले टाउको धुने। त्यसपछि शरीरमा पानी हाल्ने।
- आँखामा रंग पर्न गए तत्काल चिसो पानीले आँखा पखाल्ने। तत्पश्चात् शुद्ध घिउ आँखामाथि लगाएर दस-पन्ध्र मिनेट आराम गर्दा आँखा ठीक हुन्छ।

# होलीमा प्रयोग हुने रंग र सावधानी

वसन्त ऋतुको प्रारम्भसँगै होलीको पनि चर्चा हुन थाल्छ। आपसी सम्बन्ध, प्रेम र मेलमिलापलाई विभिन्न रंगको माध्यमबाट रंगीन बनाउने यो चाडलाई हिन्दूहरूले पूर्ण उल्लासका साथ मनाउँछन्। होली आपसमा लोला, पिचकारी छ्यापेर तथा रंग दलेर खेलिन्छ। आपसी सम्बन्धलाई ऊर्जा प्रदान गर्ने रंगको पर्व होलीमा प्रयोग हुने रंग तथा अरू रासायनिक पदार्थले हाम्रो स्वास्थ्यमा भने नकारात्मक असर गर्छ। त्यसैले रंगको प्रयोगमा सावधानी अपनाउनुपर्छ भने रंगको असरबाट बच्न केही जानकारी लिनु पनि फाइदाजनक हुन्छ।

वरिष्ठ छाला विशेषज्ञ पद्मा लामाका अनुसार छालामा रंगको असर नराम्रोसँग गर्छ। रंगका कारण अनुहारमा धेरै प्रकारका एलर्जी हुनुका साथै खटिरा पनि आउँछन्। त्यसैले होली खेल्नुपूर्व खुल्ला अंगहरूमा लोसन, मस्चराइजर, नरिवलको तेल लगाउनुपर्छ जसले रंगको असर पर्न दिँदैन।

होलीमा प्रयोग हुने रंगमा केमिकल, ग्रिल्टर आदि मिसाइएको हुन्छ जसले छालालाई धेरै असर पुऱ्याउँछ। यी केमिकलहरूबाट छालालाई बचाउन पोलुसन प्रोटेक्सन क्रिम प्रयोग गर्नु उपयुक्त हुन्छ जसको प्रयोगले रंगबाट छालामा हुने असरलाई कम गर्न सकिन्छ।

छालामा लागेको रंग धेरै समयसम्म त्यसै राख्नाले विभिन्न प्रकारको एलर्जी हुने, छाला सुख्खा हुने, फोका आउने र फोकाबाट पानी र रगत पनि निस्कने अनेकौं समस्या उत्पन्न हुन सक्छन्। त्यसैले अनुहार र अन्य भागमा लागेको रंगलाई भरसक छिट्टै हटाउनुपर्छ। त्यसका लागि नरिवलको तेलमा कपास अथवा नरम कपडा भिजाएर रंग लागेको अंग विस्तारै पुछ्नुपर्छ। बेसार, बेसन र तोरीको तेल मिसाएर लेप तयार गर्ने र प्रभावित ठाउँमा लगाउँदा छालामा लागेको रंग हट्छ।

केही समय रंग खेलिसकेपछि चिसो पानीले तथा गुणस्तरीय साबुनको सहयोगले छालामा लागेको रंग हटाउनु उपयुक्त हुन्छ।

बेसन र तोरीको तेलको मिश्रणले पनि छालामा लागेको रंग हटाउन सकिन्छ। त्यस्तै कागती पानी र फिट्किरीको प्रयोगले पनि छालामा



लागेको रंग हटाउन सकिन्छ। छालाबाट रंग हटाउँदा केही जलन उत्पन्न हुनसक्छ। यस्तो जलन कम गर्न नरिवलको तेल अथवा नरिवलको पानी लाभदायक हुन्छ। नरिवलको पानीजस्तै गुलाबजल र ग्लिसरिनको मिश्रण लगाउँदा पनि जलन कम हुन्छ।

होलीको रंगले छालालाई मात्र नभएर केशलाई पनि असर गर्छ। केशलाई रंगको प्रभावबाट बचाउन होली खेल्नुअघि नै केशमा तेल लगाउनुपर्छ। होली खेलिसकेपछि केश राम्रोसँग कोर्ने र रंगलाई सुख्खा कपडाले पुछ्ने। यति गरिसकेपछि चिसो पानी र कन्डिसनरयुक्त स्याम्पुले नुहाउनुपर्छ। अमलाको रसले पनि केशमा लागेको रंग हटाउन सहयोग गर्छ। होली खेलिसकेपछि नुहाएर अनुहार तथा हातखुट्टा क्लिजिङ गरेर मस्चराइजरले राम्रोसँग मसाज गर्ने।

**–अरुणा भट्टराई**

# होलीमा आफैं तयार गरौं रंग



**रामचन्द्र अधिकारी**

'रंगको पर्व' भनेर चिनिने होलीमा प्रयोग गरिने रंग कति हानिकारक छन् भन्ने कुरा त्यसका प्रयोगकर्ताहरूलाई थाहा नहुन सक्छ। जानी-नजानी त्यस्तै खतरानाक रंगले होली खेल्नु स्वास्थ्यलाई खतरामा पार्नु हो। बजारमा पाइने उद्योग उत्पादित रंगहरूमा लिड, मर्करी, क्याडमियमजस्ता गऱ्हौं धातु मिसिएका हुन्छन्। यी तत्त्वले रक्तसञ्चार, स्नायु, प्रजनन र मूत्र प्रणालीलाई नराम्रोसँग प्रभावित तुल्याउँछन्। धुलो (पाउन्डर) का रूपमा पाइने रंगमा व्यापारीले असर पुऱ्याउने खालका अरू वस्तुहरू मिसाइदिन सक्छन्। अबिरमा बालुवा, इँटाको धूलो, रातोमाटो आदि सहजै मिसाउन सकिन्छ। बढी मुनाफा आर्जन गर्न यसो गर्न कोही पछि पर्दैनन्। यस प्रकारका खस्रा वस्तु मिसाइएको अबिर दल्दा छाला कोरिने, फुट्ने र चहऱ्याउने हुन्छ। धूलो रंग एक प्रकारले होली खेल्न राम्रो मानिँदैन, किनभने तिनले आँखा, मुख, नाक र कानमा परेर क्षति पुऱ्याउन सक्छन्।

मानिसलाई त्यही सजिलो लाग्छ- बजार गयो जस्तो पाइन्छ, त्यस्तै किनी ल्यायो अनि रंग छ्यापाछ्याप गऱ्यो। थोरै मात्र समय लिएर आफूलाई चाहिनेजति रंग आफैं तयार गर्न सकिन्छ। घरायसी सामग्री प्रयोग गरी बनाइएका यस्ता रंग हानिकारक हुनु त परै जाओस्, बरु औषधी नै मानिन्छ।

होली खेल्न पहेलो रंग बनाउनुपऱ्यो भने बेसारको धूलो, बेसन वा आँटामा मिसाउनुपर्छ। मिसाउनुअघि दुवै धूलोलाई बेस्सरी सुकाउनुपर्छ। आधा किलो बेसारले पाँच किलोसम्म पीठोलाई पहेंलो पारिदिन्छ। वैज्ञानिकहरूका अनुसार बेसार एन्टिवायोटिक हो। त्यसैगरी पलाँसको फूललाई आवश्यकताअनुसार पानीमा उमालेर पहेलो झोल रंग बनाउन सकिन्छ। पहेलो रंग बनाउन जे-जेका भए पनि पहेंला फूलहरू भेला पारी पानीमा उमाल्यो भने हुन्छ।

होलीमा सबैभन्दा धेरै चल्ने रंग रातो हो। यस्तो रंग तयार गर्न पनि त्यति अप्ठ्यारो छैन। दुई चम्चाजति रातो चन्दनको धूलो पाँच लिटर पानीमा पाँच मिनेट उमाल्ने। त्यसमा २० लिटर पानी हालेर प्रशस्तै रातो झोल बनाउन सकिन्छ।

रातो रंग बनाउने अर्को विधि पनि छ। त्यो हो- गुलाबलगायतका फूलका राता पत्रदललाई सुकाउने र पिसेर धूलो पार्ने। उक्त धुलोलाई आँटा, मैदा अथवा बेसनमा मिसाएर होलीमा प्रयोग गर्न सकिन्छ। त्यसैगरी खयर र पीपलको बोक्रालाई सुकाई धुलो पारेर चाल्नुपर्छ खयर र पीपलको बोक्रालाई पानीमा उमालेर रातो झोल तयार गर्न सकिन्छ तर यो रङ जीउमा लागेपछि हत्तपत्त जाँदैन।

घरमै रंग बनाउन सके पैसा र स्वास्थ्य दुवै जोगिन्छ भन्ने कुरालाई मध्यनजर गर्दै वनस्पतिविद्हरूले विभिन्न प्रकारका बोटबिरुवाबाट रंग उत्पादन गर्ने प्रयास गरेका थिए। वनस्पतिविद्हरूले हरियो रंग बनाउन यस्तो सल्लाह दिन्छन्- धनियाँ, पालक, पुदिना वा अन्य कुनै हरियो झोल निस्कने र खानयोग्य वनस्पतिलाई पिसेर वा पानीमा उमाल्नुपर्छ। झोल धेरै गाढा भए पानी थपेर उपयुक्त घनत्वको पार्न सकिन्छ। हावे वा कालिझारको पातलाई पनि पिसेर वा पकाएर हरियो रंगयुक्त झोल बनाउन सकिन्छ। यस्तो झोलले शरीरमा टाँसिएका हानिकारक कीटाणुहरूलाई समेत मारिदिएर स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ। रासायनिक अकार्बनिकभन्दा कार्बनिक पदार्थ नै रंग बनाउन उपयुक्त मानिन्छन्। जैविक रंगलाई होलीमा प्रयोग गरे कुनै प्रकारको नोक्सानी बेहोर्नुपर्दैन।

सुन्तलारंग तयार गर्नुपऱ्यो भने पानीमा पहेंलो देखिने गरी बेसार लगाउने र बेस्सरी उमाल्ने। त्यसैगरी केसरको पात पानीमा ढड्याएर पिसी पानीमा घोल्यो भने पनि सुन्तला रंग तयार हुन्छ। यस बाहेक कालो रंग बनाउन पनि सजिलो छ, तर कालो उति चल्तीको रंग होइन। कालो रंगका निम्ति गाजल पानीमा मिसाउनु नै मुख्य उपाय वा विधि हो।

# एनआरटी बूढासुब्बा च्याम्पियन



धरान- काठमाडौंको न्युरोड टिम (एनआरटी) धरानमा सम्पन्न दसौं अन्तर्राष्ट्रिय आमन्त्रण बूढासुब्बा गोल्डकप फुटबल च्याम्पियन बनेको छ। शनिबार धरान रंगाशालामा सम्पन्न फाइनलमा ललितपुरको एनआइबीएल फ्रेन्ड्स क्लबलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्दै एनआरटी बूढासुब्बा गोल्डकप च्याम्पियन बनेको हो।

पाँच महिनाअघि सिक्किममा गभर्नर्स गोल्डकप जिते पनि एनआरटीले १० वर्षपछि स्वदेशमा पहिलोपल्ट उपाधि चुमेको हो। एनआरटी यो वर्ष आफूले खेलेका पाँचमध्ये तीन प्रतियोगिताको फाइनलमा पुगेको थियो। एनआरटीका निम्ति फाइनलको पहिलो हाफमा चोटग्रस्त स्ट्राइकर नीराजन रायमाझी र दोस्रो हाफमा स्थापन्न मिडफिल्डर सुभाष राईले १-१ गोल गरेका थिए। स्वाभाविक खेल प्रदर्शन गर्न असफल भए पनि उपाधि जितेकोमा एनआरटी प्रशिक्षक राजुकाजी शाक्यले खुसी व्यक्त गरे। शाक्य भन्छन्- 'बलमा पकड भने फ्रेन्ड्सको थियो।'

विजेता ट्रफीसँगै एनआरटीलाई नगद १ लाख पुरस्कार प्रदान गरियो। चार वर्षअघि पनि फाइनलमा रोकिएको फ्रेन्ड्सले उपविजेता ट्रफी र ५० हजार रुपैयाँमै चित्त बुझायो।

प्रतियोगितामा ४ गोल गरेका एनआरटी स्ट्राइकर अनिल गुरुङले सर्वाधिक गोलकर्ताको १५ हजार र सर्वोत्कृष्ट खेलाडीको २५ हजार गरी कुल ४० हजार रुपैयाँ नगद पुरस्कार हात पारे। म्यान अफ द फाइनल फ्रेन्ड्सका मिडफिल्डर नीराजन खड्काले ५ हजार रुपैयाँ प्राप्त गरे।

फागुन २१ गते सम्पन्न धरान नीलो र झापा-११ बीचको उद्घाटन खेल गोल्डकपको सयौं म्याच थियो। सयौं म्याचमा झापाले बाजी मार्‍यो। सीधै बाई पाएर क्वार्टरफाइनल खेल्दै एनआरटीले झापालाई शून्यका विरुद्ध ४ गोल तथा सेमीफाइनलमा आश्चर्यजनक टिम एन्फा एकेडेमीलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्दै पाचौं सहभागितामा पहिलोपल्ट फाइनल पुगेको थियो। फ्रेन्ड्सले पहिलो चरणमा पोखराको सहारा क्लबलाई शून्यका विरुद्ध १, क्वाटरफाइनलमा ढाकाको नेपाल-बंगलादेश फ्रेन्डसिप टिमलाई अतिरिक्त समयमा १ का विरुद्ध २ र सेमिफाइनलमा भारतको बंगाल-नागपुर रेल्वे, कोलकातालाई शून्यका विरुद्ध २ गोलले हराउँदै फाइनलमा स्थान पक्का गरेको थियो।

अखिल नेपाल फुटबल संघ र नेपाल फुटबल क्लब संघको विवादले फुटबल गतिविधि शून्य रहेकाले धरान रंगाशालामा न्यून दर्शकको उपस्थिति थियो। नबिल थ्रीस्टारका ५ जना स्टार खेलाडी मैदान उतारेको तीनपल्टको उपविजेता आयोजक धरान फुटबल क्लबको सिनियर टिम निरन्तर दोस्रो वर्ष तथा समग्रमा तेस्रोपल्ट क्वार्टरफाइनलभन्दा माथि उक्लन सकेन। गोल्डकपमा धरानको यो सबैभन्दा खराब प्रदर्शन हो। धरान रंगाशालाको कडा मैदानमा १ दशमलव ८२ को औसतमा ११ म्याचमा जम्मा २० गोल मात्र सम्भव भयो। पहिलो चरणका ४ म्याचमा ४ गोल मात्र भयो। प्रतियोगितामा देखाइएको दुई रातो कार्ड दुई विदेशी टोलीका एक-एक खेलाडीले पाएका थिए।

नेपालका १० तथा भारत र बंगलादेशका १-१ टिम सहभागी गोल्डकपमा धरान नीलो, सम्राट् स्पोर्टिङ क्लब मोरङ, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र सहारा क्लब पहिलो चरणबाटै बाहिरिए। झापा-११, धरान रातो, सशस्त्र प्रहरी बल र बंगलादेशी टिम पनि क्वार्टरफाइनलमै रोकिए। उपाधिका दाबेदार मानिएको बलिया दुई टिम त्रिभुवन आर्मी र सशस्त्र प्रहरीलाई पराजित गरेर सनसनी मच्चाएको १७ वर्षमुनिका राष्ट्रिय खेलाडीहरूले भरिएको एन्फा एकेडेमी र बीएन रेल्वेले सेमीफाइनलमा घुँडा टेके।

## ५ प्रश्न



**मालेपाटन, पोखराका २१ वर्षीय अनिल गुरुङ नेपाली फुटबलका सबैभन्दा महँगा खेलाडी हुन्। चार वर्षअघि ब्रिग्रेड ब्वाइज क्लबबाट प्रति म्याच ५ सय रुपैयाँ पारिश्रमिक लिएका न्युरोड टिमका स्ट्राइकर अनिल आहिले वार्षिक ३ लाख १२ हजार रुपैयाँ तलब पाउँछन्। साहारा क्लबद्वारा उत्पादित गुरुङले सहिद स्मारक लिगमा ब्रिगेड ब्वाइज, नबिल थ्रीस्टार र मनाङ–मर्स्याङ्दी क्लबबाट खेल्दै कुल ४४ गोल गरिसकेका छन्। दसौं बूढासुब्बा गोल्डकपमा उनले सर्वाधिक गोलकर्ता र सर्वोत्कृष्ट खेलाडीको ४० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे।**

**मन पर्ने क्लब कुन हो ? किन ?**

(हाँस्दै)...आफैं खेल्ने भएकाले पहिले मनाङ-मर्स्याङ्दी, अहिले एनआरटी। विदेशी क्लबमा म्यानचेस्टर युनाइटेड। विश्वका नयाँ-नयाँ फुटबल स्टारहरू म्यानचेस्टर युनाइटेडबाटै निस्कन्छन्। म नेपालको राष्ट्रिय टिमपछि इल्यान्डको पनि फ्यान हुँ।

**कुन खेलाडी मनपर्छ ?**

नेपालका वसन्त थापा र वसन्त गौचन। विदेशीमा इल्यान्डका स्टाइकर वायनी रुनी। वसन्त थापाको फिनिसिङ एकदम राम्रो छ। स्ट्राइकरलाई चाहिेको स्थानमा बल फाल्न वसन्त गौचन माहिर छन्। ठूला जीउडालका रुनी कडा मेहनत गर्छन्।

**खेलजीवनको बिर्सन नसकिने क्षण ?**

पाँच महिनाअघि सिक्किममा गभनर्स गोल्डकप उपाधि जित्दा प्रशंसकहरूले घेरेर चेन्जिङ रुमबाट बाहिर निस्कन मुस्किल परेको थियो।

**गर्लफ्रेन्ड छ भन्ने सुनिन्छ। प्रेमप्रस्ताव कसले राखेको ? विवाह कहिले गर्ने ?**

छिन्, तीन वर्ष भयो। बेलायत बस्दै आएकी उनी पोखराकै गुरुङ् हुन्। काठमाडौंमा फुटबल खेल्दा मन पराइछन्। उनैले प्रेमप्रस्ताव राखिन्। एक वर्षपछि स्वीकार गरें। चार-पाँच वर्षपछि मात्र विवाह गर्ने हाम्रो योजना छ। आफ्नै खुट्टामा उभिएपछि मात्र विवाह गरौं भन्छिन्।

**कस्तो चलचित्र हेर्नुहुन्छ ?**

हिन्दी ट्र्याजेडी। धड्कन सबैभन्दा राम्रो लाग्यो। आमिर खान र महिमा चौधरीद्वारा अभिनीत सबै चलचित्र हेर्छु।

# सकियो सांगीतिक क्रिकेटको मज्जा



बुटवल- क्रिकेटमा पनि संगीत र नृत्यको व्यवस्था। सिद्धार्थ रङ्गशाला, भैरहवामा १५ दिनसम्म सञ्चालित इन्डो-नेपाल ट्वान्टी-२० क्रिकेट प्रतियोगितामा यस्तै भयो। नेपालमै नौलो प्रयोगको थालनी मानिएको यो प्रतियोगिता अवधिभर क्रिकेटप्रेमी दर्शकहरू खेलसँगै संगीत र नवयौवनाको नृत्यमा रमाउन पाए। प्रत्येक दिनको खेलमा हरेक चौका, छक्का अनि विकेट झर्दा आकर्षक संगीत बज्थ्यो र संगीतको तालमा युवा-युवतीहरू नाचिहाल्थे।

आकर्षक पहिरनमा सजिएका युवतीको नृत्यले आयोजकको टिकट बिक्री पनि ह्वात्तै बढाएको थियो। प्रतियोगिताका एक दर्शक रवि पन्त भन्दै थिए- 'औधी रमाइलो अनुभव भयो, संगीत र नृत्यकै कारण कुनै दिनको खेल हेर्न छुटाइनँ।' प्रथम सगरमाथा आरोही सर एडमन्ड हिलारीको स्मृतिमा प्रोफेसनल मास्टर्स ११ को आयोजनामा फागुन १८ देखि भैरहवामा नेपालका १२ र भारतका १२ टिमको सहभागिता थियो।

भारतकै गोरखपुर र बस्ती क्रिकेट क्लबलाई पछि पार्दै फाइनलमा उत्रिएको बनारसले सेमिफाइनलमा काठमाडौंको यति एयरलाई पन्छाउँदै उपाधिका लागि भिडेको थियो। फाइनलमा टस जितेर पहिलो ब्याटिङ गर्दै बनारसले निर्धारित २० ओभरको खेलमा १९ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर १ सय १६ रनको सामान्य स्कोर तयार पारेको थियो। प्रत्युत्तरमा लुम्बिनी खुकुरीले १९ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर १ सय ६ रन मात्र बनाउन सक्यो।

बनारसका लागि सुनिल उपाध्यायले सर्वाधिक २७ रन बनाए भने मृत्युञ्जय यादवले २४ र अभिनव बर्माले २३ रनको योगदान गरे। त्यस्तै विनोद यादव र दीपेन्द्र पाण्डेले ११-११ रन बनाए। राम्रो सुरुवात गर्न नसकेको खुकुरी क्लबले ३९ रन बनाउँदा ४ विकेट गुमाइसकेको थियो। नराम्रो स्थितिमा पाँचौं विकेटका लागि ब्याटिङमा उत्रिएका अन्तिम थापा र आकाश गुप्ताले राम्रो खेल्दै रन स्कोरलाई ८९ रनमा पुर्‍याएका थिए। दुवैले पाँचौं विकेटका लागि ५० रनको महत्त्वपूर्ण साझेदारी गरेका थिए। आकाश गुप्ता २१ रनमा बोल्ड आउट भएलगत्तै अन्तिम थापा २६ रनमा रनआउट भएपछि खेल बनारसको पक्षमा गएको थियो।

यी दुवै आउट भएपछि खुकुरीको बाँकी ६ विकेटले जम्मा १६ रन मात्र जोड्न सक्यो। लुम्बिनी खुकुरीका अन्य ब्याट्सम्यानहरू निश्चल चौधरीले ११ र राहुल कुमार विकले १० रन बनाए भने सुभाष प्रधानले ९ रन बनाए।

उता बलिङतर्फ बनारसका सुनिल उपाध्यायले ४ ओभरमा ९ रन खर्चेर ३ विकेट प्राप्त गरे भने शैलेन्द्र सेंगरले २ तथा अंशुल कपुर र विष्णु तिवारीले १-१ विकेट लिए। त्यस्तै लुम्बिनी खुकुरीका लागि शक्ति गौचन र राहुल कुमार विकले ४-४ विकेट लिए भने लालबहादुर अधिकारीले १ विकेट प्राप्त गरे। प्रतियोगितामा बेस्ट ब्याट्सम्यान बनारसरका मृत्युञ्जय यादव, बेस्ट बलर लुम्बिनी खुकुरीका राहुल विक, बेस्ट विकेटकिपर लुम्बिनी खुकुरीको सुभाष प्रधान, बेस्ट फिल्डर भारत देवरियाका मोहम्मद कैफ, फाइनलको म्यान अफ द म्याच विजेता टिमका सुनिल उपाध्याय भए भने म्यान अफ दि सिरिजको उपाधि आयोजक टिमका सुशान्त तुलाधरले प्राप्त गरे। विजेता र उपविजेता टिमले क्रमशः ५० हजार र २५ हजार नगद तथा शिल्ड प्राप्त गरे।

**–टोपराज शर्मा**

## पोखरामा पहिलो पटक अन्तर्राष्ट्रिय खेल

पोखरामा पहिलो पटक अन्तर्राष्ट्रिय फुटबल खेल हुने भएको छ। चैत १२ र १४ गते पाकिस्तानको राष्ट्रिय टोली र नेपालको राष्ट्रिय टोलीका बीचमा हुने सो मैत्रीपूर्ण खेलले पोखराका दर्शकको माझमा रमोञ्चकता थप्ने मात्र होइन, त्यहाँको वातावरण फुटबलमय हुने अनुमानसमेत गरिएको छ। राजधानी काठमाडौंलाई छाडेर पोखरामा फुटबल आयोजना हुनुमा नेपालको असहज फुटबल वातवरणलाई प्रमुख कारण मानिएको छ। एएफसी च्यालेन्ज कपको तयारीका लागि लामो समयदेखि बन्द प्रशिक्षणमा रहेको पाकिस्तानी टोलीसँगको मुकाबिला नेपालका लागि पक्कै पनि कठिन हुनेछ। अर्कातर्फ पुराना प्रशिक्षक श्याम थापाको अनुपस्थितिमा टिमको जिम्मेवारी हेर्ने युवा प्रशिक्षक उपेन्द्रमान सिंह र बालगापाल महर्जनका लागि पनि यो प्रतियोगिता आफूलाई उत्कृष्ट प्रमाणित गर्ने थप अवसरका रूपमा रहनेछ। बालगोपाल र उपेन्द्रका साथमा लामो समयपछि राष्ट्रिय टिमको जिम्मेवारी सम्हालेका भीम थापाको लागि पनि यो प्रतियोगिता ठूलो परीक्षणको समय हुनेछ। यो प्रतियोगिताबाट सन्दीप राई, नीराजन खड्का, नूरराज काफ्लेलगायत युवा खेलाडीले अन्तर्राष्ट्रिय फुटबल क्षेत्रमा नयाँ पाइला टेक्ने सम्भावना छ। यसका साथै राजेश शाही र नवीन न्यापौनेलगायत खेलाडीको अन्तर्राष्ट्रिय खेलजीवनको अन्त्य पनि यही प्रतियोगिताबाट हुने सक्ने सम्भावना छ।

**–मनोज घिमिरे**

# आर्चरीमा नेपालको सफलता





भारतको जमशेदपुरमा सम्पन्न दोस्रो दक्षिण एसियाली आर्चरी प्रतियोगितामा नेपालले पहिलो पटक स्वर्ण पदक जितेको छ। यो नेपालले आर्चरी खेलमार्फत कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा पाएको पहिलो स्वर्णपदक हो। नेपालका आर्चर प्रेमप्रसाद पुनले भारत र श्रीलंकाका खेलाडीहरूलाई रिकब बो ३० मिटरको प्रतिस्पर्धामा पराजित गरेर उक्त ऐतिहासिक सफलता हात पारेका हुन्। पुनको यो सफलताले नेपालको आर्चरीले अन्तर्राष्ट्रिय परिचय पाउनुका साथै नेपाललाई दक्षिण एसियाली क्षेत्रमा आर्चरी खेलमा चुनौती दिन सक्ने राष्ट्रका रूपमा पनि स्थापित गरेको छ।

नेपाली महिलाहरूले पनि आफ्नो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामै पदक जितेर आर्चरी खेलप्रति महिला खेलाडीहरूको ठूलो सम्भावना रहेको पुष्टि गरेका छन्। प्रतियोगितामा सहभागी सुजना गौचन, यशोदा राई र मनसा गुरुङले ब्याम्बो बोको टिम स्पर्धामा कांस्य पदक जितेका थिए।

पोखराकी सुजना गौचन भन्छिन्- आर्चरी हाम्रो प्राचीन युद्धकलाको परिष्कृत रूप हो र यो खेलमा हाम्रो सम्भावना बढी छ। हाम्रो सफलताले नयाँ पुस्ता यो खेलप्रति आकर्षित हुने सम्भावना छ, तर यशोदा राईको विचारमा नेपाली महिलाले छोटो प्रशिक्षणपश्चात् नै यस्तो सफलता पाउन सक्छन् भने व्यवस्थापकीय प्रशिक्षण उपलब्ध गराउने हो भने नेपालका महिला खेलाडीहरूले उल्लेखनीय सफलता पाउन सक्छन्।

दोस्रो दक्षिण एसियाली आर्चरी च्याम्पियनसिप प्रतियोगितामा नेपालका खेलाडीहरू १ स्वर्ण, ६ रजत र १८ कांस्य पदक जितेर पदकतालिकामा दोस्रो स्थानमा थिए। यो प्रतियोगितामा नेपालका तर्फबाट स्वर्ण पदक जित्ने प्रेमप्रसाद पुन भन्छन्- जनजातिको धार्मिक पर्वका रूपमा खेलिने धनुवाणको आधुनिक रूप आर्चरी भएका कारण यो खेलमा नेपालीहरूको पदकको सम्भावना बढी छ भन्ने कुरा यो प्रतियोगिताले देखाएको छ।

थाकखोलाबाट आएर पोखरामा शिक्षिकाको पेसा अँगालेकी सुजना भन्छिन्- हाम्रो जातिले विभिन्न मेलामा खेल्ने गरेका कारण यो खेलमा मलाई सानैदेखि रुचि थियो, तर मेलापातमा खेल्ने मौका पाएको थिइन्। पोखरामा थकाली समाजको घरमा रहेको तारोमा धेरै पछि सिकेको हुँ। पढाउन जानुभन्दा अघि तारो हान्थे, पछि केके गुरुङले सिकाउन थाल्नुभयो। एउटा शिक्षिका भएर खेल्दा यसले अरूलाई बढी प्रभाव पार्न सकिन्छ कि भन्ने मैले सोचें, किनकि यो खेलमा महिलाको सहभागिता ज्यादै न्यून छ।

पोखरामा पर्यटन पेसामा लागेकी यशोदालाई पनि प्रेमप्रसाद पुनले यो खेलमा ल्याएका हुन्। करिब ५ महिनाअघि प्रेमको रेखदेखमा प्रशिक्षणमा उत्रिएकी यशोदालाई यो सफलताले उत्साहित तुल्याएको छ।

म्याग्दीका ३४ वर्षीय प्रेमप्रसाद पुनले धनुवाणलाई बाल्यकालमै अँगालेका थिए। मेलापातमा अझ भनौं मगर समुदायको जातीय पर्वमा आयोजना हुने कार्यक्रममा तारो हान्न उनी औधी हौसिन्थे, तर उनले आर्चरी खेलका बारेमा भने काठमाडौंमा आएर मात्र सुनेका थिए। काठमाडौंमा बेलायत सेनाबाट फर्किएका दीपक गुरुङले आर्चरीको अभ्यास गराउँछन् भन्ने सुनेर आफू पनि यो खेल हेर्न गएको सम्झना अझै उनीसँग छ। पहिलो पटकमै दीपक गुरुले आर्चरी हान्न दिएपछि मलाई यो खेलप्रति लगाव बढ्यो। रहरैरहरमा खेल्न थालेको यो खेलको पोखरामा आयोजना भएको प्रतियोगितामा मलाई सिकाउने गुरु दीपकलाई नै पराजित गरेपछि भने यो खेलमा खेलाडीका रूपमा लाग्ने निर्णय गरें। त्यसपछि दुई पटक अभएको राष्ट्रिय प्रतियोगितामा पहिलो भएपछि झनै लगाव बढेको हो।

ओलम्पिक प्रतियोगिताको छनौट चरणमा जान चाहिने १२ सय अंक यही प्रतियोगितामार्फत पुनले हासिल गरे, तर बेइजिङ ओलम्पिकको आर्चरीको छनौट प्रतियोगिता सम्पन्न भैसकेका कारण पुनले त्यसमा सहभागिता गर्न भने पाएनन्।

# नेपालीले जिते विदेशीको मन



डब्लिन– आयरल्यान्डको राजधानी डब्लिनका मुख्य सडकहरूमा बिहान नौ बजेदेखि नै सवारी साधनको आवागमन बन्द गरिएको थियो । मध्याह्न १२ बजेदेखि प्रारम्भ हुने सेन्ट प्याट्रिक डे परेड हेर्नका लागि टाढा-टाढाबाट आएका दर्शकहरू दस बजेदेखि नै मुख्य सडकका दुवैतिर भेला भैसकेका थिए । पाँच लाखभन्दा बढी दर्शक सहभागि हुने अनुमानले महोत्सवमा भाग लिइरहेका १५ जना नेपाली बिहानैदेखि उत्साहित थिए ।

आयोजकले अनुमान गरेभन्दा बढी अर्थात् करिब ६ लाख ५० हजार दर्शकले अवलोकन गरेको डब्लिनको सेन्ट प्याटिक डे परेडमा पहिलो पटक आयरल्यान्डमै बसोबास गरिरहेका नेपालीहरूले अन्य विदेशी कलाकारझैं आफूलाई सडक महोत्सवमा उतारेका थिए । आयरल्यान्डकी राष्ट्रपति मेरी म्याकलिसको उपस्थितिमा भादगाउँले ढाका टोपीमार्फत डब्लिनका मुख्य सडकमा आकर्षक हाउभाउ प्रस्तुत गर्न पाउँदा नेपालीहरूले आफूलाई भाग्यमानी सम्झिएका थिए ।

गत शुक्रबारदेखि प्रारम्भ भएको सेन्ट प्याटिक महोत्सवको अन्तिम दिन गत सोमबारलाई आयरल्यान्डले राष्ट्रिय दिवसका रूपमा मनाउँछ । आयरल्यान्डबाट सर्प धपाउने श्रेय पाएका सेन्ट प्याट्रिकको सम्झनामा विश्वभरि नै परेड आयोजना गरिए पनि डब्लिनको महोत्सव भने सबैभन्दा बढी लोकप्रिय मानिन्छ । महोत्सवमा नेपालीहरूका साथै अमेरिका, डेनमार्क, पोल्यान्ड, इन्डोनेसिया, अफ्रिका, जर्मन, भारतलगायत थुप्रै देशका समूहहरू सहभागी थिए ।

महोत्सवमा सहभागी नेपाली समूहलाई सिटी फ्युजन समूहअन्तर्गत राखिएको थियो । सिटी फ्युजन आयरल्यान्डमा रंगमञ्चका कार्यक्रमहरू आयोजना गर्ने चर्चित संस्था हो । कलाकारिताको क्षेत्रमा ख्याति आर्जन गरेको सिटी फ्युजनमार्फत सोमबारको महोसवमा नेपाललगायत जर्मन, इन्डोनेसिया, फ्रान्स तथा डब्लिनकै केही समूह आबद्ध थिए ।

करिब चार किलोमिटर लामो दूरी पुरा गरेलगत्तै नेपाली कलाकारहरूसहितको सिटी फ्युजनले एउटा सुखद समाचार सुन्न पायो । महोत्सवमा सहभागी दुई दर्जनभन्दा बढी समूहमध्ये सिटी फ्युजनका कलाकारहरूको समूहले उत्कृष्ट प्रदर्शन गरेबापत सर्वोत्कृष्ट प्रस्तुतिको पुरस्कार पाएको रहेछ । यो समाचारले सहभागी नेपाली कलाकारहरू उत्साहित देखिए ।

विश्वकै सबैभन्दा ठूलो तथा रंगारंग महोत्सवका रूपमा चर्चित सेन्ट प्याट्रिक डे महोत्सवका अघिल्ला चार दिन खराब मौसमका कारण सहभागी मात्र होइन, आयोजक तथा दर्शकहरूसमेत निराश थिए, तर अन्तिम दिन मौसममा सुधार भएर चर्को घाम लागेपछि दर्शकहरूलाई मनोरञ्जन दिन तयार विश्वभरिबाट भेला भएका तीन हजारभन्दा बढी नृत्यांगना, संगीतकर्मी तथा कलाकारहरू उत्साहित देखिएका थिए ।

**–डब्लिनबाट कृष्ण भट्टराई**

# कलाकारले तताए महोत्सव

बुटवल- कपिलवस्तुको हथौसामा बिहीबारदेखि आयोजित 'कृषि, पर्यटन तथा संस्कृति प्रवर्द्धन मेला' को मुख्य आकर्षण सांस्कृतिक कार्यक्रम नै बन्यो । स्थानीय हेमराज मा.वि.को मैदानमा आयोजित मेलामा स्थानीय कृषिजन्य उत्पादन, हस्तकला तथा जिल्लाका पर्यटकीय स्थानहरूको फोटो प्रदर्शनीलगायत २ सयभन्दा बढी स्टल रहे पनि दर्शकहरू सांस्कृतिक कार्यक्रममै रमाएका थिए । मेला अवलोकन गर्न आउने दर्शकहरूलाई मनोरन्जन प्रदान गर्न आयोजक मगर युवा विद्यार्थी संघले चर्चित राष्ट्रिय कलाकारदेखि स्थानीय स्तरका एक दर्जनभन्दा बढी कलाकारलाई निम्त्याएका थिए ।

मेलामा राजु परियार, विष्णु खत्री, रमेश बिजी, कृष्ण देवकोटा, मञ्जु महत र रीता थापाले अहिले चलेका भाकामा लोकदोहोरी प्रस्तुत गरेर हजारौं दर्शकलाई नचाए । मेलाको सुरुमै आएका दीपकराज गिरी, दीपाश्री निरौला र जितु नेपालको राजनीति, नेता र समसामयिक विषयमा केन्द्रित व्यङ्ग्यले सहभागी दर्शकलाई हँसाउनुसम्म हँसाएको थियो । यस्तै हेमन्त शर्माले आधुनिक गीतमार्फत घरेलु दर्शकको माया बटुलेका थिए भने स्थानीय गायक लक्ष्मण खड्का, वैकुण्ठ महत, सीता ज्ञवाली, जमुना सनम आदिको दोहोरी र रोइला गीतले पनि दर्शकहरूलाई मनोरन्जन प्रदान गर्‍यो । मगर र थारु समुदायले पनि आआफ्ना मौलिक संस्कृति झल्कने गीत र नृत्य प्रस्तुत गरेको मेलामा बालउद्यान, पिङ, जादु, सर्कस आदि पनि राखिएको थियो ।

# धरानमा हिपहप गायकहरू



**साप्ताहिक समाचार**

धरान- किशोर-किशोरीहरूमा हिपहप गायक निर्णय श्रेष्ठ निकै लोकप्रिय छन् । निर्णय मात्र होइन, स्थानीयदेखि ख्यातिप्राप्त हिपहप गायकहरूले शुक्रबार धराने विद्यार्थीहरूलाई प्रवेशिका परीक्षाको मुखैमा भए पनि पर्याप्त मनोरञ्जन प्रदान गरे ।

गाउँले जीवन, म नेपाली, लेकदेखि बेसीसम्मलगायत आफ्ना आधा दर्जन चर्चित गीत गाउँदै निर्णयले पब्लिक हाईस्कुलको मैदानमा उपस्थित दर्शकहरूलाई तताएका थिए । उनलाई धराने गायिका प्राश्ना शाक्य तथा स्थानीय हिपहप गायक आदित्य श्रेष्ठले साथ दिएका थिए । प्राश्ना र आदित्यले पनि आ-आफ्ना तीन-तीनवटा गीत प्रस्तुत गर्दै थप मनोरञ्जन प्रदान गरे । हिपहप समूह स्याडजोनका राकेश श्रेष्ठ र भाइकृष्ण महर्जनले तिमी कति राम्री, आज तिमीलगायत ६ वटा लोकप्रिय गीत गाउँदै किशोर-किशोरीहरूलाई कम्मर मर्काउन बाध्य तुल्याए ।


हालै एकल एल्बम निकालेका स्थानीय गायक रमेश राई स्टेजमा पहिलोपल्ट उत्रँदै आफ्नै गीत धरानैको बजारैमा प्रस्तुत गरे । तिमी यसै लजायौलाई रिमिक्स गरेका स्थानीय गायक सपन श्रेष्ठ, विराटनगरका गायक सुमित खड्का तथा प्रबलदीप विश्वास, काठमाडौंकी माण्डवी त्रिपाठी र अभिष गुरुङको प्रस्तुतिले पनि धराने दर्शकहरूको वाहवाही पाएका थिए । करिब एक दर्जन गायक-गायिकाहरूको प्रस्तुतिमा लट्ठ धरानेहरूले घण्टौं बितेको पत्तै पाएनन् ।

ह्वाइटप्लस प्रोडक्सनद्वारा आयोजित 'निर्णय दा एनएसके टुर फर एजुकेसन एन्ड पिस' शीर्षक दिइएको कन्सर्टमा निर्णयले गीत मात्र गाएनन्, पुराना पुस्तक र लत्ताकपडा पनि संकलन गरे । किन ? 'द्वन्द्वपीडित, अनाथ र सडक बालबालिकाहरूलाई सहयोगस्वरूप उपलब्ध गराउन,' -निर्णयले भने । पुराना पुस्तक र लत्ताकपडा संकलनकै निम्ति उनले धरानसहित काठमाडौं, नुवाकोट र जलेश्वरमा गरी डेढ दर्जन कन्सर्ट भ्याइसकेका छन् । निर्णय अहिले सुनसरीका विभिन्न स्कुल चहार्दै छन् ।

# टिन कलेजका लागि टपटेन

गत शनिबार त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा विभिन्न कलेजका छात्रछात्राहरू आ-आफ्नो प्रतिभा र आत्मविश्वास परीक्षण गराउन व्यस्त देखिन्थे । हिजोआज आयोजना भैरहेको प्रतिभा र सुन्दरता मापनका प्रतियोगिताभन्दा केही फरक सोच अँगालेर आयोजना गर्न लागिएको मिस्टर एन्ड मिस टिन कलेज प्रतियोगिताको छनौट चरणअन्तर्गतको उक्त कार्यक्रममा प्ररम्भिक चरणबाट छानिएर ग्रुम भएका १० छात्र र १० छात्राबाट टपटेन सेलेक्सनको वातावरण थियो । स्वेच्छा अधिकारीको कोरियोग्राफी रहेको उक्त कार्यक्रममा सहभागीहरूले आत्मविश्वासपूर्वक आ-आफ्नो परिचय दिनुका अतिरिक्त उपस्थित निर्णायकको प्रश्नको सामना गर्दै बौद्धिक तीक्ष्णताको समेत परिचय दिएका थिए । रमाइलो वातावरणमा सहभागीहरूले आ-आफ्नो प्रतिभासमेत प्रदर्शन गरेका थिए । अन्ततः सहभागीहरूमध्ये छात्रातर्फ अमृता ताम्राकार, वीना न्यौपाने, मिरा बराल, सन्तोषी कार्की र सिलु मानन्धर तथा छात्रतर्फ विनोद ढकाल, कुशल कर्माचार्य, एम.डी. नसीम आलम, संजय श्रेष्ठ र सूर्यप्रकाश भट्ट गरी टपटेन फाइनलिस्ट छानिए । आयोजक संस्था युथ फर युथका सागरले साप्ताहिकलाई जानकारी दिएअनुसार अर्को समूहबाट पनि यसैगरी टपटेन छानिएपछि अन्ततः २० जना फाइनलिस्टलाई समेटेर अगामी जुलाई १९ मा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा अन्तिम प्रतिस्पर्धा सञ्चालन गरिनेछ र त्यसैबाट मिस्टर एन्ड मिस टिन कलेज २००८ को छनौट हुनेछ ।

# नाच्यो अष्ट्रेलिया



**साप्ताहिक समाचार**

काठमाडौं- डिजे राजु यो साता अष्ट्रेलियाका तीन सहरहरूमा आयोजित आफ्नो एकल डान्स पार्टीमा सहभागी भै राजधानी फर्किएका छन् । काठमाडौं आएको भोलिपल्टै भेटिएका राजु विगतका दिनहरूमा भन्दा निकै खुसी देखिए । कारण थियो, उनको त्यही अष्ट्रेलिया टुर । श्रीमती अरिनाका साथ उनी पन्ध्र दिनअघि अष्ट्रेलिया पुगेका थिए । ब्रिसबन सहरको अल्सा सिटीमा सबैभन्दा पहिले उनले दुई सयजना जति नेपाली माझ नेपाली डिजे मिक्स बजाएर उनीहरूलाई नचाए । बनाना राजाले आयोजना गरेको उक्त पार्टीपछि उनी पुगे मेलबर्न सहर । आधुनिकताको रंगमा रंगिएका गर्मीका पहिरन लगाएका दुई सय जति नेपाली युवा-युवतीहरूलाई उनले आफ्नो डिजेइङ्गको तालमा रातको नौ बजेदेखि बिहान चार बजेसम्म नचाइरहे । त्यसपछि सिडनीमा क्लब नेपालले आयोजना गरेको डान्सपार्टीमा ओइरिएका सात सयभन्दा बढी नेपाली विद्यार्थी तथा आप्रवासीहरूलाई आफ्नो नयाँ रिमिक्स 'मोहनी लाग्ला है' तथा सबैभन्दा चर्चित 'च्याङ्गबा होइ च्याङ्गबा' जस्ता नेपाली आर एनबी मिक्स गीतहरू घन्काएर रातभरी नचाइरहे । क्लबका सञ्चालक बारमा उपलब्ध सबै प्रकारका पेय बिक्री भएर रित्तिएकोमा छक्क परेको अनुभव राजु सुनाउँछन् । उनले साप्ताहिकसँग भने 'यो वर्ष म युरोप भ्रमण गर्दैछु ।'

# सडक उत्सवको रौनक

**साप्ताहिक समाचार**

धरान- अपराह्न बूढासुब्बा गोल्डकप फुटबलको आकर्षण अनि सूर्यास्तसँगै भानुचोकदेखि छाताचोकसम्म सडक उत्सवको रौनकले धरान तात्तिएको थियो । होटल एसोसिएसन अफ धरानद्वारा आयोजित तीनदिने सडक उत्सवमा साँझपख टिनएजर्सहरूको लस्कर नै लागेको थियो ।

बलियाहरूका निम्ति डोरी तान्ने प्रतियोगितादेखि मम खाने, पेप्सी पिउने आदि प्रतियोगिताले बर्सेनि आयोजना हुँदै आएको सडक उत्सकलाई थप आकर्षक बनाएको थियो । तामाङ, राई, लिम्बू, नेवार, गुरुङ, मगर, शेर्पा, सुनुवार, भुजेल आदिले आ-आफ्ना जातीय वेशभूषामा बाजागाजा बजाउँदै धूमधामका साथ नगरपरिक्रमा गरी सुरु भएको भएको सडक उत्सवको मनोरञ्जन लिन बूढासुब्बा गोल्डकप खेल्न आएका खेलाडीहरू पनि चुकेनन् ।



जनजातीय परिकार, पर्यटकीय प्रवर्द्धन, सजावट र उपभोग्य सामग्री, सूचना प्रविधि, विभिन्न खेल तथा जानकारीमूलक १ सय २८ वटा स्टलले व्यापारिक चहलपहल शून्य रहेको यो बेला धरानमा आर्थिक कारोबार बढाएको थियो । सेल-रोटीदेखि, आलुदम अनि लिम्बू जातिको याङमेनको स्वाद चाख्नेहरूको घुइँचो कम थिएन । उक्त अवसरमा गुराँस राजधानी तीनजुरे-मिल्के-जलजले र पहाडकी रानी इलाम चहार्ने समय र बाटोका सम्बन्धमा सोधखोज गर्नेहरू पनि धेरै निस्किए ।

दस वर्षअघि धरान महोत्सवसँगै सुरु भएको सडक उत्सवमा गर्मीका फेसन देख्न सकिन्थ्यो । टिनएजर्सहरू अरूभन्दा पृथक् बन्ने धुनमा नयाँ-नयाँ स्टाइल र फेसनमा आफूलाई चिनाउन प्रयासरत देखिन्थे । हस्तकला र सजावटका आकर्षक सामग्रीहरूले पनि धेरैको ध्यान खिचेको थियो । उत्सवमा विभिन्न जानकारीमूलक वृत्तचित्रहरू पनि प्रदर्शन गरिएको थियो ।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल** ।